Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक

Aarthik Dainik Pvt.Ltd.

◆ वर्ष १७ ◆ अङ्क ४९७४ ◆ २०८३ साउन ११ गते सोमबार ◆ ने.सं. ११४६ ◆ पृष्ठ ८ ◆ Monday, July 27, 2026 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com




# ईभी आयातमा कर छली रोकिएन

■ आर्थिक संवाददाता
काठमाडौं, साउन १०



नेपालमा विद्युतीय सवारीसाधन आयातमा देखिएको कर छलीको विषयलाई सामान्य प्रशासनिक कमजोरीका रूपमा नलिन महालेखापरीक्षकको कार्यालयले ध्यानाकर्षण गराए पनि सरकारले त्यसको बेवास्ता गरेको पाइएको छ । विद्युतीय सवारीसाधनको वास्तविक मोटर क्षमता परीक्षण नगरी आयातकर्ताले दिएको विवरणकै आधारमा भन्सार छुटाउने अवस्थाले अर्बौं रुपैयाँबराबरको राजस्व जोखिम हुने कार्यालयले औंल्याएको हो ।

सोही कारण पुनः परीक्षण गरेर मात्र कर असुल गर्न सरकारलाई कार्यालयको निर्देशनात्मक सुझाव छ । कार्यालयका अनुसार भन्सार विभागले नै आफ्नो लिखित जवाफमा नेपालमा आयात हुने विद्युतीय सवारीसाधनको मोटर क्षमता कुनै स्वतन्त्र परीक्षणबाट प्रमाणित नगरी आयातकर्ताले पेस गरेको विवरण र यातायात व्यवस्था विभागका कागजातको आधारमा मात्रै भन्सार जाँचपास हुने स्वीकार गरेको देखिन्छ । अर्थात्, राज्य आफैँसँग परीक्षण गर्ने क्षमता छैन तर कर निर्धारण भने आयातकर्ताले भनेकै आधारमा गरिँदै आएको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सरकारले विद्युतीय सवारीसाधनहरूमा भन्सार मूल्यका आधारमा गाडीको कर निर्धारण गर्ने नीति घोषणा गरेको छ । पहिलो नजरमा यो आकर्षक नीतिजस्तो देखिए पनि यसले अर्को गम्भीर जोखिम निम्त्याउन सक्छ । किनभने गाडीको मूल्य अन्तर्राष्ट्रिय बजार, छुट, प्रविधि परिवर्तन, ब्याट्री लागत, विनिमय दर वा कम्पनीको व्यापारिक रणनीतिका कारण जुनसुकै बेला परिवर्तन हुन सक्छ । तर मोटर क्षमता भने प्राविधिक विशेषता हो, जसकै आधारमा नेपालमा सवारी दर्ता हुन्छ । राज्यले सवारी दर्ता गर्दा मोटर क्षमता हेर्छ भने भन्सारले किन मूल्यलाई मात्र आधार बनाउने भन्ने प्रश्न अहिले उठ्न थालेको छ ।

नेपाल सरकारले आजसम्म विद्युतीय सवारीसाधनको वास्तविक मोटर क्षमता परीक्षण गर्न सक्ने एउटा पनि आधुनिक परीक्षण उपकरण खरिद गरेको छैन । करोडौं रुपैयाँको राजस्व उठाउने भन्सार प्रशासनसँग प्रविधि परीक्षण गर्ने आधारभूत पूर्वाधार नै छैन । यस्तो अवस्थामा कर निर्धारण सरकारी परीक्षणका आधारमा होइन, आयातकर्ताको घोषणामाथिको विश्वासमा आधारित हुन्छ । सार्वजनिक राजस्व व्यवस्थापनमा यस्तो प्रणालीलाई सुशासनको नमूना भन्न सकिँदैन ।

महालेखापरीक्षकले विभिन्न विद्युतीय सवारीसाधन मोडेलमा नेपालमा घोषणा गरिएको मोटर क्षमता र उत्पादक कम्पनीका प्राविधिक विवरणबीच अन्तर देखिएको भन्दै कर पुनः परीक्षण गर्न सुझाव दिएको थियो । प्रतिवेदनमा करिब तीन अर्ब ७७ करोड ४४ लाखबराबरको छुट महसुल तथा करसम्बन्धी विषयमा अनुसन्धान गरी असुल गर्नुपर्ने उल्लेख छ । संवैधानिक निकायले नै औंल्याएको विषयमा समेत प्रभावकारी अनुसन्धान नहुने हो भने नेपालको राजस्व प्रणाली सुरक्षित नरहेको मान्नुपर्ने हुन्छ ।

अर्थ मन्त्रालय, भन्सार विभाग र मन्त्रिपरिषद्ले मूल्यका आधारमा भन्सार निर्धारण गर्ने नीति ल्याउँदा एउटा आधारभूत संवैधानिक तथा प्रशासनिक पक्ष बुझ्न नसकेको आरोप पनि उठ्न थालेको छ । नेपालमा सवारीसाधनको दर्ता मोटर क्षमताका आधारमा हुन्छ । त्यसैले कर प्रणाली र दर्ता प्रणालीबीच समन्वय आवश्यक हुन्छ । यदि कर मूल्यमा आधारित र दर्ता क्षमता आधारित भयो भने भविष्यमा कर प्रशासन र नियमन दुवैमा विवाद सिर्जना हुन सक्ने जानकारहरूको भनाइ छ ।

विश्वभर विद्युतीय सवारीसाधन प्रविधि तीव्र गतिमा परिवर्तन भइरहेको छ । एउटै मोडेलको गाडी केही महिनामै नयाँ ब्याट्री, नयाँ मोटर वा फरक मूल्यमा बजारमा आउन सक्छ । यस्तो अवस्थामा मूल्यलाई मात्र आधार बनाएर कर निर्धारण गर्दा राज्यको राजस्व सुरक्षा कमजोर हुन सक्छ । यदि सरकारी निकायसँग परीक्षण गर्ने उपकरण छैन भने भन्सार अधिकृतले वास्तविक विवरण कसरी प्रमाणित गर्ने ? अन्ततः उनीहरू आयातकर्ताको घोषणा र कागजातमै निर्भर हुन बाध्य हुन्छन् ।

यही कारण धेरै पूर्वप्रशासक तथा राजस्व विज्ञहरूले नेपालले तुरुन्तै अन्तर्राष्ट्रिय स्तरको मोटर क्षमता परीक्षण प्रणाली स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउँदै आएका छन् । उत्पादक कम्पनीको वेबसाइट, अन्तर्राष्ट्रिय होमोलोगेसन डाटा र स्वतन्त्र प्राविधिक परीक्षणबीच अनिवार्य मिलान गर्ने व्यवस्था नगरेसम्म कर प्रशासन विश्वासको आधारमा चलिरहने अवस्था अन्त्य नहुने उनीहरूको धारणा छ । दस्तावेजमा पनि उत्पादक कम्पनीको आधिकारिक विवरणसँग तुलना गर्नुपर्ने आवश्यकता उल्लेख गरिएको छ ।

यदि भविष्यमा कुनै स्वतन्त्र छानबिन आयोग वा अनुसन्धान निकायले विगतका विद्युतीय सवारीसाधन आयातको प्राविधिक परीक्षण, भन्सार मूल्यांकन र कर निर्धारणको सम्पूर्ण प्रक्रिया पुनः परीक्षण गर्ने निर्णय गर्‍यो भने धेरै अधिकारी, निर्णयकर्ता र सम्बन्धित पक्षहरू गम्भीर कानुनी तथा प्रशासनिक प्रश्नको सामना गर्नुपर्ने अवस्था आउन सक्ने विश्लेषण हुन थालेको छ । यो विषय सामान्य

➢ बाँकी पृष्ठ २ मा

# विदेशी लगानीकर्तालाई करिब १८ अर्ब लाभांश

■ प्रविन राउत
काठमाडौं, साउन १०



सरकारले आर्थिक वर्ष २०८२/८३ मा विदेशी लगानीलाई १७ अर्ब ८५ करोड ४६ लाख लाभांश वितरण गरेको छ । जुन आर्थिक वर्ष २०८१/८२ को तुलनामा आठ अर्ब २३ करोड ७६ लाखले लाभांश वितरण बढी हो । आर्थिक वर्ष २०८१/८२ मा विदेशी लगानीलाई नौ अर्ब ६१ करोड ७० लाख लाभांश वितरण गरिएको थियो ।

आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा बढी माघ महिनामा र सबैभन्दा कम असारमा लाभांश वितरण गरिएको उद्योग विभागले जनाएको छ । माघमा पाँच अर्ब ९३ करोड २० लाख ५२ हजार र असारमा पाँच करोड १३ लाख २४ हजार लाभांश वितरण गरिएको हो । माघपछि क्रमशः पुसमा पाँच अर्ब ३० करोड ४५ लाख ६३ हजार, साउनमा दुई अर्ब ९० करोड ७७ लाख ८९ हजार, मंसिरमा दुई अर्ब १२ करोड २२ लाख २१ हजार लाभांश वितरण गरिएको हो ।

यसैगरी वैशाखमा ९७ करोड ३४ लाख ४४ हजार, चैतमा २८ करोड ४७ लाख २७ हजार, फागुनमा २६ करोड ५६ लाख २५ हजार र जेठमा ७९ लाख ८६ हजार लाभांश वितरण गरिएको हो । भदौ, असोज र कात्तिकमा भने लाभांश वितरण गरिएको छैन । सूचना अधिकारी सुरेश दाहालका अनुसार विदेशी लगानीकर्ताले नेपालको उद्योग तथा व्यवसायमा लगानीपछिको प्रतिफलस्वरूप लाभांश लैजाने गरेको बताए । नेपालमा ठूला लगानीभन्दा पनि साना र मझौला उद्योग तथा व्यवसायामा लगानी गर्ने परिपाटी रहेको हुँदा लाभांश पनि सोहीअनुरूप वितरण भएको देखिन्छ । जसले गर्दा लगानी प्रतिफलस्वरूप लाभांश वितरण कुनै महिना थोरै र कुनै महिना धेरै हुने गरेको उनले जानकारी दिए ।

सेवा, पर्यटन र सञ्चार प्रविधमा लगानी गरेबापत विदेशी लगानीकर्ताहरूले ठूलो लाभांश लैजाने गरेका छन् । यसका अलावामा कृषि तथा वन पैदावरमा आधारित, ऊर्जामूलक, सूचना, प्रसारण तथा सञ्चार प्रविधि र उत्पादनमूलक उद्योग तथा व्यवासाय सञ्चालन गरी मुनाफास्वरूप लाभांश वितरण गरिएको पाइन्छ । नेपाल उद्योग तथा व्यवसाय क्षेत्रमा लगानी गरेबापत विदेशीहरूले निरन्तर लाभांश लैजाने गरेको सूचना अधिकारी दाहालले जानकारी दिए ।

उनका अनुसार मासिकरूपमा लाखौं रकम लाभांशबापत लैजान गरेका छन् । विदेशीहरूले न्यून संख्यामा मात्र ठूलो उद्योगमा लगानी गरे पनि साना र मझौला उद्योगमा प्रशस्त लगानी रहेको कारण लाभांश लैजान गरेको विभागले जनाएको छ । उनीहरूले लगानी प्रस्ताव उद्योग विभागमार्फत गर्छन् भने लगानी भित्र्याउने तथा लाभांश लैजाने काम भने राष्ट्र बैंकमार्फत गर्छन् । विदेशी लगानीको हकमा लाभांश लैजान, लेखांकन गर्न भने राष्ट्र बैंकमार्फत गर्नुपर्ने हुन्छ त्यसैले गर्दा आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनियम दर (खरिद र बिक्री दरको औसत)लाई लिई उक्त रकम मूल्यांकन गरिएको राष्ट्र बैंकले जनाएको छ ।

विभागका अनुसार १५ वटाभन्दा बढी मुलुकका लगानीकर्ताहरूले उक्त लाभांश रकम लगेका हुन् । नेपालको उद्योग क्षेत्रमा लगानी गरी सबैभन्दा धेरै लाभांश लैजानेमा भारतीय उद्योगी तथा व्यवसायीहरू रहेका छन् भने त्यसपछि क्रमशः आइरल्याण्ड, अष्ट्रेलिया, बेलायत, पाकिस्तान, मौरिसस, सिगांपुर, बंगलादेशलगायतका उद्योगी तथा व्यवसायीहरू रहेका छन् । पछिल्लो १५ महिनामा मात्र नभई सोभन्दा अघि पनि निरन्तर लाभांश लगेको विभागका तथ्यांकमा देखिन्छ । गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालू आर्थिक वर्षको पाँच महिनाको अवधिमा लाभांश वितरण करिब छ गुणले बढी हो । आर्थिक वर्ष २०८०/८१ मा १० अर्ब ३५ करोड ८५ लाख रुपैयाँ र आर्थिक वर्ष २०७९/८० मा मात्र

➢ बाँकी पृष्ठ २ मा

## एपीएफ स्कुल रकम हिनामिना लेखा अधिकृत गुरुङ र व्यवसायी लामा १० दिन न्यायिक हिरासतमा

काठमाडौं, साउन १० । विशेष अदालतले सशस्त्र प्रहरी स्कुल कीर्तिपुरका लेखा अधिकृत कल्पना गुरुङ र एमडी एडभेञ्चर टुर्स एण्ड ट्राभल्सका सञ्चालक लीलाबहादुर लामा तामाङलाई १० दिन न्यायिक हिरासतमा राखेर अनुसन्धान गर्न आदेश दिएको छ ।

विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले आइतबार सो आदेश दिएको हो । सोही आदेशबमोजिम निजहरूलाई न्यायिक हिरासतमा राख्न पठाइएको विशेष अदालतले जनाएको छ । एपीएफ स्कूलको आर्थिक अपचलनसम्बन्धी

➢ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि

## सहकारी ठगी गरेको भन्दै अधिवक्ता आङ बाबु राईको लाइसेन्स खारेज गर्न माग

■ आर्थिक संवाददाता
काठमाडौं, साउन १०



लाजिम्पाटस्थित 'रुरल डेभलपमेन्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड'का पूर्वअध्यक्ष आङ बाबु राईविरुद्ध नेपाल बार काउन्सिलमा उजुरी दर्ता भएको छ । सहकारीको करोडौं रकम हिनामिना गरेको, संस्थाको जिन्सी सामग्री र सवारीसाधन बेपत्ता पारेको तथा प्रमाण लुकाउन आफ्नो कानुनी पेसाको दुरुपयोग गरेको आरोप लगाउँदै पीडित बचतकर्ताहरूले उनको अधिवक्ता प्रमाणपत्र (लाइसेन्स) खारेजीको माग गरेका हुन् ।

पीडितहरूका तर्फबाट इन्द्र कुमार राई र बिब बहादुर राईले बार काउन्सिलमा दिएको उजुरीअनुसार, अधिवक्ता राईमाथि करोडौं रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा मुद्दा (नम्बर ०८१-सीपी-१०४२) विचाराधीन छ । तत्कालीन अध्यक्ष राईले ठगी गरेको भन्दै सहकारीले सहकारी विभागमा दिएको उजुरीअनुसार संस्थाको २२ लाखबराबरको जिन्सी सामान र सवारीसाधनहरू रातारात बेपत्ता पारेको बताइएको छ ।

राईले बेपत्ता पारिएका सामग्रीहरूको सूचीमा आठवटा कम्प्युटर, एउटा ल्यापटप, पाँचवटा दराज, १२ वटा टेबल, १५ वटा कुर्सी, दुईवटा प्रिन्टर, पाँचवटा मोटरसाइकल, ग्यासचुलो, कार्पेट र किचनका भाडाकुँडा समेत रहेका छन् । विभागमा परेको उजुरीमा राईले सहकारीको महत्वपूर्ण दस्ताबेजहरू लेजर, सफ्टवेयर ब्याकअप, चेक बुक, पासबुक र सेयर लगत समेत उनले आफ्नो कानुनी च्याम्बरमा लुकाएर राखेको र प्रमाण नष्ट गर्न खोजेको आरोप लगाइएको छ ।

कानुन व्यवसायी समेत रहेका राईले कानुन व्यवसायीको आचारसंहिताविपरीत सहकारीको अध्यक्ष हुँदा गम्भीर आर्थिक अपराध र फौजदारी कार्यमा संलग्न भएको भन्दै पीडितहरूले कानुन व्यवसायी प्रमाणपत्र तत्काल निलम्बन गरी अनुशासनको कारबाही गर्न नेपाल बार काउन्सिल र नेपाल कानुन व्यवसायी परिषद्समक्ष माग गरेका छन् ।

'कानुनको रक्षक हुनुपर्ने व्यक्ति नै सहकारी ठगीजस्तो जघन्य अपराधमा संलग्न भई प्रमाण लुकाउन सक्रिय हुनुले सिंगो न्याय प्रणालीकै अपमान भएको छ', उजुरीमा भनिएको छ ।

सहकारीले यसअघि नै सहकारी विभाग र प्रहरी वृत्त लैनचौरमा समेत राईलाई पक्राउ

➢ बाँकी पृष्ठ २ मा

# रास्वपामा 'गोहीको आँसु झार्ने' र 'जिउँदा लासहरू'को बिगबिगी

■ केदार सुवेदी

देशमा ठूलो परिवर्तन ल्याउने भनेर घोषणा गरेको तथा सोअनुसार मत पनि पाएर एकलौटी रूपमा संसद् र सरकार चलाइरहेको रास्वपा र यसका नेता तथा सांसद करिब सय दिनको हाराहारीमा भिन्न परिचयधारीहरूका रूपमा आम नागरिकले चिन्न र चिनाउन थालेका देखियो ।

यिनका सांसद र सरकारले संसद्मा प्रकट गरिहेका बोली वचन र सरकारले गरेका कामकुरा तथा नागरिकप्रति हदैसम्मको हेपाइपूर्ण व्यवहारले कि यी 'जिउँदा लास' हुन् कि 'गोहीका आँसु' झार्नेहरू भनेर कम्तीमा सामाजिक सञ्जाल भरिभराउ हुन थाल्नु भनेको सामान्य कुरा नहोला ।

यो दलकै सरकार, अझ भन्ने हो भने यसका वरिष्ठ नेताको विशेष पहलमा सेनालाई परिचालन गरेर सुकुमबासीका बस्तीमा डोजर चलाइयो । तिनले आफ्ना भोगचलनका सामानसमेत निकाल्न पाएनन् । हुँदै जाँदा डोजर चलाइएको ७०औं दिनमा तिनलाई राखिएको होल्डिङ सेन्टरबाट बलपूर्वक निकालेर बसमा हाल्दै खाली सडकमा छाड्ने काम भयो ।

सरकारको यो काम कति क्रूरतायुक्त थियो भने प्रधानमन्त्री बालेन शाह नेता रहेको रास्वपा संसदीय दलकी सचेतक क्रान्तिशिखा धितालले सुकुमबासीको व्यवस्थापनबारे सामाजिक सञ्जालमा टिप्पणी गरिन् । तर उनले यो घटनाको न संसद् र न आफ्नो दलको आधिकारिक निकाय कतै पनि एक शब्द बोलेको कसैलाई जानकारी छैन । एकोहोरो प्रतिक्रिया दिने ठाउँ सञ्जालमा सचेतक धितालले लेखेकी छन्-

'आज सडकमा बगिरहेका सुकुमबासीका आँसुले हामी सबैलाई पोल्नुपर्छ । सुकुमबासीहरूको व्यवस्थापन अत्यन्तै आवश्यक थियो । तर, के यो हाम्रो वाचापत्रअनुसार भयो ? के अभिभावकीय राज्य यस्तै हुन्छ ? जुन संवेदनशीलता, योजना र जिम्मेवारीका साथ यो कार्य अघि बढाइनुपर्थ्यो, तर त्यसरी भएन । यसले राज्यको कमजोरी र असक्षमतालाई मात्र उजागर गर्‍यो ।'

उनको यो चिन्तालाई आम रूपमा नै पत्याइएन । विभिन्न तहका व्यक्तिहरूले रास्वपाका नेताहरूका खासगरी सुकुमबासी उठिबास लगाएका जस्ता विषयमा यस्ता अभिव्यक्तिलाई धेरैले 'गोहीका आसुँ' भनेर संज्ञा दिए । यस्तो परिचय विनाकारणको भने थिएन । सामाजिक सञ्जालमै

**टिप्पणी**

गरिएका आलोचनाहरूमा धिताल आबद्ध दल सरकारमै सहभागी भएकाले यस्ता विषय फेसबुकमा मात्र उठाउनु राजनीतिक जिम्मेवारीबाट पन्छिने उद्देश्य मात्रै हो भन्ने रूपमा उल्लेख भएको पाइयो । त्यसमा आफ्नो पार्टी सरकारमै छ । त्यो सरकारको एउटा अङ्ग दलको सचेतक आफैं छन् तर न यो दलका जनप्रतिनिधिहरूले यी विषयलाई न त संसद्मा न पार्टी बैठकमै उठाएका देखियो भन्ने नै रह्यो । एक पत्रकार अनिल गिरीले आफ्नो सञ्जालमा लेखेका छन्-

'यो गोहीको आँसुबाहेक केही होइन । उनको पार्टी सरकारमै छ, र देशको प्रमुख राजनीतिक शक्तिमध्ये एक रहेको छ । तर, जनप्रतिनिधिहरूले यी विषयलाई न त संसद्मा प्रभावकारी रूपमा उठाएका छन्, न पार्टी बैठकमै गम्भीर छलफलको विषय बनाएका छन् । प्रधानमन्त्री वा आफ्नै पार्टी नेतृत्वसमक्ष पनि यसबारे ठोस रूपमा कुरा गरेको देखिन्न । बरु, जनतासामु आक्रोश देखाउन सामाजिक सञ्जाललाई माध्यम बनाइएको हुनुपर्छ । यी विषय संसद्मा, सरकारभित्र वा आफ्नै पार्टीभित्र उठाउन कसले रोकेको छ ? निर्णय गर्ने ठाउँमा मौन बस्ने, तर सामाजिक सञ्जालमा मात्रै आक्रोश पोख्ने प्रवृत्तिले राजनीतिक उत्तरदायित्वमाथि गम्भीर प्रश्न खडा गर्छ ।'

अर्का व्यक्ति उपेन सिंहले त यी 'जिउँदा लासहरू'का बारे प्रतिक्रिया दिनु पनि प्रतिक्रियाकै अपमान हुनेछ भन्नेसम्मको

➢ बाँकी पृष्ठ २ मा

## लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/११

यस सा व उ स वाट संकलित खयर काठ २५३.२३ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**वाराहीअ'ग्खा सा. वन उपभोक्ता समूह, शुक्लागण्डकी ९, तनहूँ ।**



## माता नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**बूढानिलकण्ठ नगरपालिका वडा नं.१२, कपन**

## साधारण सभा सम्वन्धि सूचना

यस संस्थाको २० औं साधारण सभा निम्न बमोजिम हुने हुँदा सम्पुर्ण सेयर सदस्य महानुभावहरू लाई पत्र पठाईसकेको र पत्र प्राप्त नहुने सेयर सदस्य महानुभावहरूलाई यसै सूचना मार्फत निम्न मिति, समय र स्थानमा हुन गइरहेको साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा पेश गरिने प्रस्तावहरू:**

१. आ.व.२०८२|०८३ को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
२. आ.व.२०८२|०८३ को अध्यक्षको प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०८२|०८३ को लेखा तथा सुपर्यविक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
४. आ.व.२०८३|०८४ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने सम्वन्धमा ।
५. आ.व.२०८३|०८४ को लेखा परिक्षण गर्न लेखापरिक्षक तोक्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
६. सेयर बोनस १२ प्रतिशत वितरण गर्ने सम्वन्धमा ।
७. सञ्चालक समिति र लेखा तथा सुपर्यविक्षण समितिको निर्वाचन गर्ने सम्वन्धमा ।
८. अघिल्लो दिन सम्मको सञ्चालक समिति, लेखा तथा सुपर्यविक्षण समिति र ऋण उप समितिको निर्णयहरू अनुमोदन गर्ने सम्वन्धमा ।
९. निर्णय प्रमाणीत गर्न प्रतिनिधीहरू चयन गर्ने सम्वन्धमा ।
१०.विविध ।

**कार्यक्रम**
मिति : २०८३ श्रावण ३० गते शनिवार
स्थान : क्लव मण्डला प्रा.लि., का.म.न.पा.६, रामनगर
समय : बिहान ११ : ०० बजे

**नोटः नेपाल सरकारद्धारा जारी गरिएको परिचय खुल्ने कागजात लिएर आउनुहोला ।**



## मोल्निया पावर लिमिटेडको

**जगेडा शेयर शेयरधनीहरूलाई बिक्रि गर्ने तथा शेयर दाखिल खारेज बन्द (Book Close) हुने सम्बन्धी**

## अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/११ गते)**

यस मोल्निया पावर लिमिटेड (कम्पनी दर्ता नं. ११७४/०६६/०६७) को साधारण सभाबाट पूँजी बृद्धि गरि जगेडामा रहेको शेयर मध्ये ४५,४८,००० कित्ता (कायम रहेको १ कित्ता शेयर बराबर ४ कित्ता सेयर) शेयर मिति २०८३/०४/०९ गतेको संचालक समितिबाट प्रति कित्ता शेयर रु. १०० का दरले शेयर बिक्रि गर्ने निर्णय भए बमोजिम संस्थापक शेयरधनीहरुको नाममा हाल कायम रहेको १ कित्ता शेयरको ४ कित्ता सेयर सम्म शेयर खरिद गर्न हुन इच्छुक संस्थापक शेयरधनी महानुभाहरुको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**शेयर खरिद गरिलिने सम्बन्धी जानकारी**

१. **शेयर दाखिल खारेज बन्द (Book Close) हुने मितिः वि.सं. २०८३/०४/१५**
उपरोक्त मिति भन्दा अगावै संचालक समितिमा कागजात प्राप्त भइ शेयर खरिद बिकि गर्न संचालक समितिबाट स्वीकृतीको निर्णय भएका शेयरधनीहरुले मात्र शेयर खरिद गर्न योग्य हुनेछन् ।
२. **शेयर खरिदको लागि आवेदन दिन शुरु हुने मिति : वि.सं. २०८३/०४/१८**
३. **शेयर खरिदको लागि आवेदन दिने अन्तिम मिति : वि.सं. २०८३/०५/१६**
४. **जगेडा शेयर खरिद प्रकृया :**
क) कायम भएका शेयरधनीहरुले आफुसँग भएको १ कित्ता शेयरको बढिमा ४ कित्ता सेयर मात्र खरिद गर्न आवेदन दिनु पर्नेछ ।
ख) शेयर खरिदको आवेदन दिंदा उक्त आवेदनको साथमा KYC (Know Your Customer) फारम, शेयर वापतको रकम बैंक दाखिला गरेको भौचर, नागरिकताको प्रतिलिपी, राष्ट्रिय परिचय पत्रको प्रतिलिपी समेत संलग्न गरि कम्पनीमा दर्ता गरेको हुनुपर्नेछ ।
ग) पूर्ण रुपले आवेदन फारम नभरेका, आधा अधुरो कागजात संलग्न भएको शेयरको आवेदन कम्पनीले दर्ता स्वीकार गर्ने छैन । शेयर आवेदन फारम दर्ता नभएको अवस्थामा जगेडा शेयर खरिद बिक्रिमा समावेश गरिने छैन ।
घ) शेयर खरिदका लागि आवेदन फारम यस कम्पनीको भातृ संस्थाको वेब साईट **https://sopanmultiple.com** बाट र कम्पनीको का.जि.का.म.न.पा. वडा नं. ३२, तिनकुने, काठमाण्डौ स्थित कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
ङ) खरिद गरि लिने शेयर बापतको रकम यस कम्पनीको माछापुच्छ्रे बैंकमा रहेको खाता नं. ०३९०९९४४६५७०००१३ मा जम्मा गर्नु पर्नेछ । कम्पनीका अन्य खाताहरुमा जम्मा गरेको बैंक भौचर स्वीकार गरिने छैन ।

**मोल्निया पावर लिमिटेड**
का.जि.का.म.न.पा. वडा नं. ३२, तिनकुने, काठमाण्डौ ।
फोन नं. : ९८४१३१८४८२, ९७१२०३७२८२



नेपाल सरकार

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

**सुदूरपश्चिम प्रदेश, दार्चुला जिल्ला, मार्मा गाउँपालिकामा प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदनमा राय/सुझावका लागि सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०४/११ गते सोमबार

श्री दार्चुला पावर लिमिटेड, काठमाडौंद्वारा दार्चुला जिल्लाको मार्मा गाउँपालिकाका वडा नं. २, ३, ४, ५ र ६ भएर बग्ने चमेलिया नदीमा प्रस्तावित **मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.)** को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन स्वीकृतिका लागि श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत सिफारिस भई यस मन्त्रालयमा प्राप्त भएको छ ।

उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन मिति २०८०/०५/०७ मा स्वीकृत भएकोमा हाल आयोजनाका मुख्य संरचनाहरू नदीको दायाँ किनारबाट बायाँ किनारमा स्थानान्तरण गर्नुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ बमोजिम यो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन तयार गरिएको हो । प्रस्तावित आयोजना अन्तर्गत मार्मा गाउँपालिका वडा नं. २ स्थित चमेलिया नदीको बायाँ किनार, लाम्बगर नजिक बाँध निर्माण गरी चमेलिया नदीको २५.१७ घनमिटर प्रति सेकेन्ड पानी ७,३२० मिटर लामो हेडरेस पाइप तथा ४३५ मिटर लामो पेनस्टक पाइपमार्फत मार्मा गाउँपालिका वडा नं. ३ स्थित नलबगरमा प्रस्तावित सतही विद्युतगृहमा पुऱ्याई विद्युत उत्पादन गरिनेछ । उत्पादित पानी ११० मिटर लामो टेलरेस क्यानलमार्फत पुनः चमेलिया नदीमा प्रवाह गरिनेछ । यस आयोजनाको बाँध, इन्टेक, सेटलिङ बेसिन तथा हेडरेस पाइपको केही भाग मार्मा गाउँपालिका वडा नं. २ मा पर्नेछ भने बाँकी हेडरेस पाइप, सर्ज ट्याङ्क, पेनस्टक पाइप, विद्युतगृह तथा टेलरेस संरचना वडा नं. ३ मा प्रस्ताव गरिएको छ । मार्मा गाउँपालिकाका वडा नं. ४, ५ र ६ आयोजनाको मुख्य संरचनाहरू पर्ने वडाहरूसँग जोडिएका क्षेत्रभित्र पर्दछन् । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११(३) बमोजिम यस प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन अध्ययन गर्न वा उतार गर्न सक्ने व्यवस्था मिलाइएको हुँदा प्रतिवेदन देहायका स्थानहरू तथा मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्राप्त हुने उपयुक्त राय सुझावहरू प्रस्तावको स्वीकृति सम्बन्धी निर्णय प्रक्रियामा आवश्यकतानुसार विचार गरिनेछ । यस प्रतिवेदनका सम्बन्धमा कुनै राय वा सुझाव भए यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात (७) दिनभित्र देहायको ठेगानामा लिखित रूपमा पठाइदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू**

- श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
- श्री नेपाल आदिवासी जनजाति महासंघ, सिनामंगल, काठमाडौं ।
- श्री पुस्तकालय, सङ्घीय संसद् सचिवालय, सिंहदरवार, काठमाडौं ।
- श्री जिल्ला समन्वय समिति, दार्चुला ।
- श्री मार्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला ।

**राय/सुझाव पठाउने ठेगाना**

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२११५६७,०१-४२११९४६, फ्याक्स नं.: ०१-४२११८६८, इमेल: info@mofe.gov.np


## ईभी...

कर विवादभन्दा धेरै माथि पुगेर सार्वजनिक राजस्व, सुशासन र राज्यको विश्वसनीयतासँग जोडिएको मुद्दा बनेको छ ।

नेपालले विद्युतीय सवारीको प्रयोग बढाउनु आवश्यक छ । तर हरित ऊर्जाको नाममा कर प्रशासनलाई कमजोर बनाउने, परीक्षणविहीन प्रणालीमा राजस्व संकलन गर्ने र सरकारी संयन्त्रलाई केवल कागजी घोषणामा निर्भर बनाउने नीति दीर्घकालीन रूपमा राष्ट्रकै हितविपरीत हुन सक्छ । सुशासनको पहिलो सर्त विश्वास होइन, प्रमाणीकरण हो । जबसम्म सरकारले परीक्षण गर्ने क्षमता निर्माण गर्दैन, तबसम्म भन्सारमा 'घोषणामै आधारित कर' प्रणालीले प्रश्नबाट मुक्त हुन सक्ने अवस्था देखिँदैन ।

राजनीतिक वृत्तमा उठ्ने आरोपहरूअनुसार, साइमेक्स इन्कले सरकारका विभिन्न तहमा बलियो पहुँच बनाएको छ र त्यसैका कारण गम्भीर प्रश्न उठ्दा पनि सम्बन्धित निकायहरू प्रभावकारी रूपमा अघि बढ्न सकेका छैनन् । आलोचकहरूको भनाइमा, ठूलो आर्थिक स्वार्थको अगाडि सरकारहरू मौन बस्ने प्रवृत्तिले सुशासन र कानुनी शासनमाथि नै प्रश्नचिह्न खडा गरेको छ ।

## विदेशी...

१६ अर्ब ७६ करोड ९३ लाख रुपैयाँ लाभांश वितरण गरिएको छ ।

विभागले मासिकरूपमा लाखौं रकम लाभांश वितरण गर्दै आएको हुँदा लाभांश रकम मासिकरूपमा बढ्दै गएको देखिन्छ । यता विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका अनुसार पछिल्लो समय लाभांश रकम लैजानको लागि आवेदन प्रक्रिया पूरा गर्नेको संख्या बढ्दै गएसँगै लाभांश रकम बढ्दै गएको हो । लगानी गरेपछि प्रतिफल लैजान प्रक्रियागत र कानुनीगत समस्या नभएसँगै रकम लैजाने क्रमले निरन्तरता पाएको हो । विदेशी लगानी प्रतिबद्धताको तुलनामा न्यून रकममात्र भित्रिने गरे पनि लाभांश वितरणलाई हेरेर लगानी रकम भित्र्याउन सकिने नेपाली उद्योगीहरू बताउँछन् । विदेशी लगानीलाई बिग्रेको र एकदम उपयुक्त वातावरण नभएको सन्देश लाभांश वितरणबाट जाने हुँदा यसमा सरकारले थप सोचविचार गर्नु आवश्यक रहेको नेपाली उद्योगीहरू बताउँछन् ।

विदेशी लगानीकर्ताले लगानी गरेपछि लाभांश लैजाने मात्र नभई कानुनी रूपमा राजस्व समेत बुझाउने गरेका छन् । आर्थिक वर्ष २०८२/८३ मा विदेशी लगानीकर्ताले पाँच अर्ब ८९ करोड राजस्व बुझाएका छन् । जुन आर्थिक वर्ष २०८१/८२ को तुलनामा चार अर्ब चार करोड ६७ लाख बढी हो । आर्थिक वर्ष २०८१/८२ मा विदेशी लगानीकर्ताले एक अर्ब ८४ करोड ३३ लाख राजस्व बुझाएका थिए । यस हिसाबले हेर्दा विदेशी लगानीकर्ताले मासिक करिब ४९ करोड राजस्व बुझाएको पाइन्छ ।

योसँगै लाभांश वितरणजस्तै राजस्व संकलनमा समेत वृद्धि भएको देखिन्छ । विभागले लाभांश वितरण राजस्व संकलनका साथै उद्योगको सेयर खरिद सम्झौता (एसपीए) र साझेदारी सदस्यता सम्झौता (एसएसए) लगायतका कामहरू गरेको छ । आर्थिक वर्ष २०८२/८३ मा विदेशी लगानीकर्ताहरूले नेपालमा रहेको उद्योग तथा व्यवसाय ५९ वटा एसपीए र एसएसए र ६६ वटा उद्योग तथा व्यवसायको प्रविधि हस्तान्तरण सम्झौता (टटीए) गरेका छन् । सरकारले विदेशी लगानीलाई सहजीकरण गर्नका लागि स्वचालित मार्गबाट समेत लगानी भित्र्याउने र लभांश वितरणको काम गरेको छ ।

विदेशी लगानीकर्ताले स्वचालित मार्गबाट नेपालमा लगानी गर्दा सातवटा औद्योगिक तथा व्यावसायिक क्षेत्रका ६० प्रकारका उद्योग तथा व्यवसायमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ । लगानीपछि प्रतिफलस्वरुप लाभांश लैजाने गरेका छन् । विदेशी लगानीकर्तालाई प्रत्यक्ष विदेशी लगानी तथा हस्तान्तरण ऐन, २०७५ ले नेपालमा रहेको उद्योग क्षेत्रमा लगानी गर्ने अधिकार प्रदान गरेको छ । 'औद्योगिक व्यवसाय ऐन-०७५' अनुसार १० करोड रुपैयाँसम्म स्थिर पुँजी भएको साना, १० करोड रुपैयाँदेखि २५ करोड रुपैयाँसम्मको स्थिर पुँजी भएको मझौला र २५ करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको ठूला विभागले दर्ता गर्छ ।

## एपीएफ....

विषयको अनुसन्धानका क्रममा सशस्त्र प्रहरी निरीक्षक गुरुङ र व्यवसायी लामालाई गत असार २० गते प्रहरीले पक्राउ गरेको थियो ।

जिल्ला सरकारी वकील कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको पत्रअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र १७ ले निषेध गरेको भ्रष्टाचारको कसुर अपराधको अनुसन्धान गर्न यही साउन ८ गते निज आरोपीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरिएको थियो ।

गुरुङले आफ्नो संगठनलाई गुमराहमा राखेर विद्यालयको करोडौं रकम अनियमितता गर्दै आएको खुलेको थियो । विद्यालयमा विद्यार्थीबाट उठाएको रकम कल्याणकारी सेवा केन्द्रमा जम्मा गर्नुपर्नेमा उनले रकम जम्मा गरेको भनेर सशस्त्र प्रहरी मुख्यालयलाई नै झुक्याएर लामाको खातामा पठाएकी थिइन् । यो खुलेसँगै उनीमाथि अनुसन्धान अघि बढेको थियो ।

## रास्वपामा..

प्रतिक्रिया दिएका छन् ।

याद रहोस् यी सचेतकले सरकारले झारिदिएका सुकुमबासीका आँसुले हामी सबैलाई पोल्नुपर्ने, आफ्नै वाचापत्रअनुसार नभएको, राज्यको कमजोरी र अक्षमतालाई मात्र उजागर गरेको भनिएको यस्तो कामलाई यो दलका सभापति रवि लामिछानेले भने सरकारको यस्तो क्रूरतापूर्ण कामलाई 'खिल उखेलेको' भनेर उसैबेला प्रशंसात्मक प्रतिक्रिया दिएका थिए ।

रास्वपाका सांसदहरू जिउँदा लासहरू नै हुन् भन्ने त संसद्मा आफ्ना प्रधानमन्त्रीले 'नेपालले भारतका धेरै ठाउँमा सीमा मिचेको छ' भनेर संसद्को रेकर्डमा अभिलिखित गराउँदै दिएका जानकारीलाई सबै सांसदले टेबुल ठोकेर स्वागत गरेकाबाट पनि बुझ्न सकिएला ।

याद रहोस् भारतले नेपालका धेरै ठाउँमा सीमा मिचेको भन्ने प्रायः सबै नेपालीलाई पहिलेदेखि नै जानकारी थियो तर नेपालले भारतको सीमा भारतले नेपालको भन्दा पनि धेरै ठाउँमा मिचेको भन्नेचाहिँ आफ्नै अर्थात् नेपालकै प्रधानमन्त्रीले संसद्मा नै रेकर्ड गराएको कुराचाहिँ पहिलो पटक आएको हो ।

याद रहोस्, नेपालका प्रधानमन्त्रीले भनेजस्तो नेपालले भारतको पनि सीमा मिचेको भनेर अहिलेसम्म कसैले र कतै पनि भनेका छैनन् । यस्तोमा ताली बजाएर स्वागत गर्नु भनेको जिउँदा लासहरूले मात्र गर्ने काम हुनुपर्छ ।

प्रधानमन्त्रीको त्यो भनाइका बारे बाहिर अर्थात् विज्ञबाट तत्कालै माफी माग्न त्यही बेला माग भएको थियो । संसद्मा नै पनि विपक्षीहरूले यो अभिलेख मेटाउन त्यसबेलादेखि अहिले पनि माग भइरहेको छ तर रास्वपाको बहुमत भने अहिले पनि मौन नै छ । त्यस दिन त ताली नै बजाएर नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको भन्ने प्रधानमन्त्रीको भनाइलाई पूराका पूरा समर्थन गरेकै थियो ।

रास्वपाका प्रधानमन्त्रीको त्यो भनाइ र सीमा विवाद वा सीमाको अनुसन्धान गरिरहेका विज्ञहरूको भनाइ एक पटक फेरि प्रधानमन्त्रीको त्यो भनाइ :

तपाईँहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ, भारतले नेपालको जग्गा मात्रै होइन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ । यो कुरा अस्ति भर्खरै थाहा पाएँ । त्यही भएर दुईटै देशले अध्ययन गरेर हामीले मिचेको छौं, उहाँहरूले मिच्नुभएको छ, के छ, त्यसलाई बसेर एउटा साथीको रूपमा समाधान गर्ने हामीले सोच राखेका छौं ।' (जेठ १७ गते संसद्मा सम्बोधन)

विज्ञहरूको खेद पत्र

मिति : २०८३ साल जेठ १७ गते

प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्तिप्रति खेद वक्तव्य

आज प्रतिनिधिसभामा आयोजित प्रश्नोत्तर कार्यक्रममा सहभागी हुँदै सम्माननीय प्रधानमन्त्रीले 'नेपालले पनि भारतको सीमा मिचेको छ' भन्ने अभिव्यक्ति दिनुभएको जानकारी प्राप्त मात्र भएन, उक्त अभिव्यक्ति प्रत्यक्ष रूपमा सुन्न र देख्नसमेत पाइयो । सीमासम्बन्धी विषयमा प्रधानमन्त्रीबाट व्यक्त यस्तो धारणाले हामीलाई आश्चर्यचकित बनाएको छ र यसले अनावश्यक भ्रमसमेत सिर्जना गरेको छ ।

आजसम्म नेपालले भारतको सीमा मिचेको भन्ने कुरा कुनै आधिकारिक निकायबाट सार्वजनिक रूपमा सुनिएको थिएन । यस्तो अभिव्यक्ति पहिलो पटक देशको कार्यकारी प्रमुख प्रधानमन्त्रीबाट नै सुन्न पाइयो । प्रधानमन्त्रीले कुन आधारमा यस्तो धारणा व्यक्त गर्नुभएको हो भन्नेबारे स्पष्ट जानकारी प्राप्त गर्न हामी इच्छुक छौं ।

स्मरणीय छ, नेपाल-भारत संयुक्त सीमा आयोगले आफ्नो कार्यको करिब ९८ प्रतिशत हिस्सा सम्पन्न गरिसकेको जानकारी सार्वजनिक भइसकेको छ । तथापि, उक्त आयोग वा अन्य कुनै आधिकारिक निकायबाट नेपालले भारतको सीमा अतिक्रमण गरेको भन्ने निष्कर्ष सार्वजनिक गरिएको छैन । बरु महाकाली नदीको मुहान तथा सुस्ता क्षेत्रसँग सम्बन्धित सीमा विवादका विषयहरू अझै समाधान हुन बाँकी रहेको तथ्य सार्वजनिक रूपमा स्थापित छ ।

राष्ट्रको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा सीमासम्बन्धी विषय अत्यन्त संवेदनशील र राष्ट्रिय महत्वका विषय हुन् । यस्ता विषयमा तथ्य र प्रमाणका आधारमा मात्र बोलिनु आवश्यक हुन्छ । .

साथै, प्रधानमन्त्रीलाई नेपाल सरकारले आफ्नो अद्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सासमेत जारी गरिसकेको तथ्य स्मरण गराउन चाहन्छौं ।

यस परिस्थितिमा प्रधानमन्त्रीले 'भारतले मात्र होइन, नेपालले पनि भारतको सीमा मिचेको छ' भन्ने अभिव्यक्ति के-कस्तो तथ्य, प्रमाणका आधारमा दिनुभएको हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ । यस्ता अभिव्यक्तिले तथ्यमा आधारित स्पष्टता प्रदान गर्नुको सट्टा भ्रम सिर्जना गर्ने भएकाले हामी त्यसप्रति गम्भीर खेद व्यक्त गर्दछौं । साथै, यसबाट आम नेपाली जनतामा उत्पन्न भएको भ्रम निवारणका लागि प्रधानमन्त्रीले सार्वजनिक रूपमा स्पष्टीकरण दिनुका साथै आफ्नो अभिव्यक्तिप्रति क्षमायाचनासमेत गर्नुपर्छ भन्ने हाम्रो धारणा छ ।

यसका अतिरिक्त, प्रधानमन्त्रीबाट प्रतिनिधिसभामा व्यक्त उक्त गलत अभिव्यक्तिलाई प्रतिनिधिसभाको अभिलेख (रेकर्ड)बाट हटाउन सम्माननीय सभामुख समक्ष आग्रह गर्दछौं ।

नेपाल-भारत सीमासम्बन्धी अध्येताहरू :

१. सीमाविद् बुद्धिनारायण श्रेष्ठ २. प्राध्यापक डा. पीताम्बर शर्मा ३. प्राध्यापक डा. नरेन्द्र खनाल ४. डा. जगत भुसाल ५. अन्तर्राष्ट्रिय सीमाविद् प्रभाकर शर्मा ६. डा. द्वारिकानाथ ढुङ्गेल ।

झन्झन् बढ्दै दूस्प्रभाव

प्रधानमन्त्रीको यो अभिव्यक्तिले सीमा क्षेत्रका नागरिकमा गम्भीर प्रकारको मानसिक त्रास पैदा गरेको भनेर प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसकी सांसद प्रमिलाकुमारी गच्छदारले त्यसको करिब डेढ महिनापछि पनि संसद्मा नै कुरा उठाइन् । उनका अनुसार प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'को राष्ट्रघाती अभिव्यक्तिका कारण सुस्ता र ठोरीलगायतका नेपाली नागरिकले सीमापारीको चर्को दबाब र मानसिक त्रास खेप्न बाध्य भएका छन् । उनले प्रधानमन्त्रीलाई संसद्मा आएर उक्त अभिव्यक्तिबारे स्पष्टीकरण दिनका लागि 'रुलिङ' गर्न सभामुख डोलप्रसाद अर्यालको ध्यानाकर्षण समेत गराइन् । 'प्रधानमन्त्रीको हलुका बोलीका कारण आज सुस्ता र ठोरीका सोझा नेपालीहरू सीमापारिको चर्को दबाब र मानसिक त्रास झेल्न बाध्य छन् । संसद्लाई बेवास्ता गर्ने यो आलटाल नीति कहिलेसम्म चल्ने हो ? सभामुखले भनिदिनु पऱ्यो । होइन भने हजुरले रुलिङ गर्नु पऱ्यो । ५ दिनको 'अल्टिमेटम' र २५ हजारको लोभ देखाएर होल्डिङ सेन्टरका सुकुमबासीहरूलाई ओध्यानबाटै लखेट्नु, खाना खोसिन यो सरकारको अमानवीयताको पराकाष्टा हो ।'

## सहकारी...

गरी कारबाही गर्न र संस्थाको सामग्री फिर्ता गराउन निवेदन दिइसकेको छ ।

पछिल्लो समय उनले नक्कली बचतकर्ता खडा गरी सहकारीको ऋण नतिर्ने प्रपञ्च समेत गरिरहेको सहकारी संस्थाका वर्तमान अध्यक्ष इन्द्र कुमार राईले बताएका छन् ।



दर्ता नं ३२९७/०६६/०६७
रुरल डेभलपमेन्ट बचत तथा ऋण सहकारी संस्था लि.
Rural Development Saving and Credit Co-operative Ltd.
का.म.न.पा-२ लाजिम्पाट काठमाडौं पो.ब.नं. ८९७७, फोन नं. ०१-४३८२८११, Email : rdcooperative@gmail.com

प.सं. :
च.नं. :१८८

मिति: २०८३/०२/२३

श्रीमान विभागीय प्रमुख ज्यु
सहकारी बिभाग
काठमाण्डौ महानगरपालिका
काठमाण्डौ प्लाजा कमलादी काठमाण्डौ

**विषयः निवर्तमान अध्यक्ष आङ बाबु राईले सहकारीको चेकबुक, कार्यालयका सामान र सवारी साधन लिएर भूमिगत तवरले सर्वसाधारणलाई ठगि गरिरहेकोले निजलाई पक्राउ गरि सहकारीको सामाग्रीहरु दिलाई पाउ।**

महोदय

हाम्रो यस सहकारीको निवर्तमान अध्यक्षले सहकारीमा जम्मा गरेको सर्वसाधारण बचतकर्ता र संचालकहरुले जम्मा गरेको बचत रकम **रु २४,००,००,०००/- (चौबिस करोड)** ठगि गरि **रु २२,००,०००/-(बाईस लाख)** भन्दा बढी रकमको कार्यालयका सामाग्रीहरु रातारात लिएर बेपत्ता रही आएकोमा सहकारीको नामको चेकबुक र सवारी साधन समेत प्रयोग गरि हाल का.म.पा.१६ स्थित सोर्हखुट्टेमा भूमिगत तवरले कार्यालयका सामाग्री राखी ठगि गरिरहेको सुचना प्राप्त भएको व्यहोरा अनुरोध छ। **मिति २०८३/०१/२२** गते सम्पन्न बार्षिक साधारण सभाले गठन गरेको संचालक समितिको बैठकको निर्णयले निजले सहकारीमा बुझाउनुपर्ने दायित्व सहित जिन्सी सामानहरु र नगदी बरबुझारथ गर्ने सम्बन्धमा **मिति २०८३/०२/११ मा २१** दिने सुचना प्रकाशित समेत गरेकोमा हालसम्म नबुझाई अझै आक्रामक ढंगले ठगि कार्य गरि अन्य सर्वसाधारण नागरिकहरुलाई ठगि गरिरहेकोले यहा नियमन कार्यालयबाट निजलाई पक्राउ गरि सहकारीको दायित्व सहित कार्यालयका सामाग्रीहरु दिलाई दिन हुन् श्रीमान् समक्ष अनुरोध गरिन्छ।

**संलग्न कागजात प्रमाणहरु**
१. रु. २४,००,००,०००/- (चौबिस करोड)ठगि भएको तथ्य कागज
२. सहकारीमा बुझाउनुपर्ने दायित्व सहित जिन्सी सामानहरु र नगदी बरबुझारथ गर्ने सम्बन्धमा मिति २०८३/०२/११ मा २१ दिने सुचनाको फोटोकपी

**बोधार्थ**
श्री काठमाण्डौ महानगरपालिका वडा नम्बर १६ को कार्यालय
श्री प्रहरी वृत्त लैनचौर काठमाण्डौ

इन्द्र कुमार राई
अध्यक्ष



Lalitpur, District Post Office (308103)
Letter (RD024117026NP)

मिति: २०८३/०३/२६

श्री नेपाल कानुन व्यवसायी परिषद
कुपण्डोल, ललितपुर।

**विषयः कानुन व्यवसायी प्रमाणपत्र तत्काल निलम्बन गरी कारबाही गरिपाऊँ।**

**महोदय,**

हामी देहायका निवेदकहरू ***रुरल डेभलपमेन्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडका*** बचतकर्ता तथा पीडितहरूको तर्फबाट यो निवेदन पेश गरेका छौं।

१) अधिवक्ता आङ बाबु राई नेपाल बार काउन्सिलबाट प्रमाणपत्र प्राप्त कानुन व्यवसायी हुनुका साथै रुरल डेभलपमेन्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडका निवर्तमान अध्यक्षसमेत रहेका व्यक्ति हुन्। निजमाथि सहकारी संस्थाका बचतकर्ता तथा आफ्नै सञ्चालक समितिका सदस्यहरूको करिब रु. २४,००,००,०००/- (अक्षरूपी चौबीस करोड रुपैयाँ) हिनामिना तथा ठगी गरेको अभियोगमा सम्मानित काठमाडौं जिल्ला अदालतमा ठगीसम्बन्धी मुद्दा दर्ता भई विचाराधीन रहेको छ। उक्त ***मुद्दा नम्बर ०८१-CR-१०४२*** रहेको छ।

२) यसैगरी, अनुसन्धानका क्रममा प्राप्त विवरण तथा सम्बन्धित निकायमा पेश गरिएका कागजातहरूअनुसार, सहकारीबाट गैरकानुनी रूपमा प्राप्त भएको भनिएको उक्त रकम हुण्डीमार्फत निजका जेठा दाजु रुद्र बहादुर राई र भाउजू उषाकला राईको नाममा हङकङ पठाई, पछि उक्त रकम वैदेशिक आम्दानी (विदेशमा कमाएको रकम) जस्तो देखाई पुनः नेपाल भित्र्याइएको भन्ने आरोपसमेत अनुसन्धानको विषय बनेको छ। सो रकमबाट काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ६ मा तीनवटा घर खरिद गरिएको तथा अन्य विभिन्न स्थानमा घरजग्गा, बैंक मौज्दात, शेयर तथा अन्य सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गरेको अभियोगसमेत सम्बन्धित निकायमा अनुसन्धान तथा अभियोजनको विषय रहेको जानकारी सार्वजनिक भएको छ।

३) अधिवक्ता आङबाबु राई ज्यू रुरल डेभलपमेन्ट सहकारी सहकारी संस्थाको सञ्चालक/अध्यक्ष पदमा कार्यरत रहँदै आउनुभएकोमा उहाँले सहकारीको कागजात सबै आफ्नो कानुन व्यवासायी चेम्बरमा लुकाएर प्रमाण नष्ट गर्ने उद्देश्यले राखेको कुरा जानकारी गराउँदछौं । निजले उक्त सहकारीको निक्षेपकर्ताको करोडौं रकम हिनामिना गरी, सोसँग सम्बन्धित प्रमाण र कागजातहरू (जस्तै: लेजर, सफ्टवेयर


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/१९

यस कम्पनीको मिति २०८३/०३/२५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **त्रिशक्ति छिनहाई छनछाई आयल इण्ट्रीज प्रा.लि.**(प्रा.लि.नं.१२६४२४) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०३/३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सरसलु रियल स्टेट एण्ड डेभलपर्स प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०७२।०५।०२ मा दर्ता भएको प्रा. लि. नं. १३८७७९ को **डिजिटल ईमेज फोटो स्टुडियो एण्ड प्रिन्ट प्रा.लि.** को मिति २०८३।०२।११ गतेको विशेष साधारणसभाबाट कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनी खारेजीको प्रक्रिया शुरु गरिसकेको छ । तसर्थ उक्त कम्पनीसंग कोहीकसैको लेनदेन बाकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाण सहित आजका मितिले ३५ दिन भित्र हकदावी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम बाकी दायित्व भुक्तान गरी बाकी जायजेथा शेयरधनीलाई बाडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कुनै पनि दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सूचना मार्फत जानकारी गराइएको छ ।

**लिक्विडेटरः राधिका गोसाई, इजाजत पत्र नं.: ४८०, भ.न.पा.-५, भक्तपुर, फोन : ९८४१६७५८०३**



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/११**

यस कम्पनीको मिति २०८३।०३।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **ओ.जि. हस्पिटालिटी प्रा.लि. (दर्ता नं. ३७२२६३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।१० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **यु.आइ.के. हस्पिटालिटी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



Find us on : facebook/ aarthikdainik

# मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मेगावाट)

**मार्मा गाउँपालिका, दार्चुला जिल्ला, सुदूरपश्चिम प्रदेश**

# पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको निकाय**

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**मार्फत्**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**मार्फत्**

**विद्युत विकास विभाग**

सानो गौचरण, काठमाडौं

**प्रस्तावक**


**दार्चुला पावर लिमिटेड**

थापाथली-११, काठमाडौं

सम्पर्क नं: ०१-५१११०९३, ९८०११४७०८७

Email: powerdarchula@gmail.com


**जेष्ठ, २०८३**

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| कि. वा | : | किलोवाट |
| के.भी | : | किलोभोल्ट |
| गा.पा | : | गाउँपालिका |
| गी.वा. | : | गिगावाट |
| ज.वि.आ | : | जलविद्युत आयोजना |
| जि.स.स | : | जिल्ला समन्वय समिति |
| ने. रु. | : | नेपाली रुपैंया |
| ने.वि.प्रा | : | नेपाल विद्युत प्राधिकरण |
| पू.वा.प्र.मू | : | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन |
| मे. वा | : | मेगावाट |
| मि. | : | मिटर |
| मि.मि. | : | मिलिमिटर |
| मे.टन | : | मेट्रिक टन |
| वा.प्र.मू | : | वातावरणीय प्रभाव मूल्याङ्कन |
| वि.वि.वि | : | विद्युत विकास विभाग |
| वि.स. | : | विक्रम संबत |
| हे. | : | हेक्टर |
| AQI | : | Air Quality Index |
| BA | : | Basal Area |
| DBH | : | Diameter at Breast Height |
| FGDs | : | Focus Group Discussions |
| GD | : | Group Discussion |
| IRR | : | Internal Rate of Return |
| KII | : | Key Informant Interview |
| KVA | : | Kilovolt Amphere |
| MCT | : | Main central thrust |
| MVA | : | Megavolt Amphere |
| PM | : | Particulate Matter |

# EXECUTIVE SUMMARY

## 1. Project Background

The Electricity Generation License (No. 470/2081-82 BS) for the 28.304 MW Middle Chameliya Hydroelectric Project, with a license term of 35 years (from 13/12/2081 BS to 12/12/2116 BS), was issued to Darchula Power Limited by the Department of Electricity Development under the Ministry of Energy, Water Resources and Irrigation, as per its decision dated 13/12/2081 BS.

In the initial study of the project, all project structures were proposed on the right bank of the Chameliya River, with a target of generating 28.304 MW of electricity by utilizing a discharge of 25.17 $m^3/s$ of the Chameliya River through a total head of 136.26 m. Accordingly, the project's feasibility study and Environmental Impact Assessment (EIA) were prepared. The EIA report thus prepared was approved by the then Ministry of Forests and Environment on 07/05/2080 BS.

During the detailed study of the project, it was found that the left bank, compared to the right bank, offered a more suitable location for the construction of the powerhouse and switchyard, with easier access roads enabling faster and more effective construction. Since the civil structures and pipeline route would not pass through major settlements, the social impact would be minimal. Furthermore, due to the weak geological conditions on the right bank, tunnel construction was found to be risky. Therefore, in order to avoid tunnel construction and make the project more economically viable, all project structures were relocated from the right bank to the left bank of the Chameliya River. Along with this change, modifications were also made to the weir length, intake size, number of desanding basins, the use of headrace pipes instead of a tunnel route, and the length and diameter of the headrace pipe.

As the layout and design of the project were thus changed and all project structures were relocated from the right bank to the left bank of the Chameliya River, in-principle consent for further study was obtained from the Department of Electricity Development on 10/03/2082 BS.

## 2. Legal Justification for Conducting Supplementary Environmental Impact Assessment

Pursuant to Section 11(1) of the Environment Protection Act, 2076 BS, if any modification is required to the physical infrastructure design or layout of a project whose EIA report has been approved including relocation or alteration of structures, addition of forest area, or enhancement of project capacity the proponent is required to conduct a Supplementary Environmental Impact Assessment (SEIA) to determine whether such activities would have adverse effects on the environment and, if so, whether such effects can be mitigated or eliminated through appropriate measures.

Since the layout and design of this project have changed from the approved EIA report with all project structures relocated from the right bank to the left bank of the Chameliya River a

Supplementary Environmental Impact Assessment of this project has been required due to the changes made to the project structures.

The EIA report of this project was approved by the then Ministry of Forests and Environment on 07/05/2080 BS, while consent to conduct the Supplementary Environmental Impact Assessment study was obtained from the then Ministry of Forests and Environment on 21/09/2082 BS.

**3. Project Description**

The proposed Middle Chameliya Hydroelectric Project is located within the Api Nampa Conservation Area, in Marma Rural Municipality of Darchula District, Sudurpaschim Province. The main structures of the proposed project, such as the diversion weir, desilting basin, intake, and a portion of the headrace pipe route, are located in Ward No. 2 of Marma Rural Municipality, while the remaining headrace pipe route, surge tank, penstock pipe, powerhouse, and tailrace are proposed in Ward No. 3 of the rural municipality. Wards No. 4, 5, and 6 of Marma Rural Municipality fall within the boundary of the wards containing the project's main structures. The project lies between 80°42'38" E to 80°46'45" E longitude and 29°42'55" N to 29°45'00" N latitude.

The Middle Chameliya Hydroelectric Project is a run-of-river project located in the hilly region of Darchula District. For power generation, water from the Chameliya River will be diverted by constructing a free-overflow ogee-type concrete gravity weir approximately 500 m downstream of the confluence of Ghatte Khola and the Chameliya River. This water will be conveyed to the powerhouse through a waterway approximately 7,680 m long, comprising a gravel trap, desilting basin, headrace pipe, surge tank, and penstock pipe. The water diverted through the dam and other structures will be discharged at the powerhouse and returned to the Chameliya River through the tailrace canal.

**4. Study Methodology**

This study has focused on conducting research and collecting data on the components and ancillary facilities that have been revised or changed as per the Updated Detailed Feasibility Study Report, 2025. To collect baseline information on various environmental aspects for this Supplementary Environmental Impact Assessment, a team of experts conducted a field study visit from 22/10/2082 BS to 28/10/2082 BS and collected the necessary physical, biological, and socio-economic and cultural environmental data. Various methods such as field observation, key informant interviews, sample collection, and discussions with local residents were used to collect this data. Air and noise quality measurements were taken, and water samples were collected from the headworks and powerhouse areas. In addition, in accordance with the Environment Protection Rules, 2077 BS, a public hearing was organized on 6 Falgun 2082 BS at the Ward Office building of Ward No. 3 of Marma Rural Municipality, the area affected by the project implementation with the participation of local stakeholders,

organizations, and local elected representatives, to collect their feedback. In addition, a public notice was published in a national daily newspaper on 26 Falgun 2082 BS to collect feedback regarding the potential environmental effects of the project implementation. The data thus collected was analyzed in accordance with the National Environmental Impact Assessment Guidelines, 2050 BS, to prepare this Supplementary Environmental Impact Assessment report.

## 5. Existing Environment Condition of the Project

### 5.1 Physical Environment

This project is situated in an area ranging from 902.5 m to 1,043.5 m above sea level. All project structures are proposed on the left bank of the Chameliya River. The main land use of the project area consists of forest land, cultivable land, riverbank/floodplain, and barren land. The project area lies within the Lesser Himalaya region of western Nepal, within the Lakharpata Formation and Galyang Formation. The Lesser Himalaya region in this area primarily consists of rock types such as schist, slaty phyllite, phyllite, slate, dolomite, quartzite, and amphibolite. Structurally, the Main Central Thrust (MCT) lies approximately 2 km to the north of the project's dam site.

### 5.2 Biological Environment

The proposed project area is located within the Api Nampa Conservation Area. A total of four Community Forest Conservation User Groups fall along the headrace pipe route of the project: Ushane (A) Conservation Community Forest User Group, Ushane (B) Conservation Community Forest User Group, Khakane Conservation Community Forest User Group, and Balichaur Nalbagad Conservation Community Forest User Group. The major tree/pole species found within these conservation community forest areas include Chiuri, Salla, Bar, Pipal, Tuni, Simal, Sajh, Amala, Mango, Jamun, and Kalo Siris. The approved EIA report had stated that a total of 255 trees/poles would need to be felled from private forest land during the construction of various project structures. However, since all project structures are now located on the left bank of the Chameliya River within the conservation community forest under the Api Nampa Conservation Area, the total number of trees and poles to be felled is now 62.

### 5.3 Socio-Economic and Cultural Environment

This project falls within Wards No. 2, 3, 4, 5, and 6 of Marma Rural Municipality, Darchula District, which is same with the approved EIA, 2024. Since the affected rural municipality and wards remain the same as in the approved EIA, 2024, the description of the socio-economic and cultural environment of that area remains as per the approved EIA, 2024. However, since the project structures have been relocated to the left bank, the details of the project-affected households have changed. While the approved EIA, 2024 indicated a total of 70 project-affected households, the current number is 81. The construction and operation of the proposed project will require a total of 9.9 ha of land from 75 households on a permanent basis, and 0.53 ha of land from 7 households on a temporary basis. Thus, the land of a total of

81 households will be used for the project (of which the land of 1 household will be used for both permanent and temporary purposes).

## 6. Environmental Impacts of Implementing the Proposal

Since this Supplementary Environmental Impact Assessment report involves a change in the layout and design of the project, with all structures relocated from the right bank to the left bank of the Chameliya River, only the additional impacts that the related activities may have on the existing physical, biological, economic, social, and cultural environment have been analyzed. Impacts already covered in the approved EIA report have not been repeated in this report. Only the additional impacts that may arise from the modified structures and new activities have been included.

### 6.1 Adverse Impacts

#### 6.1.1 Physical Environment

The construction of various project structures (dam, desilting basins, surge tank, headrace pipe, penstock pipe, powerhouse, access roads, etc.) is expected to change the existing land use in the project area. In addition, excavation, cutting sloped land, grading, and the use of heavy machinery during construction may alter the physical condition of the land. Impacts arising from spoil management, as well as air and noise pollution from transport vehicles and construction machinery, may also occur.

#### 6.1.2 Biological Environment

A total of 13.01 ha of land within the Api Nampa Conservation Area will be required on a permanent and temporary basis for the structures and facilities of the proposed project, comprising 1.36 ha of forest area and 11.65 ha of riverbank/floodplain. A total of 62 trees and poles (21 trees and 41 poles) of 11 species will need to be removed from the conservation community forest areas within the Api Nampa Conservation Area during the construction of the headrace pipe and surge tank. Of these, 5 trees and 8 poles will be removed from Ushane (A) Conservation Community Forest, 7 trees and 11 poles from Ushane (B) Conservation Community Forest, 2 trees and 9 poles from Khakane Conservation Community Forest, and 7 trees and 13 poles from Balichaur Nalbagad Conservation Community Forest. The major species to be felled include Chiuri, Salla, Bar, Pipal, Tuni, Simal, Sajh, Jamun, Amala, and Mango. The estimated loss of forest product from the trees to be removed amounts to 79.74 cubic feet of timber and 199.43 cubic feet of firewood.

#### 6.1.3 Socio-Economic and Cultural Environment

A total of 10.41 ha of private land from 81 households will be required for the implementation of the proposed project, comprising 1.85 ha of cultivable land and 8.58 ha of barren land. The construction of project structures for permanent purposes is expected to result in the loss of

this private land. The use of a total of 1.85 ha of private cultivable land by the project is expected to result in reduced productivity, loss of cultivable land, and loss of crops.

## 7. Measures to Maximize Beneficial Impacts and Minimize Adverse Impacts

### 7.1 Mitigation Measures for Adverse Impacts

#### 7.1.1 Physical Environment

- Construction of project structures will utilize only the minimum area required, and construction activities will be carried out in a manner that avoids unnecessary damage to the surrounding forest area, cultivable land, and barren land.
- During excavation on sloped land where project structures are located, the angle of repose will be maintained for stability. For slope protection, gabion walls, retaining walls, breast walls, or other necessary bio-engineering techniques such as terracing, broom grass (Amriso), Dubo grass, jute netting, etc., as well as engineering structures such as walls, benching, and drainage, will be adopted.
- Two disposal sites have been designated for the management of soil and rocks generated from excavation during project construction, and the height of soil/rock disposal will be maintained at 4 m. Drainage structures will subsequently be constructed in these areas, and vegetation will be planted on top.
- Vehicles will be regularly inspected to reduce emissions, and emissions will be maintained in accordance with the Vehicular Mass Emission Standard.

#### 7.1.2 Biological Environment

- As compensation for the 13.01 ha of forest area affected by permanent structures within the Api Nampa Conservation Area, the forest area will be compensated through afforestation in accordance with the Procedure for Providing Land for Infrastructure Construction in Protected Areas, 2080 BS.
- As compensation for the 62 trees and poles to be removed from the Ushane (A), Ushane (B), Khakane, and Balichaur Nalbagad Conservation Community Forests, 620 saplings will be planted at a rate of 10 saplings per tree/pole removed.
- In addition, for the use of 13.01 ha of forest area, a total of 21,436 saplings (including the 20,816 saplings required at the rate of 1,600 saplings per hectare) will be planted at locations designated by the Api Nampa Conservation Area and will be cared for, maintained, and protected for a minimum of 5 years.

#### 7.1.3 Socio-Economic and Cultural Environment

- As the proposed project requires a total of 10.43 ha of private land from 81 households (9.90 ha for permanent purposes and 0.53 ha for temporary purposes), the proponent will purchase this land at market value through consultation with the landowners and in coordination with the local government.

- Land required for temporary facilities will be leased for a short period based on the prevailing market value.
- After completion of the project, the leased land will be restored and returned to the respective landowners.
- Similarly, prior to purchasing the 1.85 ha of private cultivable land to be used permanently by the project, the proponent will coordinate with the landowners and provide compensation for crop losses.

**7.3 Community Support Programs**

The programs allocated under the community support program in this Supplementary Environmental Impact Assessment report are the same as those in the approved EIA report. However, since residents requested support during the public hearing for the management of the cremation site (riverbank steps/landing) located above the dam area of the proposed project, an additional amount of NRs. 10,00,000 has been allocated in this Supplementary EIA report for cremation site management.

While NRs. 4,67,72,005 was allocated under the community support program in the approved EIA report, NRs. 4,77,72,005 has now been allocated under the community support program in the Supplementary EIA report, which constitutes 0.84% of the total project cost.

**7.5 Summary of Environmental Cost**

Comparing the costs allocated for environmental enhancement and community support programs in the approved EIA and the Supplementary EIA of this project, the amount allocated in the Supplementary EIA has increased by NRs. 10,00,000 compared to the amount allocated in the approved EIA. Accordingly, a total of NRs. 7,79,85,475 has been allocated for environmental management costs in this Supplementary EIA report, which amounts to 1.37% of the total project cost.

**8. Conclusion**

The proponent is fully committed to effectively implementing the adverse impact mitigation and beneficial impact enhancement measures proposed in the approved EIA and this Supplementary EIA report, along with the Environmental Management Plan and Environmental Monitoring Plan. In addition, environmental standards will be strictly complied with during project implementation, and all necessary corrective and mitigation measures will be adopted in a timely manner. This Supplementary Environmental Impact Assessment report shall form an integral part of the approved Environmental Impact Assessment report.

# कार्यकारी सारांश

## १. आयोजनाको पृष्ठभूमि

दार्चुला पावर लिमिटेडद्वारा २८.३०४ मेगावाट क्षमताको मध्य चमेलिया जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र (वि.वि.वि. २०८१/८२ वि.उ. ४७०) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०८१/१२/१३ को निर्णयानुसार मिति २०८१/१२/१३ देखि मिति २११६/१२/१२ सम्म ३५ वर्ष बहाल अवधि रहने गरी जारी भएको थियो।

यस आयोजनाको सुरुवाती अध्ययनमा आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनारामा प्रस्ताव गरी चमेलिया नदीको २५.१७ घ.मि./से. बहाव उपयोग गर्ने गरी कूल १३६.२६ मिटर हेड मार्फत २८.३०४ मे.वा. विद्युतिय ऊर्जा उत्पादन गर्ने लक्ष्य रहेको थियो। यसै अनुरुप आयोजनाको सम्भाव्यता एवं वातावरणीय अध्ययन समेत तयार गरिएको थियो। यसरी तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन मिति २०८०/०५/०७ मा तत्कालिन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो।

आयोजनाको विस्तृत अध्ययनको क्रममा दायाँ किनारको तुलनामा बाँया किनारमा विद्युतगृह तथा स्विचयार्ड निर्माणका लागि बढी उपयुक्त स्थान उपलब्ध रहेको, पहुँच सडक सहज भएकोले निर्माण कार्य छिटो तथा प्रभावकारी रूपमा सम्पन्न गर्न सकिने, सिभिल संरचना तथा पाइपलाइन मार्ग ठूला बस्तीहरूबाट नजाने भएकाले सामाजिक असर न्यून रहने, साथै दायाँ किनारको कमजोर भौगर्भिक अवस्थाका कारण सुरुङ्ग निर्माण जोखिमपूर्ण हुने देखिएकोले सुरुङ्ग निर्माण टार्न तथा आयोजना आर्थिक रूपमा बढी उपयुक्त बनाउन आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको हो। यस परिवर्तन सँगै बाँधको लम्बाई, इन्टेक साइज, डिसेन्डिङ बेसिनको संख्या, सुरुङ्ग मार्गको सट्टा हेडरेस पाइपको प्रयोग तथा हेडरेस पाइपको लम्बाइ एवं व्यासमा समेत परिवर्तन भएको छ।

यसरी यस आयोजनाको Layout तथा डिजाइन परिवर्तन भई आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएकोले थप अध्ययनको लागि मिति २०८२/०३/१० को विद्युत विकास विभागबाट सैद्धान्तिक सहमति प्राप्त गरीएको थियो।

## २. पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी औचित्य

वातावरण संरक्षण ऐन, २०७६ दफा ११ को उपदफा १ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ।

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भन्दा Layout तथा डिजाइन परिवर्तन भई आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएकोले, आयोजनाका संरचनाहरूमा भएको परिवर्तनका कारण यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपरेको हो।

यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०८०/०५/०७ मा तत्कालिन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो भने पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि मिति २०८२/०९/२१मा वन तथा वातावरण मन्त्रालयबाट अध्ययन सहमति प्राप्त भएको थियो।

## ३. आयोजनाको विवरण

प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना स्थल अपी नाम्पा संरक्षण क्षेत्र भित्र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको मार्मा गाउँपालिकामा अवस्थित छ। प्रस्तावित आयोजनाको मुख्य संरचनाहरु जस्तै डाइभर्सन वेयर, डिसेल्टिङ्ग बेसिन, इन्टेक र हेडरेस पाइप मार्गको केहि भाग मार्मा गाउँपालिकाको वडा नं २ मा अवस्थित छ भने बाँकी हेडरेस पाइप मार्ग, सर्ज ट्यांक, पेनस्टक पाइप, विद्युतगृह र टेलरेस मार्मा गाउँपालिका वडा नं ३ मा प्रस्ताव गरिएको छ। मार्मा गाउँपालिका वडा नं. ४, ५ र ६ आयोजनाको मुख्य संरचनाहरू पर्ने वडाका सिमानामा पर्दछ। आयोजना ८०° ४२' ३८" पूर्व देखि ८०° ४६' ४५" पूर्व देशान्तर र २९° ४२' ५५" उत्तर देखि २९° ४५' ००" उत्तर अक्षांशको बीचमा पर्छ।

मध्य चमेलिया जलविद्युत आयोजना दार्चुला जिल्लाको पहाडी भुभागमा अवस्थित एक नदी प्रवाहमा आधारित आयोजना हो। विद्युत उत्पादनका लागि चमेलिया नदीलाई घट्टे खोला र चमेलिया नदीको संगमस्थलभन्दा करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा कङ्क्रिट ग्राभिटी वियर (Free overflow

ogee type concrete gravity weir) निर्माण गरी पानी डाइभर्ट गरिने छ। उक्त पानीलाई लगभग ७६८० मिटर लामो जलमार्गमार्फत विद्युतगृहमा पुऱ्याइनेछ, जसमा ग्राभेल ट्र्याप, डिसेल्टिङ्ग बेसिन, हेडरेस पाइप, सर्ज ट्यांक र पेनस्टक पाइप समावेश छन्। बाँध तथा अन्य संरचना मार्फत वगाइएको पानी विद्युतगृहमा खसाली टेलरेस नहर मार्फत चमेलिया नदीमा नै फर्काइनेछ।

## ४. अध्ययन विधी

यस अध्ययनले विस्तृत अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन २०२५ द्वारा संशोधित वा परिवर्तन गरिएका अवयवहरु तथा सहायक सुविधाहरूको बारे अध्ययन तथा तथ्याङ्क संकलन गर्ने कार्यमा जोड दिइएको छ। प्रस्तुत पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्दा विभिन्न वातावरणीय पक्षहरुको वस्तुगत स्थितिको विवरण संकलन गर्न विज्ञको टोलीले मिति २०८२/१०/२२ देखि मिति २०८२/१०/२८ सम्म स्थलगत अध्ययन भ्रमण गरी आवश्यक भौतिक, जैविक र सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणीय तथ्याङ्कहरु संकलन गरेको थियो। यी तथ्याङ्क संकलन गर्न विभिन्न विधिहरु जस्तै स्थलगत अनुगमन, मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता, नमुना संकलन, स्थानीय वासिन्दाहरुसँग छलफल आदि गरिएको थियो। वायुको तथा ध्वनिको गुणस्तर मापन, हेडवर्क्स र विद्युतगृह क्षेत्रबाट पानीको नमुना संकलन आदि गरिएको थियो। यसका अतिरिक्त वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम प्रस्ताव कार्यन्वयनबाट प्रभावित क्षेत्रको मार्मा गाउँपालिका वडा नं ३को वडा कार्यालय भवनमा मिति २०८२ फागुन ६ गते स्थानीय सरोकारवाला व्यक्ति, संघ संस्था र स्थानीय तहका जनप्रतिनिधिको सहभागितामा सार्वजनिक सुनुवाईको आयोजना गरी रायसुझाव संकलन गरिएको थियो। थप रुपमा प्रस्तावको कार्यन्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा रायसुझाव संकलन गर्न मिति २०८२ फागुन २६ गतेमा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। यसरी संकलन गरिएका तथ्यांकहरुलाई राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० अनुसार प्रभावको विश्लेषण गरी पूरक वातावरणीया प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो।

## ५. आयोजनाको विद्यमान वातावरण

### ५.१ भौतिक वातावरण

यस आयोजना समुन्द्री सतहबाट ९०२.५ देखि १०४३.५ मिटर बीचको क्षेत्रमा अवस्थित रहेको छ। आयोजनाका सम्पूर्ण संरचनाहरु चमेलिया नदिको बाँया किनारमा प्रस्ताव गरिएको छ। आयोजना क्षेत्रको मुख्य भू-उपयोग वन क्षेत्र, खेतीयोग्य जमिन, बगर र बाँझो जमिनमा रहेको छ।

आयोजना क्षेत्र पश्चिम नेपालको तल्लो हिमालयन (Lesser Himalaya) क्षेत्र अन्तर्गत Lakharpata Formation र Galyang Formation मा अवस्थित छ। यस तल्लो हिमालयन क्षेत्रमा मुख्य रुपमा schist, slaty phyllite, phyllite, slate, dolomite, quartzite, र amphibolite प्रकारका चट्टानहरु पाइन्छन्। संरचनात्मक रुपमा, Main Central Thrust (MCT) आयोजनाको बाँधस्थलको उत्तरी भागमा करिव २ कि.मि.को दुरीमा पर्दछ।

## ५.२ जैविक वातावरण

प्रस्तावित आयोजना क्षेत्र अपि नम्पा संरक्षण क्षेत्र भित्र अवस्थित छ। आयोजनाको हेडरेस पाइप मार्गमा कुल ४ वटा संरक्षण सामुदायिक वन उपभोक्ता समितिहरु पर्दछन। जसमा उषाणे (क) संरक्षण सामुदायिक वन उपभोक्ता समिति, उषाणे (ख) संरक्षण सामुदायिक वन उपभोक्ता समिति, खकने संरक्षण सामुदायिक वन उपभोक्ता समिति र बालिचन नलबगड संरक्षण सामुदायिक वन उपभोक्ता समिति रहेका छन्। यी संरक्षण सामुदायिक वन क्षेत्रमा पाइने मुख्य रुख/पोल प्रजातिहरुमा चिउरी, सल्ला, वर, पिपल, टुनी, सिमल, साँझ, अमला, आँप, जामुन, कालो सिरिस रहेका छन्। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाको विभिन्न संरचनाहरुको निर्माणका क्रममा निजि वनबाट कुल २५५ वटा रुख/पोल काट्नु पर्ने उल्लेख गरिएको थियो भने हाल आयोजनाका सम्पूर्ण संरचनाहरु चमेलिया नदिको बाँया किनारमा अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत रहेको संरक्षण सामुदायिक वन भित्र रहेकोले र कटान गर्नु पर्ने रुख तथा पोलहरु जम्मा ६२ वटा रहेका छन्।

## ५.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

यस आयोजना दार्चुला जिल्लाको मार्मा गाउँपालिकाको वडा नं २, ३, ४, ५ र ६ मा पर्दछ जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। प्रभावित हुने गाउँपालिका र वडाहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको हुनाले सो क्षेत्रको सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। यस बाहेक आयोजनाका संरचनाहरु बाँया किनारमा स्थानान्तरण भएको हुनाले आयोजना प्रभावित परिवारको विवरण भने परिवर्तन हुने देखिन्छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४मा आयोजना प्रभावित परिवारको संख्या कुल ७० जना थियो भने हाल ८१ जना रहेको छ। प्रस्तावित यस आयोजनाको निर्माण तथा संचालनका लागि स्थायी रूपमा कूल ७५

घरपरिवारको ९.९ हेक्टर जग्गा तथा अस्थायी रूपमा ७ घरपरिवारको ०.५३ हेक्टर जग्गा आवश्यक पर्नेछ। यसरी जम्मा ८१ घरपरिवारको जग्गा आयोजनाका लागि प्रयोगमा आउनेछ (जसमध्ये १ घरपरिवारको जग्गा स्थायी तथा अस्थायी दुवै प्रयोजनमा पर्नेछ)।

## ६. प्रस्ताव कार्यान्वयन गर्दा वातावारणमा पर्ने प्रभाव

प्रस्तुत पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाको Layout तथा डिजाइन परिवर्तन गरी सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारातर्फ स्थानान्तरण गरिएकाले, सोसँग सम्बन्धित गतिविधिहरूले विद्यमान भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा पार्न सक्ने थप प्रभावहरूको मात्र विश्लेषण गरिएको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश भइसकेका प्रभावहरू यस प्रतिवेदनमा पुनः उल्लेख गरिएको छैन। यसमा केवल परिमार्जित संरचना तथा नयाँ गतिविधिहरूबाट उत्पन्न हुन सक्ने थप प्रभावहरू मात्र समेटिएका छन्।

### ६.१ नकरात्मक प्रभावहरु

#### ६.१.१ भौतिक वातावरण

आयोजनाका विभिन्न संरचनाहरू (बाँध, बालुवा थिग्राउने पोखरी, सर्ज ट्याङ्क, हेडरेस पाइप, पेनस्टक पाइप, विद्युतगृह, पहुँच मार्ग आदि) को निर्माणका कारण आयोजना क्षेत्रमा विद्यमान भू-उपयोगमा परिवर्तन हुने देखिन्छ। साथै, आयोजना निर्माणका क्रममा जमिन उत्खनन्, भिरालो जमिन कटान, ग्रेडिङ तथा भारी उपकरणहरूको प्रयोगका कारण जमिनको भौतिक अवस्थामा परिवर्तन आउन सक्नेछ। स्पोइल व्यवस्थापनबाट उत्पन्न प्रभावहरू तथा ढुवानीका साधन र निर्माण मेसिनरीबाट हुने वायु तथा ध्वनि प्रदूषणका प्रभावहरू पनि देखिन सक्नेछन्।

#### ६.२.२ जैविक वातावरण

प्रस्तावित आयोजनाका संरचना तथा सुविधाहरूका लागि स्थायी तथा अस्थायी रूपमा अपि नम्पा संरक्षण क्षेत्रको कुल १३.०१ हेक्टर जग्गा आवश्यक पर्दछ जसमा वन क्षेत्र १.३६ हे. र खोलाको बगर ११.६५ हे. जग्गा प्रयोग हुने देखिन्छ। अपी नम्पा संरक्षण क्षेत्र भित्र पर्ने संरक्षण सामुदायिक वन क्षेत्रबाट ११ प्रजातिका कूल ६२ गोटा रूख तथा पोलहरू (रुख २१ वटा र पोल ४१) हेडरेस पाइप र सर्ज ट्यांक निर्माणको क्रममा हटाउनुपर्ने देखिन्छ। जसमा उषाणे (क) संरक्षण

सामुदायिक वन क्षेत्रबाट ५ वटा रुख र ८ वटा पोल, उषाणे (ख) संरक्षण सामुदायिक वनबाट ७ वटा रुख र ११ वटा पोल, खकने संरक्षण सामुदायिक वनबाट २ वटा रुख र ९ वटा पोल र बालिचन नलबगड संरक्षण सामुदायिक वनबाट ७ वटा रुख र १३ वटा पोल पर्दछ। कटान हुने मुख्य वनस्पतिहरुमा चिउरी, सल्ला, वर, पिपल, टुनी, सिमल, साझ, जामुन, अमला, आँप आदि रहेका छन्। यसरी हटाउनु पर्ने रूखहरूको वन्य उत्पादनको हिसाब गर्दा ७९.७४ क्यु. फिट काठ र १९९.४३ क्यु. फिट दाउराको नोक्सान हुने देखिन्छ।

### ६.२.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

प्रस्तावित आयोजना कार्यान्वयनका लागि कूल ८१ घरपरिवारको १०.४१ हे. निजी जग्गा प्रयोग गर्नु पर्ने देखिएको छ जसमा १.८५ हेक्टर खेतियोग्य र ८.५८ हेक्टर बाँझो जग्गा आवश्यक रहेको छ। स्थायी प्रयोजनका लागि आयोजनाका संरचनाहरु निर्माण गर्दा यी निजी जग्गामा क्षति पुग्ने देखिन्छ। आयोजनाले प्रयोग गर्ने कुल १.८५ हेक्टर निजि खेतियोग्य जग्गामा उब्जाउमा कमि र खेतीयोग्य जमिनको नाश तथा अन्नबालीको नोक्सानी हुने देखिन्छ।

## ७. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकुल प्रभाव न्यून गर्ने उपाय

### ७.१ नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु

### ७.१.१ भौतिक वातावरण

- आयोजनाका संरचनाहरू निर्माण गर्दा आवश्यक न्यूनतम क्षेत्रफल मात्र उपयोग गरिनेछ तथा वरपरको वन क्षेत्र, खेतीयोग्य जमिन र बाँझो जग्गामा अनावश्यक क्षति नपुग्ने गरी निर्माण कार्य संचालन गरिनेछ।
- आयोजनाको संरचनाहरु रहने भिरालो जमिनमा उत्खनन गर्ने क्रममा स्थायित्वका लागि angle of repose कायम गरिनेछ। ढलान संरक्षणका लागि Gabion Wall, Retaining Wall, Breast Wall वा अन्य आवश्यक Bio-engineering प्रविधिहरु जस्तै टेरेसिंग, अम्रिसो, दुबो, Jute Netting आदि र इन्जिनियरिङ्ग संरचनाहरु जस्तै पर्खाल, बेन्चिङ्ग, पानीको निकासी आदिहरु अपनाइनेछ।
- आयोजना निर्माणको क्रममा उत्खनन कार्य गर्दा निस्केको माटो र ढुङ्गा व्यवस्थापनको लागि २ वटा डिस्पोजल क्षेत्रहरु छुट्याईएको छ र माटो तथा ढुङ्गा थुपार्न ४ मि.को उचाई

कायम राखिनेछ। त्यस पश्चात सो क्षेत्रमा पानीको निकासका लागि संरचना बनाईनेछ र त्यस माथि विरुवाहरु रोपीनेछ।

- सवारी साधनबाट उत्सर्जित हुने धुवाँ कम गर्नको लागि सवारी साधनको नियमित रुपमा जाँच गरिनेछ र Vehicular Mass Emission Standard अनुसार emission कायम गरिनेछ।

## ७.१.२ जैविक वातावरण

- अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत स्थायी संरचनाबाट प्रभावित १३.०१० हेक्टर वन क्षेत्रको क्षतिपूर्ति स्वरूप संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० बमोजिम वन क्षेत्रको सट्टाभर्ना गरिनेछ।
- उषाणे (क), उषाणे (ख), खकने तथा बालिचन नलबगड संरक्षण सामुदायिक वनबाट हटाउनुपर्ने ६२ वटा रूख तथा पोलको क्षतिपूर्तिस्वरूप प्रति रूख १० का दरले ६२० बिरुवा रोपिनेछ।
- साथै, १३.०१ हेक्टर वन क्षेत्र प्रयोग गरेबापत प्रति हेक्टर १,६०० का दरले आवश्यक २०,८१६ बिरुवा सहित कुल २१,४३६ बिरुवा अपि नम्पा संरक्षण क्षेत्रले तोकेको स्थानमा रोपेर कम्तीमा ५ वर्षसम्म स्याहार, सम्भार तथा संरक्षण गरिनेछ।

## ७.१.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

- प्रस्तावित आयोजना कार्यान्वयनका लागि कूल ८१ घरपरिवारको ९.९० हे. निजी जमिन स्थायी प्रयोजनको लागि र ०.५३ हे. निजी जमिन अस्थायी प्रयोजनको लागि गरी कूल १०.४३ हे. आवश्यक रहेको हुँदा प्रस्तावकले जग्गाधनिहरुसँग छलफल गरि स्थानीय तहको समन्वयमा जग्गाको बजार मुल्य अनुरुप खरिद गरिनेछ।
- अस्थायी सुविधाहरूको लागि आवश्यक जमिन वर्तमान बजार मूल्यका आधारमा छोटो अवधिका लागि लिजमा लिइनेछ।
- आयोजना सम्पन्न भएपछि लिजमा लिइएको जमिन पुनःस्थापना गरी सम्बन्धित जग्गाधनीलाई फिर्ता गरिनेछ।
- त्यसैगरी आयोजनाले स्थायी रुपमा प्रयोग गर्ने १.८५ हेक्टर निजी खेतियोग्य जग्गाको खरिद गर्नु अघि जग्गा धनिसंग समन्वय गरी बालि नोक्सानीको क्षतिपूर्ति प्रदान गर्नेछ।

## ७.३ सामुदायिक सहयोगका कार्यक्रमहरू

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत छुट्टाइएका कार्यक्रमहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार नै छन् भने सार्वजनिक सुनुवाई कार्यकममा स्थानीयवासीहरुले प्रस्तावित आयोजनाको बाँध क्षेत्र माथि रहेको घाटको व्यवस्थापनमा सहयोग गर्न माग गरेको हुनाले यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा घाट व्यवस्थापनको लागि ने.रु.१०,००,०००/- रकम थप विनियोजन गरिएको छ।

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत ने.रु. ४,६७,७२,००५/- छुट्याईएको थियो भने हाल पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ने.रु. ४,७७,७२,००५/- सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत छुट्याईएको छ। जुन आयोजनाको कुल लागतको ०.८४ % रहेको छ।

## ७.५ वातावरणीय लागतको सारांश

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा वातावरणीय अभिवृद्धि तथा सामुदायिक सहयोग कार्यक्रमका लागि विनियोजित लागतको तुलना गर्दा, पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा छुट्याइएको रकम भन्दा ने.रु. १०,००,००० ले वृद्धि भएको छ। तदनुसार, यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा कुल ने.रु. ७,७९,८५,४७५ वातावरणीय व्यवस्थापन लागत विनियोजन गरिएको छ, जुन कुल आयोजना लागतको १.३७ प्रतिशत हुन आउँछ।

## ८. निष्कर्ष

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्ताव गरिएका प्रतिकूल प्रभाव न्यूनीकरण तथा अनुकूल प्रभाव अभिवृद्धिका उपायहरूका साथै वातावरणीय व्यवस्थापन योजना र वातावरणीय अनुगमन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रस्तावक पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। यसका अतिरिक्त, आयोजना कार्यान्वयनका क्रममा वातावरणीय मापदण्डहरूको कडाइका साथ पालना गरिनेछ र आवश्यक सबै सुधारात्मक तथा न्यूनीकरणात्मक उपायहरू समयमै अपनाइनेछन्। यो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अभिन्न अङ्गको रूपमा रहनेछ।

| विषय सूची | | पेज न. |
|---|---|---|
| **संक्षिप्त शब्दावली** | | i |
| **कार्यकारी सारांश** | | i-viii |
| **Executive Summary** | | a-f |
| **अध्याय १**<br>**प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना** | | १-१ |
| १.१ | प्रतिवेदन तयार गर्ने प्रस्तावकको नाम र ठेगाना | १-१ |
| १.२ | परामर्शदाताको पुरा नाम र ठेगाना | १-१ |
| १.३ | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेको कानुनी औचित्य | १-३ |
| १.४ | पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य | १-३ |
| १.५ | अध्ययनको सिमा | १-३ |
| **अध्याय २**<br>**प्रस्तावको परिचय** | | २-१ |
| २.१ | आयोजनाको पृष्ठभूमि | २-१ |
| २.२ | आयोजनाको विवरण | २-३ |
| २.३ | आयोजनाको अवस्थिति | २-३ |
| २.४ | पहुँच मार्ग | २-५ |
| २.५ | आयोजनाको मूलभूत विशेषताहरु | २-६ |
| २.६ | आयोजनाको संरचनाहरुको विवरण | २-१३ |
| २.६.१ | बाँध र इन्टेक | २-१३ |
| २.६.२ | ग्राभेल ट्र्याप | २-१३ |
| २.६.३ | सेटलिङ्ग बेसिन | २-१३ |
| २.६.४ | हेडरेस पाइप | २-१३ |
| २.६.५ | सर्ज ट्यांक | २-१३ |
| २.६.६ | पेनस्टक पाइप | २-१४ |
| २.६.७ | विद्युतगृह | २-१४ |
| २.६.८ | टेलरेस | २-१४ |
| २.६.९ | स्विच्यार्ड तथा प्रसारण लाइन | २-१४ |
| २.७ | आयोजनाको आवश्यकता | २-१४ |
| २.७.१ | आयोजनाका निम्ति आवश्यक जग्गा | २-१४ |
| २.७.२ | आवश्यक जनशक्ति | २-१६ |
| २.७.३ | निर्माण ऊर्जा | २-१७ |
| २.७.४ | निर्माण सामग्री | २-१८ |
| २.८ | आयोजनाका सहायक सुविधाहरु | २-१९ |
| २.८.१ | निर्माण शिविरहरु तथा भण्डारण क्षेत्र | २-१९ |
| २.८.२ | उत्खनन् क्षेत्र तथा क्रसर र ब्याचिङ्ग प्लान्ट | २-२० |
| २.८.३ | स्पोइल डिस्पोजल क्षेत्र | २-२१ |

| | | |
|---|---|---|
| २.९ | निर्माण सामग्री | २-२२ |
| २.१० | आयोजना प्रभाव क्षेत्रको चित्रण | २-२२ |
| **अध्याय ३**<br>**प्रतिवेदन तयार गर्दा अपनाइएको विधि** | | ३-१ |
| ३.१ | सन्दर्भ सामग्रीहरुको पुनरावलोकन | ३-१ |
| ३.२ | आयोजनाले प्रभाव पार्न सक्ने वातावरणीय पक्षहरुको वस्तुगत स्थितिको तथ्यांक/विवरण संकलन गर्न अपनाईएको विधि | ३-१ |
| ३.२.१ | भौतिक वातावरण | ३-२ |
| ३.२.२ | जैविक वातावरण | ३-४ |
| ३.२.३ | सामाजिक तथा आर्थिक वातावरण | ३-५ |
| ३.३ | आयोजनाबाट प्रभावित परिवारहरु | ३-८ |
| ३.४ | प्रभावको पहिचान, आकलन तथा मूल्याङ्कन गर्दा अपनाइएको विधि | ३-८ |
| ३.५.१ | सार्वजनिक सुनुवाई आव्हान गरी प्रकाशित गरिएको सार्वजनिक सूचना | ३-९ |
| ३.५.२ | सार्वजनिक सुनुवाई | ३-१० |
| ३.६ | सार्वजनिक सूचना प्रकाशन | ३-१३ |
| ३.७ | सिफारिस पत्र संकलन | ३-१३ |
| ३.८ | अन्तिम प्रतिवेदन तयारी | ३-१४ |
| **अध्याय ४**<br>**प्रतिवेदन तयार गर्दा विचार गरिएका नीति, ऐन, नियम, निर्देशिका, तथा अन्तर्राष्ट्रिय सन्धि समझौता** | | ४-१ |
| **अध्याय ५**<br>**विद्यमान वातावरणीय अवस्था** | | ५-१ |
| ५.१ | भौतिक तथा रासायनिक वातावरण | ५-१ |
| ५.१.१ | भू-उपयोग | ५-१ |
| ५.१.२ | भौगर्भिक अवस्था | ५-२ |
| ५.१.३ | पानी, वायु तथा ध्वनिको गुणस्तर | ५-१० |
| ५.१.४ | भू-क्षय तथा पहिरो | ५-१२ |
| ५.२ | जैविक वातावरण | ५-१३ |
| ५.२.१ | कटान हुने वनस्पति | ५-१३ |
| ५.३ | सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण | ५-१५ |
| ५.३.१ | आयोजनाबाट प्रभावित परिवार | ५-१६ |
| **अध्याय ६**<br>**प्रस्ताव कार्यान्वयन गर्दा वातावारणमा पर्ने प्रभाव** | | ६-१ |
| ६.१ | नकारात्मक प्रभावहरु | ६-१ |
| ६.१.१ | भौतिक वातावरण | ६-१ |
| ६.१.२ | जैविक वातावारण | ६-३ |
| ६.१.३ | सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावारण | ६-४ |

| | | |
|---|---|---|
| **अध्याय ७**<br>**अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकुल प्रभाव न्यून गर्ने उपाय** | | ७-१ |
| ७.१ | सकारात्मक प्रभाव अभिवृद्धिका उपायहरु | ७-१ |
| ७.२ | नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु | ७-१ |
| ७.२.१ | भौतिक वातावरण | ७-१ |
| ७.२.२ | जैविक वातावरण | ७-३ |
| ७.२.३ | सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण | ७-५ |
| ७.३ | वातावरणीय व्यवस्थापन योजना | ७-५ |
| ७.४ | सामुदायिक सहयोग कार्यक्रम | ७-१३ |
| ७.५ | वातावरणीय लागतको सारंश | ७-१४ |
| **अध्याय ८**<br>**वातावरणीय अनुगमन** | | ८-१ |
| **अध्यया ९**<br>**वातावरणीय परीक्षण** | | ९-१ |
| **अध्याय १०**<br>**निष्कर्ष** | | १०-१ |
| **सन्दर्भ सामग्रीहरु** | | |
| **अनुसूचीहरु** | | |
| अनुसूची १ : विद्युत उत्पादनको अनुमति पत्र | | |
| अनुसूची २ : विद्युत विकास विभागबाट प्राप्त सैद्धान्तिक सहमति पत्र तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन सहमति पत्र | | |
| अनुसूची ३ : आयोजनाको अध्ययनसँग सम्बन्धित नक्साहरु | | |
| अनुसूची ४ : आयोजनाको निर्माण तालिका | | |
| अनुसूची ५ : सामुहिक छलफलको विवरण | | |
| अनुसूची ६ : सार्वजनिक सुनुवाईको विवरण | | |
| अनुसूची ७ : सार्वजनिक सूचना र मुचुल्का | | |
| अनुसूची ८ : सिफारिस पत्र | | |
| अनुसूची ९ : पानीको नमुनाको ल्याब रिपोर्ट | | |
| अनुसूची १० : आयोजना प्रभावित घरधुरीको विवरण | | |
| अनुसूची ११ : रुख कटान संख्याको विवरण | | |
| अनुसूची १२ : वातावरणीय बहाव र विद्युत उत्पादन तालिका | | |
| अनुसूची १३ : आयोजना सम्बन्धित फोटोहरु | | |
| अनुसूची १४ : प्रस्तावक र अध्ययन टोलीको स्वः घोषणा पत्र | | |
| अनुसूची १५ : स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनको पत्र र प्रतिवेदन | | |

**आयोजनामा रहेका तालिकाहरु**


| तालिका | पेज नं |
|---|---|
| तालिका १.१: पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन संलग्न विज्ञ टोलि | १-१ |
| तालिका २.१: प्रस्तावित आयोजको Project Progress Report अनुसार सम्पन्न भएका कार्यहरुको विवरण | २-२ |
| तालिका २.२: आयोजनाको विवरण | २-३ |
| तालिका २.२: आयोजनाका संरचनाहरु प्रस्ताव गरिएको स्थान | २-४ |
| तालिका २.३: आयोजना क्षेत्र सम्मको पहुँच मार्ग | २-५ |
| तालिका २.४: आयोजनाको तुलनात्मक विशेषताहरु | २-६ |
| तालिका २.५: आवश्यक जग्गाहरुको विवरण | २-१५ |
| तालिका २.६: जग्गाको तुलनात्मक विवरण | २-१६ |
| तालिका २.७: आयोजनाको लागि आवश्यक पर्ने अनुमानित जनशक्ति | २-१६ |
| तालिका २.८: आयोजनाको लागि अनुमानित निर्माण ऊर्जा | २-१८ |
| तालिका २.९: डिजेल जेनेरेटरहरुको संख्या र क्षमता | २-१८ |
| तालिका २.१०: निर्माण सामग्रीहरुको विवरण | २-१८ |
| तालिका २.११: आयोजनाको प्रस्तावित शिविर तथा भण्डारण क्षेत्र | २-१९ |
| तालिका २.१२: प्रस्तावित उत्खनन् क्षेत्र र सो क्षेत्रमा पाइने निर्माण सामग्रीहरु | २-२० |
| तालिका २.१३: आयोजनाको प्रस्तावित क्रसर र ब्याचीङ्ग प्लान्ट | २-२१ |
| तालिका २.१४: आयोजनाका अवयवहरुको निर्माण तथा उत्खननको क्रममा निस्किन सक्ने माटो र ढुङ्गाको अनुमानित मात्रा | २-२१ |
| तालिका २.१५: स्पोइल डिस्पोजल व्यवस्थापनका लागि छुट्याईएको क्षेत्र | २-२२ |
| तालिका ३.१: वायु तथा ध्वनि गुणस्तर मापन गरिएको स्थान | ३-२ |
| तालिका ३.२: समूह छलफलको विवरण | ३-५ |
| तालिका ३.३: प्रमुख सूचनादातासँग अन्तर्वार्ता विवरण | ३-७ |
| तालिका ३.४: प्रभाव मूल्याङ्कन म्यात्रिक्स | ३-९ |
| तालिका ३.५: प्रभावको प्राथमिकरण गर्न प्रयोग हुने संकभार | ३-९ |
| तालिका ३.६: सार्वजनिक सुनुवाईमा उठेका सवाल | ३-१० |
| तालिका ३.७: गाउँपालिकाबाट प्राप्त भएको सिफारिस पत्रका शर्तहरुको सम्बोधन | ३-१३ |
| तालिका ३.८: अपि नम्पा संरक्षण क्षेत्र कार्यालयबाट पर्प्त भएको सिफारिसपत्रका शर्तहरुको सम्बोधन | ३-१४ |
| तालिका ४.१: सम्बन्धित नीति, कानुन तथा मापदण्डहरुको पुनरावलोकन | ४-१ |
| तालिका ५.१: विभिन्न स्थानमा मापन गरिएको PM10 र PM 2.5को तथ्यांक | ५-११ |
| तालिका ५.२: विभिन्न स्थानमा मापन गरिएको ध्वनिको स्तर | ५-११ |
| तालिका ५.३: आयोजना क्षेत्रमा कटान गर्नुपर्ने रुख तथा पोलहरुको प्रजाति र संख्याको संक्षिप्त विवरण | ५-१४ |
| तालिका ५.४: आयोजनाको अपि नम्पा संरक्षण क्षेत्रका सामुदायिक वन समिति अन्तर्गत कटान गर्नुपर्ने रुख तथा पोलको संख्या | ५-१४ |
| तालिका ५.५: प्रभावित घरधुरीको जनसंखिय विवरण | ५-१६ |
| तालिका ५.६: आयोजना प्रभावित घरधुरीको जातीय विवरण | ५-१६ |
| तालिका ५.७: प्रभावित घरपरिवारको शैक्षिक साक्षरता स्थिति | ५-१७ |

| तालिका | पेज नं |
|---|---|
| तालिका ५.८: प्रभावित परिवारको शैक्षिक अवस्था | ५-१७ |
| तालिका ५.९: विभिन्न पेशामा संलग्न घरधुरी विवरण | ५-१८ |
| तालिका ५.१०: उत्पादन हुने मुख्य बाली | ५-१८ |
| तालिका ५.११: प्रभावित घरधुरीमा खाद्यान्नको पर्याप्तता | ५-१९ |
| तालिका ५.१२: आयोजना प्रभावित घरपरिवारको आम्दानीको स्रोत | ५-२० |
| तालिका ५.१३: आयोजना प्रभावित घरपरिवारको खर्चको विवरण | ५-२० |
| तालिका ६.१: वातावरणीय प्रभावहरुको तह निर्धारण तालिका | ६-५ |
| तालिका ७.१: क्षतिपुर्ति वृक्षारोपणको लागि लागत | ७-४ |
| तालिका ७.२: नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायहरु | ७-६ |
| तालिका ७.३: सामुदायिक सहयोग कार्यक्रमको तुलनात्मक लागत | ७-१३ |
| तालिका ७.४: वातावरणीय लागत | ७-१४ |


## चित्रहरु र फोटोहरुको सूची


| चित्रहरु | पेज नं |
|---|---|
| चित्र २.१: आयोजना स्थलको नक्शा | २-४ |
| चित्र २.२: आयोजना स्थलसम्मको पहुँचको अवस्था | २-५ |
| चित्र २.३: आयोजना प्रभाव क्षेत्रको चित्रण | २-२३ |
| चित्र ५.१: नेपालको भौगर्भिक नक्सामा आयोजना क्षेत्र | ५-९ |
| चित्र ५.२: आयोजना क्षेत्रको भौगर्भिक नक्शा | ५-१० |
| चित्र ५.३: अपि नम्पा संरक्षण क्षेत्र भित्र आयोजना क्षेत्र | ५-१५ |
| **फोटोहरु** | |
| फोटो ३.१: सार्वजनिक सुनुवाई कार्यक्रमका तस्बिरहरु | ३-१२ |
| फोटो ५.१: प्रस्तावित बाँध बन्ने स्थान | ५-२ |
| फोटो ५.२: चेनेज१+००० देखि चेनेज १+२५० रहेको रोडा खोल्सी | ५-४ |
| फोटो ५.३: हेडरेस पाइप जाने चेनेज १+७०० देखि चेनेज १+७५० मा रहेको साँघुरो क्षेत्र | ५-४ |
| फोटो ५.४: हेडरेस पाइप जाने चेनेज४+२५० देखि चेनेज ४+५०० मा रहेको कृषि गरिएको क्षेत्र | ५-६ |
| फोटो ५.५: हेडरेस पाइप जाने चेनेज ५+१५० देखि चेनेज ५+२०० मा रहेको वनस्पतिले ढाकेको क्षेत्र | ५-६ |
| फोटो ५.६: हेडरेस पाइप जाने चेनेज ७+२५० देखि चेनेज ७+५०० को अवस्था | ५-७ |
| फोटो ५.७: हेडरेस पाइप जाने चेनेज ७+५०० देखि चेनेज ७+६५० को समथल भूभाग | ५-८ |
| फोटो ५.८: हेडरेस मार्गमा रहेको रेल पहिरो क्षेत्र | ५-१२ |

# अध्याय १

# १. प्रतिवेदन तयार गर्ने सँस्थाको नाम र ठेगाना

## १.१ प्रतिवेदन तयार गर्ने प्रस्तावकको नाम र ठेगाना

प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) को प्रस्तावक दार्चुला पावर लिमिटेड रहेको छ। यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन र यसको संरचनाहरुको जवाफदेही प्रस्तावकनै रहनेछ। प्रस्तावकको सम्पर्क ठेगाना तपशिल बमोजिम रहेको छः

**दार्चुला पावर लिमिटेड**

थापाथली-११, काठमाण्डौं, नेपाल

सम्पर्क नं: ०१-५१११०९३, ९८०११४७०८७

Email: powerdarchula@gmail.com

## १.२ परामर्शदाताको पुरा नाम र ठेगाना

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि स्वान्सग्रीन इन्भाइरोमेन्ट सोलुशन प्रा. लि. लाई नियूक्त गरिएको छ। यस कम्पनी विभिन्न परियोजनाहरूको योजना, डिजाइन, र कार्यान्वयनमा विविध सुविधा प्रदान गर्ने उद्देश्य सहित वि.सं. २०७५ सालमा स्थापित एक परामर्शदाता कम्पनी हो। यस कम्पनीको सम्पर्क ठेगाना निम्न अनुसार रहेको छ।

**स्वान्सग्रीन इन्भाइरोमेन्ट सोलुशन प्रा. लि.**

कोटेश्वर, काठमाडौं, नेपाल

सम्पर्क नंः ९७७-९८४९१७८३२१/ ९८४३७५८५८८

Email: swansgreen011@gmail.com

परामर्शदाताको तर्फबाट पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नको लागि अध्ययन टोली तालिका १.१ मा दिइएको छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम ६ बमोजिम अनुसूची १३ मा उल्लेखित विज्ञहरुको संलग्नतामा यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

**तालिका १.१ः पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा संलग्न विज्ञ टोली**

| क्र.स. | नाम र पद | शैक्षिक योग्यता | अध्ययन क्षेत्र | IEE/EIA मा संलग्नता | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | मधुकर खड्का (वातावरण विद्) | MSc. वातावरण विज्ञान | सम्पूर्ण वातावरण क्षेत्र | ३ भन्दा धेरै | ९८४१५४५३२९ |
| २. | पुजन न्युपाने (हाईड्रोपावर इन्जीनियर) | M.Sc in Water Resources Engineering | भौतिक वातावरण तथा ईन्जिनीयरीङ्ग क्षेत्र | ३ भन्दा धेरै | ९८४१०४२१८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | संजय बुढाथोकी (Geologist) | M.Sc. in Engineering Geology | भौतिक वातावरण तथा भौगर्भिक अवस्था | ३ भन्दा धेरै | ९८६१५९३९९८ |
| ४. | सिलानाथ झा (वन विज्ञ) | Msc. Forestry | जैविक वातावरण | ३ भन्दा धेरै | ९८६२९९९६५६ |
| ५. | दोर्ण सेन (समाज शास्त्री) | M.A मानवसास्त्र | सामाजिक आर्थिक तथा साँस्कृतिक वातवरण | ३ भन्दा धेरै | ९८४१४८०७३५ |
| ६. | सुजन दाहाल (वनस्पति विद्) | Msc. वनस्पतिसास्त्र | जैविक वातावरण | ३ भन्दा धेरै | ९८४००९९३९ |
| ७. | बबिता तिमिल्सिना (वातावरणविद्) | Msc. वातावरण विज्ञान | जैविक वातावरण | ३ भन्दा धेरै | ९८६१२२१०९१ |
| ८. | रुविन थापा (संयोजक) | B. Tech. वातावरण ईन्जिनीयरीङ्ग, Msc. IWRM | भौतिक वातावरण | ३ भन्दा धेरै | ९८४३७५८५८८ |

## १.३ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी औचित्य

वातावरण संरक्षण ऐन, २०७६ दफा ११ को उपदफा १ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ ।

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भन्दा Layout तथा डिजाइन परिवर्तन भई आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएकोले, आयोजनाका संरचनाहरूमा भएको परिवर्तनका कारण यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपरेको हो।

यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०८०/०५/०७ मा तत्कालिन श्री वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो भने पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि मिति २०८२/०९/२१ मा तत्कालिन वन तथा वातावरण मन्त्रालयबाट अध्ययन सहमति प्राप्त भएको थियो।

## १.४ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य भनेको आयोजनाको डिजाइन परिवर्तन एवं संरचना स्थानान्तरणका कारण उत्पन्न हुन सक्ने थप वातावरणीय प्रभावहरू (यदि कुनै छन् भने) को मूल्याङ्कन गर्नु रहेको छ। यस बाहेक पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका अन्य उद्देश्यहरू निम्न प्रकारका छन्ः

- संरचना स्थानान्तरण भएको क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणसँग सम्बन्धित आधारभूत तथ्यांकहरु संकलन गर्नु।
- आयोजनाको डिजाइन परिवर्तन एवं संरचना स्थानान्तरणका कारण आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक पक्षमा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरु पहिचान, अनुमान तथा मूल्याङ्कन गर्नु।
- सकारात्मक वातावरणीय प्रभावहरूको अभिवृद्धि गर्न र नकारात्मक वातावरणीय प्रभावहरूलाई न्यूनिकरण गर्न आवश्यक उपायहरुको सिफारिस गर्नु।
- आयोजना निर्माण र संचालन चरणका लागि परिमार्जित वातावरणीय व्यवस्थापन योजना तथा अनुगमन योजना तयार पार्नु।

## १.५ अध्ययनको सिमा

पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको सिमा प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) को स्थायी संरचनाहरु र आयोजनाले निर्माण गर्ने अस्थायी संरचनाहरु जस्तै मक डिस्पोजल क्षेत्र, उत्खनन् र क्रसर क्षेत्र र अस्थायी शिविरमा मात्र सिमित रहेको छ। यस अध्ययनको सिमा भित्र प्रस्तावित आयोजनाबाट उत्पादित ऊर्जालाई राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्ने विद्युत प्रसारण लाईन आयोजनाको अध्ययनलाई समेटिएको छैन। आयोजनाको विद्युत प्रसारण लाइनको लागि भने छुट्टै वातावरणीय अध्ययन गरिनेछ।

# अध्याय २

# २. प्रस्तावको परिचय

## २.१ आयोजनाको पृष्ठभूमि

दार्चुला पावर लिमिटेड द्वारा २८.३०४ मेगावाट क्षमताको मध्य चमेलिया जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र (वि.वि.वि. २०८१/८२ वि.उ. ४७०) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०८१/१२/१३ को निर्णयानुसार मिति २०८१/१२/१३ देखि मिति २११६/१२/१२ सम्म ३५ वर्ष बहाल अवधि रहने गरी जारी भएको थियो (अनुसूची १)।

यस आयोजनाको सुरुवाती अध्ययनमा आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनारामा प्रस्ताव गरी चमेलिया नदीको २५.१७ घ.मि./से. बहाव उपयोग गर्ने गरी कूल १३६.२६ मिटर हेड मार्फत २८.३०४ मे.वा. विद्युतिय ऊर्जा उत्पादन गर्ने लक्ष्य रहेको थियो। यसै अनुरुप आयोजनाको सम्भाव्यता एवं वातावरणीय अध्ययन समेत तयार गरिएको थियो। यसरी तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन मिति २०८०/०५/०७ मा तत्कालिन श्री वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो।

तर, विस्तृत अध्ययनको क्रममा दायाँ किनारको तुलनामा बाँया किनारमा विद्युतगृह तथा स्विचयार्ड निर्माणका लागि बढी उपयुक्त स्थान उपलब्ध रहेको, पहुँच सडक सहज भएकोले निर्माण कार्य छिटो तथा प्रभावकारी रूपमा सम्पन्न गर्न सकिने, सिभिल संरचना तथा पाइपलाइन मार्ग ठूला बस्तीहरूबाट नजाने भएकाले सामाजिक असर न्यून रहने, साथै दायाँ किनारको कमजोर भौगर्भिक अवस्थाका कारण सुरुङ्ग निर्माण जोखिमपूर्ण हुने देखिएकोले सुरुङ्ग निर्माण टार्न तथा आयोजना आर्थिक रूपमा बढी उपयुक्त बनाउन आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको हो। यस परिवर्तन सँगै बाँधको लम्बाई, इन्टेक साइज, डिसेन्डिङ बेसिनको संख्या, सुरुङ्ग मार्गको सट्टा हेडरेस पाइपको प्रयोग तथा हेडरेस पाइपको लम्बाइ एवं व्यासमा समेत परिवर्तन भएको छ।

यसरी यस आयोजनाको Layout तथा डिजाइन परिवर्तन भई आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएकोले थप अध्ययनको लागि मिति २०८२/०३/१० को विद्युत विकास विभागबाट सैद्धान्तिक सहमति प्राप्त गरीएको थियो (अनुसूची २)।

प्रस्तावित आयोजनाको Project Progress Report अनुसार यस आयोजनाको हाल सम्म सम्पन्न भएका कार्यहरु बुंदागत रुपमा तालिका मा दिइएको छ।

**तालिका २.१: प्रस्तावित आयोजनाको Project Progress Report अनुसार सम्पन्न भएका कार्यहरुको विवरण**

| क्र.स. | मिति | विवरण |
|---|---|---|
| १. | २०८१/१२/१३ | विद्युत विकास विभागबाट मध्य चमेलिया जलविद्युत आयोजना २८.३०४ मे.वा. क्षमताको विद्युत उत्पादन अनुमति पत्र जारी भएको (अनुसूची १)। |
| २. | २०८०/०५/०७ | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको निर्णय अनुसार स्वीकृत भएको (अनुसूची १५)। |
| ३. | २०८२/०६/३१ | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुरुप आयोजनालाई हेडवर्क्स निर्माणको लागि स्थायी रूपमा आवश्यक पर्ने निजी जग्गा कित्ता नं. ३२८ आयोजनाको नाममा खरिदगरी नामसारी गरिएको र हाल सो जग्गा अस्थायी शिविर क्षेत्रको लागि प्रयोग गर्न सकिने |
| ४. | २०८२/०७/१३ | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुरुप आयोजनालाई हेडवर्क्स निर्माणको लागि स्थायी रूपमा आवश्यक पर्ने निजी जग्गा कित्ता नं. ३३३ आयोजनाको नाममा खरिदगरी नामसारी गरिएको र हाल सो जग्गा अस्थायी शिविर क्षेत्रको लागि प्रयोग गर्न सकिने |
| ५. | २०८०/०६/२९ | नेपाल विद्युत प्राधिकरण र दार्चुला पावर लि. बीच मध्य चमेलिया जलविद्युत आयोजनाबाट उत्पादन हुने २८.३०४ मे.वा. विद्युत खरिद बिक्री सम्झौता (PPA) भएको। |
| ६. | २०८२/०२/२१ | मध्य चमेलिया जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापन (Financial Closure) सम्झौता सम्पन्न भएको |
| ७. | २०८२/०८/१० | आयोजनाको विस्तृत प्रतिवेदन (Detail Project Report) विवरण सम्पन्न भएको। |
| ८. | Contractor Selection को प्रगति विवरण | यस आयोजनाको Detail Project Report सम्पन्न भई सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलको बोलपत्र आव्हान (Tender Document) को काम सम्पन्न भइसकेको छ। |

**स्रोतः Project *Progress* Report, 2025**

## २.२ आयोजनाको विवरण

मध्य चमेलिया जलविद्युत आयोजना नेपालको सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित छ। यस आयोजना अन्तर्गतका संरचनाहरू मार्मा गाउँपालिकामा पर्दछन्। आयोजना ८०° ४२' ३८" पूर्व देखि ८०° ४६' ४५" पूर्व देशान्तर र २९° ४२' ५५" उत्तर देखि २९° ४५' ००" उत्तर अक्षांशको बीचमा पर्छ। बाँधस्थल र विद्युतगृह दुबै मार्मा गाउँपालिकामा रहेका छन्। आयोजनाको बाँध स्थल चमेलिया नदीको बाँया किनारामा अवस्थित छ जुन चमेलिया नदी र घट्टे खोलाको संगमस्थलबाट करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्दछ। त्यसैगरि, विद्युतगृह पनि चमेलिया नदीको बाँया किनारामै रहेको छ, जुन शेरिमा रहेको झोलुंगे पुलबाट करिब ७०० मि. तल, चमेलिया नदीको बाँया किनारा, नलबगरमा पर्दछ।

मध्य चमेलिया जलविद्युत आयोजना दार्चुला जिल्लाको पहाडी भुभागमा अवस्थित एक नदी प्रवाहमा आधारित आयोजना हो। विद्युत उत्पादनका लागि चमेलिया नदीलाई घट्टे खोला र चमेलिया नदीको संगमस्थलभन्दा करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा कङ्क्रिट ग्राभिटी वियर (Free overflow ogee type concrete gravity weir) निर्माण गरी पानी डाइभर्ट गरिने छ। उक्त पानीलाई लगभग ७६८० मिटर लामो जलमार्गमार्फत विद्युतगृहमा पुऱ्याइनेछ, जसमा ग्राभेल ट्र्याप, डिसेल्टिङ्ग बेसिन, हेडरेस पाइप, सर्ज ट्यांक र पेनस्टक पाइप समावेश छन्। बाँध तथा अन्य संरचना मार्फत वगाइएको पानी विद्युतगृहमा खसाली टेलरेस नहर मार्फत चमेलिया नदीमा नै फर्काइनेछ।

## २.३ आयोजनाको अवस्थिति

प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना स्थल अपी नाम्पा संरक्षण क्षेत्र भित्र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको मार्मा गाउँपालिकामा अवस्थित छ। यो जिल्ला पूर्वमा बझाङ जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड राज्यको पिथौरागढ, उतरमा चिनको स्वशाषित प्रदेश तिब्बत र दक्षिणमा बैतडी जिल्लासँग जोडिएको छ। भौगोलिक रूपमा, दार्चुला जिल्ला २९°३६'- ३०°१५' अक्षांश र ८०°२२'- ८१°०९' देशान्तरसम्म फैलिएको छ।

यस आयोजनको डाइभर्सन वेयर, डिसेल्टिङ्ग बेसिन, इन्टेक र हेडरेस पाइप मार्गको केहि भाग मार्मा गाउँपालिकाको वडा नं २ मा अवस्थित छ भने बाँकी हेडरेस पाइप मार्ग, सर्ज ट्यांक, पेनस्टक पाइप, विद्युतगृह र टेलरेस मार्मा गाउँपालिका वडा नं ३ मा प्रस्ताव गरिएको छ। मार्मा गाउँपालिका वडा नं. ४, ५ र ६ आयोजनाको मुख्य संरचनाहरू पर्ने वडाका सिमानामा पर्दछ।

प्रस्तावित आयोजना स्थल दार्चुला जिल्लाको गोकुलेश्वरबाट करिब ३० किलोमिटर टाढा उत्तर-पश्चिमतर्फ अवस्थित छ। प्रस्तावित आयोजना क्षेत्रको हेडवर्क्सबाट माथिल्लो तटमा करिब २५० मि. माथि ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना रहेको छ, जसको प्रस्तावक अपि पावर कम्पनि लि. रहेको छ। त्यस्तै, तल्लो तटमा प्रस्तावित

विद्युतगृहबाट करिब ३००० मि. तल ३० मेगावाट क्षमताको चमेलिया खोला जलविद्युत आयोजना रहेको छ, जसको प्रस्तावक नेपाल विद्युत प्राधिकरण रहेको छ।

आयोजनाको जलाधार क्षेत्रको उचाई समुन्द्री सतहबाट १०४० मिटरदेखि ७१३२ मिटरको बीचमा फैलिएको छ। आयोजनाका सबै संरचनाहरू चमेलिया नदीको बाँया किनारमा पर्दछन्। प्रस्तावित इन्टेक, मार्मा गाउँपालिका वडा नं. २, लटिनाथ, लामबगरमा रहेको छ भने विद्युतगृह मार्मा गाउँपालिका वडा नं. ३ को नलबगरमा अवस्थित छ।




**चित्र २.१: आयोजना स्थलको नक्सा**

**तालिका २.२: आयोजनाका संरचनाहरू प्रस्ताव गरिएको स्थान**

| क्र.सं. | मुख्य अवयवहरू | स्थान |
|---|---|---|
| १ | हेडवर्क्स | मार्मा गाउँपालिकाको वडा नं २, लटिनाथ, चमेलिया नदी र घट्टे खोलाको संगमस्थलबाट करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा, चमेलिया नदीको बाँया किनारा, लामबगर |
| २. | हेडरेस पाइप | मार्मा गाउँपालिकाको वडा नं २ र ३ |
| ३. | सर्ज ट्यांक पेनस्टक पाइप | मार्मा गाउँपालिकाको वडा नं ३ |
| ४. | विद्युतगृह | मार्मा गाउँपालिका-३, शेरिमा रहेको झोलुंगे पुलबाट करिब ७०० मि. तल, चमेलिया नदीको बाँया किनारा, नलबगर |
| ५. | सुख्खा तटीय क्षेत्र | मार्मा गाउँपालिका-४, ५ र ६ |

*स्रोत: स्थलगत अध्ययन, २०८२*

## २.४ पहुँच मार्ग

काठमाडौंबाट पृथ्वी राजमार्ग (काठमाडौं—नौबिसे—मुग्लिन खण्ड) हुँदै पूर्व—पश्चिम राजमार्ग (मुग्लिनपछि नारायणगढ हुँदै बुटवल—नेपालगञ्ज—धनगढी-अत्तरिया) मार्फत ६९० किलोमिटरको दूरी तय गरी अत्तरिया पुग्न सकिन्छ। अत्तरियाबाट महाकाली राजमार्ग हुँदै गोकुलेश्वरसम्मको सडक दूरी करिब २४५ कि.मि. रहेको छ। गोकुलेश्वरबाट चमेलिया नदीलाई पछ्याउँदै उत्तर—पूर्व दिशातर्फ करिब २५ कि.मि. सडक मार्ग यात्रा गरेपछि आयोजनाको हेडवर्क्स प्रस्ताव गरिएको क्षेत्र लटिनाथ पुग्न सकिन्छ। त्यस्तै, बैकल्पिक मार्गको रुपमा काठमाडौंबाट धनगडी सम्म हवाइ उडान मार्फत पुग्न सकिन्छ र त्यहाँबाट अत्तरिया, गोकुलेश्वर हुँदै आयोजना स्थलसम्म पुग्न सकिन्छ।

प्रस्तावित आयोजना स्थल सवारी साधनको आवतजावत गर्न मिल्ने सडकसँग जोडिएको छ। यद्यपि यस आयोजनाले हेडवर्क्स निर्माण हुने स्थल सम्म पुग्न छुट्टै ५५० मि. लम्बाई र ४.५ मि. चौडाईको पहुँच सडक निर्माण गर्नुपर्ने रहेको छ। त्यसैगरी विद्युतगृह सम्म पुग्नको लागि छुट्टै ३४० मि. लम्बाई र ४.५ मि. चौडाईको पहुँच सडक निर्माण गर्नुपर्ने रहेको देखिन्छ।

**तालिका २.३ः आयोजना क्षेत्र सम्मको पहुँच मार्ग**

| माध्यम | देखि | सम्म | दूरी (कि.मि) | सडकको अवस्था |
|---|---|---|---|---|
| सडक | काठमाडौं | अत्तरिया | ६९० | पृथ्वी राजमार्ग हुँदै पूर्व-पश्चिम राजमार्ग |
| | अत्तरिया | गोकुलेश्वर | २४५ | महाकाली राजमार्ग |
| | गोकुलेश्वर | लटिनाथ | २५ | कालोपत्री तथा कच्ची सडक |
| **कूल दूरी** | | | ९६० | |




**चित्र २.२ः आयोजनास्थल सम्मको पहुँचको अवस्था**

## २.५ आयोजनाको मूलभूत विशेषताहरू

यस आयोजनाको तुलनात्मक विशेषताहरु तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.४: आयोजनाको तुलनात्मक विशेषताहरु**

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| १. | **सामान्य जानकारी (General Information)** | | | | |
| | आयोजनाको नाम | मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) | मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) | अपरिवर्तित | - |
| | प्रदेश, जिल्ला | सुदूरपश्चिम, दार्चुला | सुदूरपश्चिम, दार्चुला | | |
| | गाउँपालिका | मार्म गाउँपालिका वडा न. २,३,४,५ र ६ | मार्म गाउँपालिका वडा न. २,३,४,५ र ६ | | |
| | नदी | चमेलिया नदी | चमेलिया नदी | | |
| | आयोजनाको किसिम | नदी प्रवाहमा आधारित | नदी प्रवाहमा आधारित | | |
| | ग्रस हेड | १३६.२६ मि | १४१ मि | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य परिवर्तन | थप वातावरणीय प्रभाव नपर्ने |
| | कूल हेड | १२८.४६ मि | १२८.४४ मि | | |
| | | सुरुङ्गको सट्टा हेडरेस पाइप प्रयोग गरिएको तथा हेडरेस पाइपको व्यास ३.८ मि. बाट ३.३ मि. मा घटाइएकाले ग्रस हेड बढे पनि नेट हेड लगभग समान रहेको | | | |
| | **भौगोलिक कोर्डिनेट्स (Geological Coordinates)** | | | | |
| | अक्षांश | २९° ४२' ५५" उ देखि २९° ४५' ००" उ | २९° ४२' ५५" उ देखि २९° ४५' ००" उ | अपरिवर्तित | थप वातावरणीय प्रभाव नपर्ने |
| | देशान्तर | ८०° ४२' ३८" पू देखि ८०° ४६' ४५" पू | ८०° ४२' ३८" पू देखि ८०° ४६' ४५" पू | | |
| २. | **जलविज्ञान (Hydrology)** | | | | |
| | जलाधार क्षेत्र | ७५९.६७ वर्ग कि.मि. | ७५९.६७ वर्ग कि.मि. | अपरिवर्तित | थप वातावरणीय प्रभाव नपर्ने |
| | औसत वार्षिक डिस्चार्ज | ३७.०८ घ.मि./से. | ३७.०८ घ.मि./से. | | |
| | डिजाइन डिस्चार्ज (at 40% PoE) | २५.१७ घ.मि./से. | २५.१७ घ.मि./से. | | |
| | १०० वर्ष डिजाइन | ६८५ घ.मि./से. | ६८५ घ.मि./से. | | |

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| | बाढी प्रवाह (हेडवर्क्स) | | | | |
| ३. | **डाइभर्सन वेयर/ बाँध (Diversion Weir)** | | | | |
| | वेयरको किसिम | Ogee- shaped concrete dam | Ogee- shaped concrete dam | अपरिवर्तित | - |
| | डाइभर्सन संरचनाको जम्मा लम्बाई तथा उचाई | ४५ मि. x ९.६६ मि. | ३२ मि. x ६.५ मि. | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | थप वातावरणीय प्रभाव नपर्ने |
| | बाँधको माथिल्लो सतह (Crest Elevation of the weir) | १०४२.२६ मि. | १०४३.५ मि. | | |
| | High Flood Level (१०० वर्ष) | १०४५.७२ मि. औसत समुद्री सतहभन्दा माथि | १०४५.७५ मि. औसत समुद्री सतहभन्दा माथि | | |
| ४. | **इन्टेक संरचना (Intake Structure)** | | | | थप वातावरणीय प्रभाव नपर्ने |
| | प्रकार | Vertical | Vertical | अपरिवर्तित | |
| | इन्टेक संख्या (no. of openings) | ३ | ३ | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | |
| | इन्टेकको नाप (चौडाइ X उचाई) | ५ मि X ३.५० मि. | ५ मि X २.५ मि. | | |
| | **ग्राभेल ट्र्याप (Gravel Trap)** | | | | |
| | लम्बाइ X चौडाई X उचाई, संख्या | २५ मि. x १२.५ मि. x १.१५ मि., १ वटा | २५ मि. x ८ मि. x ६ मि., १ वटा | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य परिवर्तन भएको | थप वातावरणीय प्रभाव नपर्ने |
| | **अण्डर स्लुइस (Under sluice)** | | | | |
| | नाप (चौडाइ X उचाई) | ५.० मि. X ५.० मि | ४.० मि. X ४.५ मि | दायाँ किनाराबाट बाँया किनारामा | थप वातावरणीय |

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| | अण्डर स्लुइस गेटको संख्या | १ | २ | स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | प्रभाव नपर्ने |
| ५. | **पहुँच नहर (Approach Canal)** | | | | |
| | लम्बाई | ६७ मि. | १५८ मि. | डिजाइन परिवर्तन भएको कारणले | |
| | चौडाई X उचाई | ५ मि. x ३ मि. | ३.८ मि. x ३.८ मि. | | |
| ६. | **सेटलिङ्ग बेसिन (Settling Basin)** | | | | |
| | प्रकार | Intermittent Flushing | Intermittent Flushing | | थप वातावरणीय प्रभाव नपर्ने |
| | बे संख्या (no. of bays) | ३ | २ | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | |
| | प्रत्येक बे को साइज (लम्बाइ X चौडाइ X उचाई) | ९० मि. X ९.५ मि. X ८.५ मि. | ८५ मि. X १५ मि. X ५ मि. | | |
| | Particle size to be settled | ०.२ मि.मि. | ०.२ मि.मि. | | |
| ७. | **हेडरेस पाइप (Headrace Pipe)** | | | | |
| | प्रकार | Mild Steel | Mild Steel | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | भू-उपयोगमा परिवर्तन आउने सवाल तथा भिरालो जमिनको स्थायित्वमा आउने परिवर्तन सम्बन्धित सवालहरु |
| | आन्तरिक व्यास | ३.८ मि. | ३.३ मि. | | |
| | लम्बाइ | ७०८० मि. | ७३४० मि. | | |
| | Number of Bends | ६१ | ९० | | |
| ८. | **हेडरेस सुरुङ्ग** | | | | |
| | साइज तथा आकार | ५८० मि. लम्बाई र ४.४ मि. व्यास, Inverted D-Shaped | हटाईएको | दायाँ किनारको कमजोर भौगर्भिक अवस्थाका कारण | सुरुङ्गको सट्टा पाइप रहने हुँदा |

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| | | | | सुरुङ निर्माण जोखिमपूर्ण हुने देखिएकोले सुरुङ निर्माण टार्न आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारण | सुरुङ्गबाट हुन् सक्ने प्रभाव हटेको |
| ९. | **सर्ज पाइप** | | | | |
| | व्यास | नरहेको | ४ मि. | थप भएको | धरातलीय स्वरुपमा हुने परिवर्तन |
| | लम्बाई | | ८५ मि. | | |
| | Up surge level | | १०४८.८३ मि. | | |
| | Down surge level | | १०११.८० मि. | | |
| १०. | **सर्ज ट्याङ्क (Surge Tank)** | | | | |
| | प्रकार | भूमिगत | RCC Tank | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | धरातलीय स्वरुपमा हुने परिवर्तन |
| | उचाई | ६४.५ मि. | आकारः ५० मि. लम्बाई, १४ मि. चौडाई र ८.७० मि. उचाई | | |
| | व्यास | ८ मि. | | | |
| | Up surge level | १०६६.७०० मि. | | | |
| | Down surge level | १०१३.१७६ मि. | | | |
| ११. | **पेनस्टक पाइप (Penstock Pipe)** | | | | |
| | प्रकार | Mild Steel | Mild Steel | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | धरातलीय स्वरुपमा हुने परिवर्तन |
| | पाइप मोटाइ | १५ मि.मि १६ मि.मि ,१३ मि.मि. पछि Bifurcation | १८ मि.मि-२४ मि.मि | | |
| | Bent को संख्या | ३ | ६ | | |
| | व्यास | ३ मि., २.५ मि., १.८ मि. Bifurcation पछि | ३ मि., २.४० मि र १.७० मि. | | |
| | लम्बाइ | Bifurcation सम्म १४५ | ३५० मि., २५ मि. र ६० | | |

| क.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| | | मि. र Bifurcation पछि ३० मि. | मि. | | |
| १२. | **विद्युतगृह (Powerhouse)** | | | | |
| | प्रकार | अर्ध सतही | सतही | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले सामान्य डिजाइन परिवर्तन भएको | भू-उपयोगमा परिवर्तन आउने सवाल |
| | स्थान | नदीको दायाँ किनार | नदीको बायाँ किनार | | |
| | साइज (लम्बाइ X चौडाइ X उचाई) | ४१ मि. X १७.५ मि. X १८ मि. | ५२ मि. X १५ मि. X २९.६ मि. | | |
| १३. | **टर्वाइन (Turbine)** | | | | |
| | प्रकार | Horizontal Axis Francis | Horizontal Axis Francis | डिजाइन Parameter परिवर्तन भएको कारणले सामान्य परिवर्तन भएको | थप वातावरणीय प्रभाव नपर्ने |
| | संख्या | २ | ३ | | |
| | क्षमता | १४.५९ मे.वा. प्रति टर्वाइन | ९.७४६ मे.वा. प्रति टर्वाइन | | |
| | Turbine Axis Level | ९०३.३८ मि. औसत समुद्री सतहभन्दा माथि | ९०३.३५ मि. औसत समुद्री सतहभन्दा माथि | | |
| | Efficiency | ९२% | ९२% | | |
| १४. | **टेलरेस (Tailrace)** | | | | |
| | प्रकार | Rectangular | Closed Conduit | डिजाइन Parameter परिवर्तन भएको कारणले सामान्य परिवर्तन भएको | थप वातावरणीय प्रभाव नपर्ने |
| | साइज (L X W X D) | २५५ मि. X ५.० मि. X ३ मि. | ११० मि.X ५.५ मि. X २.८ मि. | | |
| | Tailrace Water Level | ९०६ मि. औसत समुद्री सतहभन्दा माथि | ९०२.५ मि. औसत समुद्री सतहभन्दा माथि | | |
| १५. | **जेनेरेटर (Generator)** | | | | |
| | प्रकार | Synchronous | Synchronous | डिजाइन प्यारामिटरमा परिवर्तन भएकोले । | - |
| | क्षमता (Rated Output Capacity per Unit) | १६.६५ MVA | ११.१ MVA | | |
| | Power Factor | ०.८५ | ०.८५ | | |
| | भोल्टेज | ११ के.भी. | ११ के.भी. | | |
| | फ्रिकुयन्सी (Frequency) | ५० हर्ज | ५० हर्ज | | |

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| | संख्या | २ | ३ | | |
| | Excitation System | Brushless | Brushless | | |
| | Efficiency | ९७% | ९६.८% | | |
| १६. | **ट्रान्स्फरमर (Transformer)** | | | | |
| | प्रकार | ONAN onload top charger | Outdoor step-up power transformer | डिजाइन प्यारामिटरमा परिवर्तन भएकोले । | - |
| | क्षमता | ३*१८.५ MVA, ११/१३२kv | ३ X १२ MVA, ११/१३२ kv | | |
| | Efficiency | ९९% | ९९% | अपरिवर्तित | |
| १७. | **विद्युत प्रसारण लाइन (Transmission Line)** | | | | |
| | भोल्टेज | १३२ के.भी., सिङ्गल सर्किट | १३२ के.भी., सिङ्गल सर्किट | अपरिवर्तित | - |
| | लम्बाइ | ८.५ कि.मि. | ८.५ कि.मि. | | |
| | सुरुवाट बिन्दु | विद्युतगृह स्विचयार्ड | विद्युतगृह स्विचयार्ड | | |
| | अन्तिम बिन्दु | बलाच सबस्टेशन | बलाच सबस्टेशन | | |
| १८. | **ऊर्जा र शक्ति (Power and Energy)** | | | | |
| | जडित क्षमता | २८.३०४ मे.वा. | २८.३०४ मे.वा. | अपरिवर्तित | - |
| | कूल बार्षिक ऊर्जा | १८५.६२० गिगा वाट आवर | १८५.६२० गिगा वाट आवर | | |
| | सुख्खा याममा ऊर्जा | ६७.१०० गिगा वाट आवर | ६७.१०० गिगा वाट आवर | | |
| | वर्षा याममा ऊर्जा | ११८.५२० गिगा वाट आवर | ११८.५२० गिगा वाट आवर | | |
| १९. | **वित्तिय सूचक (Financial Indicators)** | | | | |
| | आयोजनाको कूल लागत | ने.रु. ६,२३,६२,६७,३९०/- | ने.रु. ५,६६,४१,०५,२६३.१२/- | दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले आर्थिक रूपमा बढी उपयुक्त देखिएको | - |
| | Internal Rate of Return (IRR) | १५% | १८.२४% | | |
| | Benefit/ Cost Ratio | १.९४ | २.१३ | | |
| | निर्माण अवधि | ३ वर्ष | २ वर्ष | | |

| क्र.सं. | विवरण | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु | परिवर्तन हुनुका कारण | वातावरणीय प्रभावहरु |
|---|---|---|---|---|---|
| २०. | **वातावरणीय सूचक** | | | | |
| | आवश्यक कूल जग्गा | **३३.९७ हेक्टर** (स्थायी रुपमा ३२.५१ हेक्टर र अस्थायी रुपमा १.४६ हेक्टर) | **२३.४४ हेक्टर** (स्थायी रुपमा १९.७४ हेक्टर र अस्थायी रुपमा ३.७० हेक्टर) | संरचना रहने स्थान दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले | आयोजनालाई आवश्यक कूल जग्गा कम भएको |
| | आवश्यक निजि जग्गा | **२६.८० हेक्टर** (स्थायी रुपमा २५.३४ हेक्टर र अस्थायी रुपमा १.४६ हेक्टर) | **१०.४३ हेक्टर** (स्थायी रुपमा खेतीयोग्य १.८५ हेक्टर र बाँझो ८.०५ हेक्टर गरी कूल ९.९ हेक्टर र अस्थायी रुपमा बाँझो ०.५३ हेक्टर) | | निजी जग्गाको प्रयोगमा कम भएको |
| | आवश्यक वन क्षेत्रको जग्गा | आयोजना निर्माण गर्दा अपि-नाम्पा संरक्षण क्षेत्रको ७.७७ हेक्टर | आयोजना निर्माण गर्दा अपि-नाम्पा संरक्षण क्षेत्रको १३.०१ हेक्टर (स्थायी रुपमा वन क्षेत्रको १.३६ हेक्टर र खोलाको बगर क्षेत्रको ८.४८ हेक्टर गरी कूल ९.८४ हेक्टर र अस्थायी रुपमा खोलाको बगरको ३.१७ हेक्टर) | | वन क्षेत्रको जग्गा बढेको |
| | जैविक वातावरण | अपि-नाम्पा संरक्षण क्षेत्रको वन क्षेत्रबाट कटान गर्नुपर्ने रुख उल्लेख नरहेको | कटान गर्नु पर्ने रुख तथा पोलः २१ वटा रुख र ४१ वटा पोल गरी **कूल ६२ वटा**<br>रुख प्रजातिहरुमा चिउरी, सल्ला, जामुन, टुनी, सिरिस, साँझ, सिमल, अमला आदि। | | कटान गर्नुपर्ने रुख संख्या रहेको |
| | सामाजिक वातावरण | आयोजना प्रभावित परिवार संख्याः कूल ७० | आयोजना प्रभावित परिवार संख्याः **कूल ८१**<br>जातिः सिंह, बिस्ट, पन्त, महर, ठगुन्ना, धामी, साउद आदि | | कूल प्रभावित परिवार संख्या थप भएको |

*स्रोतः Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

## २.६ आयोजनाको संरचनाहरुको विवरण

### २.६.१ बाँध र इन्टेक

आयोजनालाई आवश्यक पर्ने पानी लिनको लागि चमेलिया नदीमा ३२ मि. लम्बाई र ६.५ मि. उचाईको Ogee-shaped concrete प्रकारको बाँध निर्माण गरिनेछ। सो बाँधको Weir Crest level समुन्द्री सतहबाट १०४३.५ मि. उचाईमा रहनेछ। उक्त बाँधको बायाँ किनारमा ३ वटा ५.० मि. चौडाई र २.५ उचाईको Side Intake रहनेछ। इन्टेक संरचनाको ठीक तल्लो भागमा ४.० मि. चौडाइ र ४.५ मि. उचाईका दुईवटा अन्डरस्लुइस गेटहरू प्रस्ताव गरिएको छ। यी अन्डरस्लुइस गेटहरू इन्टेक संरचनाको आसपास जम्मा हुने बेड लोड (तलछट) को नियमित रूपमा निकास (स्लुइसिङ) गर्न तथा उच्च बाढीको समयमा नदीको बाढी बहावलाई सुरक्षित रूपमा पास गर्नका लागि प्रस्ताव गरिएको छ।

### २.६.२ ग्राभेल ट्र्याप (Gravel Trap)

इन्टेक पछि तुरुन्त ढुंगा थिग्राउने संरचना अर्थात् ग्राभल ट्रापको व्यवस्था गरिएको छ। यस आयोजनाको लागि प्रस्ताव गरिएको ग्राभेल ट्र्यापको लम्बाई २५ मि., चौडाई ८ मि. र उचाई ६ मि. हुनेछ जसले ५ मि.मि. सम्मको कणलाई थिग्राउन मद्दत गर्नेछ।

### २.६.३ सेटलिङ्ग बेसिन

ग्राभेल ट्र्याप पश्चात पानीलाई १५८ मि. लम्बाई भएको पहुँच नहर मार्फत सेटलिङ्ग बेसिनमा लगिनेछ। यस आयोजनाको लागि दुई वटा च्याम्बर भएको सेटलिङ्ग बेसिन जसले ०.२ मि.मि. सम्मको कणहरुलाई थिग्राउनको लागि डिजाइन गरिएको छ। प्रत्येक च्याम्बरको लम्बाई ८५ मि. चौडाई १५ मि. र उचाई ५ मि. हुनेछ।

### २.६.४ हेडरेस पाइप

सेटलिङ बेसिन पश्चात पानीलाई ३.३ मि. व्यास भएको ७३२० मि. लामो हेडरेस पाईप हुँदै सर्ज पाइपमा लगिनेछ। हेडरेस पाइपको मोटाई १२ मि.मि. देखि २२ मि.मि. सम्म हुनेछ।

### २.६.५ सर्ज ट्यांक

हेडरेस पाइप पश्चात पानीलाई ५० मि. लम्बाई, १४ मि. चौडाइ र ८.७० मि. उचाई भएको RCC Tank प्रकारको सर्ज ट्यांक रहनेछ।

### २.६.६ पेनस्टक पाइप

सर्ज ट्यांकबाट पेनस्टक पाइप हुँदै पानीलाई विद्युतगृहमा लगिनेछ। यस पेनस्टक पाइपको लम्बाई ४३५ मि. र ३ मि. व्यास रहनेछ। यस पाईपको मोटाइ १८ मि.मि. देखि २४ मि.मि. सम्मको हुनेछ।

### २.६.७ विद्युतगृह

प्रस्तावित आयोजनाको निम्ति सतही विद्युतगृह प्रस्ताव गरिएको छ जसको लम्बाई ५२ मि., चौडाई १५ मि र उचाई २९.६ मि. रहनेछ जसमा Turbine axis level समुन्द्री सतहबाट ९०३.३८ मि. को उचाईमा हुनेछ। विद्युतगृहमा ३ वटा ९.७४६ मे.वा. क्षमताको Horizontal Axis Francis Turbine र सो सँग coupled गरिएका ३ वटा ११.१ MVA (pf=०.८५) क्षमताको जेनेरेटर रहनेछन्।

### २.६.८ टेलरेस

टेलरेस मार्फत विद्युतगृहबाट निस्केको पानी चमेलिया नदीमा छोडिनेछ। टेलरेसको कूल लम्बाई ११० मि., चौडाई ५.५ मि. र उचाई २.८ मि. रहने छ। Tail water level समुन्द्री सतहबाट ९०२.५ मि. उचाईमा रहनेछ।

### २.६.९ स्विचयार्ड तथा प्रसारण लाइन (Switchyard and Transmission line)

विद्युतगृहमा उत्पदित विद्युतलाई विद्युतगृहको नजिकै बाहिर पट्टि बनाइने स्विचयार्ड जडान हुने ११/१३२ के.भि., १२ एम.भि.ए. क्षमता भएको ३ वटा पावर ट्रान्सफर्मरमा जोडी तहाँबाट करिब ८.५ कि.मि. लम्बाइमा बनाइने १३२ के.भी. को प्रसारण लाईनबाट नेपाल विद्युत प्राधिकरणको बालांच सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ।

## २.७ आयोजनाको आवश्यकता

### २.७.१ आयोजनाका निम्ति आवश्यक जग्गा

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार यस आयोजना निर्माण तथा संचालन गर्नका लागि स्थायी रुपमा कूल ३२.५१ हेक्टर र अस्थायी रुपमा कूल १.४६ हेक्टर जग्गाको आवश्यक रहेको उल्लेख छ। हाल, यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार आयोजनाको निम्ति स्थायी रुपमा १९.७४ हेक्टर र अस्थायी रुपमा ३.७० हेक्टर गरी कूल २३.४४ हेक्टर

जग्गा आवश्यक रहेको छ। यसरी स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा स्थायी तथा अस्थायी गरी कूल ३३.९७ हेक्टर जग्गा आवश्यक रहेकोमा हालको विस्तृत अध्ययन तथा यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार कुल आवश्यकता २३.४४ हेक्टरमा घटेको छ। यसको मुख्य कारणहरूमा पहुँचमार्गको आवश्यकता ४.५ हेक्टरबाट घटेर ०.६१ हेक्टर हुनु, हेडरेस पाइपको व्यास ३.८ मि. बाट ३.३ मि. मा घटाइएकाले आवश्यक जग्गा कम हुनु, वातावरणीय दृष्टिले जग्गा उपयोग न्यून गर्ने प्रयास, तथा विस्तृत नापी नक्शाबाट यथार्थ क्षेत्रफल प्रमाणित हुनु रहेका छन्। आयोजनाको विभिन्न संरचनाहरु निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गाको विवरण तालिका २.५ मा देखाइएको छ।

**लिका २.५ः आवश्यक जग्गाहरुको विवरण**

| क्र.स. | के-का लागि | जग्गाको प्रकार (हेक्टर) | | | | जम्मा (हेक्टर) |
|---|---|---|---|---|---|---|
| | | अपी नम्पा संरक्षण क्षेत्र | | निजि जग्गा | | |
| | | वन क्षेत्र | खोला बगर | खेतीयोग्य जग्गा | बाझो जग्गा | |
| **स्थायी** | | | | | | |
| १. | हेडवर्क्स (डाइभर्सन संरचना, Weir, इन्टेक, approach to desander, desander) | - | २.२५ | - | २.६४ | ४.८९ |
| २. | हेडरेस पाइप | १.३३ | २.८४ | १.५५ | ३.०२ | ८.७४ |
| ३. | सर्ज ट्यांक | ०.०३ | १.५ | - | - | १.५३ |
| ४. | पेनस्टक पाइप | - | ०.२४ | - | ०.५६ | ०.८ |
| ५. | विद्युतगृह, टेलरेस र स्विचयार्ड | - | ०.९३ | ०.३ | - | १.२३ |
| ६. | शिविर तथा भण्डारण क्षेत्र | - | ०.३७ | - | १.५७ | १.९४ |
| ७. | पहुँच सडक | - | ०.३५ | - | ०.२६ | ०.६१ |
| | **जम्मा (क)** | **१.३६** | **८.४८** | **१.८५** | **८.०५** | **१९.७४** |
| **अस्थायी** | | | | | | |
| १. | शिविर तथा भण्डारण क्षेत्र | - | ०.८७ | | ०.५३ | १.४० |
| २. | उत्खनन् क्षेत्र (१) हेडवर्क्स नजिक | | ०.४० | | | ०.४० |
| ३. | उत्खनन् क्षेत्र (२) विद्युतगृह नजिक | | ०.६२ | | | ०.६२ |
| ४. | स्पोइल डिस्पोजल क्षेत्र (१) हेडवर्क्स नजिक | | ०.३० | | | ०.३० |
| ५. | स्पोइल डिस्पोजल क्षेत्र (२) विद्युतगृह नजिक | | ०.६६ | | | ०.६६ |
| ६. | क्रशर र ब्याचिङ्ग प्लान्ट | | ०.३२ | | | ०.३२ |
| | **जम्मा (ख)** | **-** | **३.१७** | | **०.५३** | **३.७०** |
| | **कूल (क+ख )** | **१.३६** | **११.६५** | **१.८५** | **८.५८** | **२३.४४** |

*स्रोतः Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

**तालिका २.६ः जग्गाको तुलनात्मक विवरण**

| प्रयोजन | जग्गाको प्रकार | जग्गाको क्षेत्रफल (हेक्टर) | |
|---|---|---|---|
| | | स्वीकृत वा.प्र.मू. अनुरुप | पू.वा.प्र.मू. अनुरुप |
| स्थायी | अपि नाम्पा संरक्षण क्षेत्रको जग्गा | ७.१७ हेक्टर | वन क्षेत्रको १.३३ हेक्टर र खोलाको बगर क्षेत्रको ८.४८ हेक्टर गरी **कूल ९.८४ हेक्टर** |
| | निजि जग्गा | २३.६६ हेक्टर खेतीयोग्य र १.६८ हेक्टर बाँझो गरी **कूल २५.३४ हेक्टर** | खेतीयोग्य जग्गाको १.८५ हेक्टर र बाँझो जग्गाको ८.०५ हेक्टर गरी **कूल ९.९ हेक्टर** |
| | **कुल (क)** | **३२.५१ हेक्टर** | **१९.७४ हेक्टर** |
| अस्थायी | अपि नाम्पा संरक्षण क्षेत्रको जग्गा | - | खोलाको बगर क्षेत्रको **३.१७ हेक्टर** |
| | निजि जग्गा | ०.४५ हेक्टर खेतीयोग्य र १.०१ हेक्टर बाँझो गरी **कूल १.४६ हेक्टर** | बाँझो जग्गाको ०.५३ हेक्टर |
| | **कुल (ख)** | **१.४६ हेक्टर** | **३.७० हेक्टर** |
| | **कुल (क+ख)** | **३३.९७ हेक्टर** | **२३.४४ हेक्टर** |

*स्रोत: Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

### २.७.२ आवश्यक जनशक्ति

आयोजना निर्माणका लागि दक्ष, अर्धदक्ष र अदक्ष जस्ता विभिन्न प्रकारका जनशक्तिको आवश्यकता पर्नेछ। आयोजना निर्माणका लागि कुल ४९० जनशक्तिको आवश्यकता पर्ने अनुमान गरिएको छ, जसमा ८० जना दक्ष, १४० जना अर्धदक्ष र २७० जना अदक्ष कर्मचारीहरू रहनेछन्। त्यसैगरी संचालन अवधिमा कुल ३५ जना जनशक्ति आवश्यकता पर्ने अनुमान गरिएको छ, जसमा १९ जना दक्ष, ६ जना अर्धदक्ष र १० जना अदक्ष कर्मचारीहरू रहनेछन्। स्थानीय जनशक्तिको उपलब्धताका आधारमा स्थानीयलाई प्राथमिकता दिइनेछ। आयोजना निर्माणको लागि आवश्यक जनशक्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका २.७ : आयोजनाको लागि आवश्यक पर्ने अनुमानित जनशक्ति**

| क्र.स. | आवश्यक जनशक्ति | | Man | Month | Man-Month |
|---|---|---|---|---|---|
| **निर्माण चरण** | | | | | |
| १. | दक्ष | प्रबन्ध निर्देशक | १ | २४ | २४ |
| | | आयोजना प्रबन्धक | १ | २४ | २४ |
| | | Resident Engineer | ७ | २४ | १६८ |
| | | इन्जिनियर | १५ | २४ | ३६० |
| | | भौगर्भविद | १ | २४ | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सव इन्जिनियर | २५ | २४ | ६०० |
| | | इलेक्ट्रिकल इन्जिनियर | ४ | २४ | ९६ |
| | | मेकानिकल इन्जिनियर | ४ | २४ | ९६ |
| | | सुपरभाइजर | २० | २४ | ४८० |
| | | वातावरण सेफगार्ड अफिसर | २ | २४ | ४८ |
| **जम्मा** | | | **८०** | | **१९२०** |
| २. | **अर्धदक्ष** | | १४० | २४ | ३३६० |
| ३. | **अदक्ष** | | २७० | २४ | ६४८० |
| | **कूल** | | **४९०** | | **११,७६०** |
| **संचालन चरण** | | | | | |
| १. | दक्ष | सिभिल इन्जिनियर | २ | संचालन अविधि भर | |
| | | वाताबरण इन्जिनियर | १ | | |
| | | इलेक्ट्रिकल इन्जिनियर | ४ | | |
| | | मेकानिकल इन्जिनियर | २ | | |
| | | सव इन्जिनियर | ५ | | |
| | | सुपरभाइजर | ५ | | |
| **जम्मा** | | | १९ | | |
| २. | अर्धदक्ष | | ६ | | |
| ३. | अदक्ष | | १० | | |
| | **कूल** | | **३५** | | |

* *यो तथ्याङ्क आवश्यकता तथा आयोजनाको स्थलगत अवस्था अनुरूप परिवर्तन हुन सक्ने छ।*

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

### २.७.३ निर्माण उर्जा

आयोजनाको मुख्य निर्माण कार्य सुरु गर्नु अघि निर्माण ऊर्जाको व्यवस्था गरिनेछ। आयोजना निर्माणको समयमा करिब १०४० kVA ऊर्जाको आवश्यकता रहने अनुमान गरिएको छ। (तालिका २.८)। आयोजना क्षेत्रमा राष्ट्रिय ग्रीड प्रणाली मार्फत विद्युतीकरण भइसकेको हुँदा आयोजना निर्माणका लागि आवश्यक विद्युत आपूर्तिको लागि ११ के.भी. विद्युत प्रसारण लाइनको मद्दतले विद्युत ट्याप गरी प्रयोग गरिनेछ। आयोजना निर्माणको समयमा वैकल्पिक ऊर्जाको श्रोतको रुपमा २५० kVA क्षमताका ५ वटा डिजल जेनेरेटरहरू उपलब्ध गराइनेछ। डिजेल जेनेरेटर स्थापना गर्दा डिजेल जेनेरेटरबाट हुने उत्सर्जन सम्बन्धी मापदण्ड २०६९ अनुसार गरिनेछ। आवश्यक डिजेल जेनेरेटरहरुको संख्या र क्षमताको विवरण तालिका २.९ मा दिइएको छ।

**तालिका २.८ः आयोजनाको लागि अनुमानित निर्माण ऊर्जा**

| क.स. | विवरण | संख्या | उर्जा खपत (कि.वा.) | कूल आवश्यक उर्जा (कि.वा.) |
|---|---|---|---|---|
| १. | ब्याचिङ्ग प्लान्ट | ३ | १०० | ३०० |
| २. | क्रशर प्लान्ट | २ | १०० | २०० |
| ३. | निर्माण शिविर | २ | ५० | १०० |
| ४. | वर्कशप | २ | ५० | १०० |
| ५. | वेल्डिङ्ग machine | २ | २५० | ५०० |
| ६. | पम्प | २० | ५ | १०० |
| | **कूल** | | | १३०० |
| | Diversity factor | | | ०.८ |
| | **Peak Power Demand** | | | १०४० |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

**तालिका २.९ः डिजेल जेनेरेटरहरुको संख्या र क्षमता**

| जेनेरेटर रहेन ठाउँ | संख्या | क्षमता |
|---|---|---|
| हेडवर्क्स क्षेत्र | २ | २५० के.भी., |
| विद्युतगृह क्षेत्र | २ | २५० के.भी. |
| वर्कशप | १ | २५० के.भी. |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

## २.७.४ निर्माण सामग्रीहरु

आयोजनाका लागि आवश्यक अधिकांश निर्माण सामग्रीहरू स्थानीय उत्पादकहरू/आपूर्तिकर्ताहरूबाट खरिद गरिनेछ वा आवश्यकता अनुसार आयोजना स्थलमै उत्पादन गरिनेछ। ढुङ्गा र नदीमा रहेका बोल्डरहरूको उत्खनन् तथा प्रशोधन गरी एग्रिगेट (Coarse and fine aggregates) को उत्पादन गरिनेछ। आयोजनास्थलको अवस्था तथा निर्माणका लागि आवश्यक सामग्री अनुसार केही निर्माण सामग्रीहरू देशभित्रका वा बाहिरका बजारबाट आयात गरिनेछ। आयोजनाको लागि आवश्यक निर्माण सामग्रीहरूको विवरण तालिका २.१० मा प्रस्तुत गरिएको छ।

**तालिका २.१०ः निर्माण सामग्रीहरूको विवरण**

| क.सं. | निर्माण सामग्रीको विवरण | परिमाण | स्रोत | प्रयोग |
|---|---|---|---|---|
| १. | सिमेन्ट | १,७०० मे.ट. | स्थानिय बजार/ कारखाना | कंक्रिट संरचनाहरु |
| २. | एग्रिगेट (Aggregates) | ९,३०० घ.मि. | उत्खनन् क्षेत्र, भौगोलिक कोर्डिनेट्स (२९°४४'१७.१८"उ, ८०°४४'५३.१९"पू र | कंक्रिट संरचनाहरु |

| | | | | |
|---|---|---|---|---|
| | | | २९°४३'१३.६५"उ, ८०°४३'९.८४"पू) | |
| ३. | बालुवा | २,६०० घ.मि. | उत्खनन् क्षेत्र, भौगोलिक कोर्डिनेट्स (२९°४४'१७.१८"उ, ८०°४४'५३.१९"पू र २९°४३'१३.६५"उ, ८०°४३'९.८४"पू) | कंक्रिट संरचनाहरु |
| ४. | Reinforcement | २,२२२ मे.ट. | स्थानिय बजार/ कारखाना | कंक्रिट संरचनाहरु |
| ५. | स्टिल पाइप र angles हरु | २५०० मे.ट. | स्थानिय बजार/ कारखाना | कंक्रिट संरचनाहरु |
| ६. | इन्धन | ६०,००,००० लि. डिजल | फयूल पम्प/ नेपाल आयल कर्पोरेशन | सवारीसाधन, जेनेरेटर, पम्प तथा अन्य साधनहरु |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

## २.८ आयोजनाका सहायक सुविधाहरु

### २.८.१ निर्माण शिविरहरू तथा भण्डारण क्षेत्र

आयोजनाको निर्माण र संचालनको चरणमा आवश्यक पर्ने स्थायी र अस्थायी शिविरहरुको लागि चाहिने जग्गाहरु प्रस्ताव गरिएको छ। विद्युतगृह क्षेत्र नजिक स्थायी शिविर तथा भण्डारण क्षेत्रको लागि कूल १.९४ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ भने हेडवर्क्स क्षेत्र नजिक अस्थायी शिविर तथा भण्डारण क्षेत्रको लागि कूल १.४० हेक्टर जग्गामा प्रस्ताव गरिएको छ। शिविरहरूमा विद्युत, सञ्चार, यातायात, पिउने पानी आपूर्ति, सरसफाइ, र उचित ढल निकास प्रणालीजस्ता सुविधाहरु उपलब्ध गराइनेछ । साथै, सबै शिविरहरूमा १:१० को अनुपातमा पर्याप्त सर-सफाइयुक्त शौचालय सुविधा उपलब्ध गराइनेछ ।

**तालिका २.११: आयोजनाको प्रस्तावित शिविर तथा भण्डारण क्षेत्र**

| शिविर क्षेत्र | क्षेत्रफल (हेक्टर) | भौगोलिक कोर्डिनेट्स | जग्गाको प्रकार |
|---|---|---|---|
| अस्थायी निर्माण शिविर तथा भण्डारण क्षेत्र (हेडवर्क्स नजिक) | १.४० | २९°४४'१४.६८" उत्तर, ८०°४६'१५.०९" पूर्व | **०.८७ हेक्टर** खोलाको बगरमा अपी नम्पा संरक्षण क्षेत्रको स्वामित्वमा रहेको जग्गा र **०.५६ हेक्टर** निजी स्वामित्वमा रहेको जग्गा गरी **कूल १.४० हेक्टर** |
| स्थायी निर्माण शिविर तथा भण्डारण क्षेत्र | १.९४ | २९°४३'१५.४३" उत्तर, | **०.३७ हेक्टर** खोलाको बगरमा अपी नम्पा संरक्षण क्षेत्रको स्वामित्वमा रहेको जग्गा र **१.५७ हेक्टर** निजी |

| | | | |
|---|---|---|---|
| (विद्युतगृह नजिक) | | ८०°४२'५३.७४" पूर्व | स्वामित्वमा रहेको जग्गा गरी **कूल १.९४ हेक्टर** |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

## २.८.२ उत्खनन क्षेत्र तथा क्रशर र ब्याचिङ्ग प्लान्ट

प्रस्तावित आयोजना निर्माण गर्नको लागि आवश्यक पर्ने निर्माण सामग्री जस्तै ढुङ्गा, गिट्टी र बालुवा संकलन गर्नको लागि चमेलिया नदीको बगरमा २ वटा उत्खनन् क्षेत्रहरू हेडवर्कस र विद्युतगृह नजिकै प्रस्ताव गरिएको छ। अपी नम्पा संरक्षण अन्तर्गत पर्ने चमेलिया नदीको बगरमा हेडवर्क्स क्षेत्र नजिक रहेको उत्खनन् क्षेत्रको लागि ०.४० हेक्टर र विद्युतगृह नजिक रहेको उत्खनन् क्षेत्रको लागि ०.६२ हेक्टर प्रस्ताव गरिएको छ। यस आयोजनाको लागि नदीजन्य पदार्थ संकलन तथा उत्खनन कार्य गर्दा प्रति स्थान दैनिक २५० घन मिटरका दरले, उत्खनन गरिने खाडलको गहिराइ कम्तिमा १ मिटर कायम हुने गरी स्काभेटरको प्रयोगबाट संकलन गरिनेछ तथा लोडरको माध्यमबाट टिप्परमा लोड गरी ढुवानी गरिनेछ। नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्दा प्रचलित ऐन, नियम, मापदण्डको पालना गरिनेछ। आयोजनाको लागि प्रस्तावित उत्खनन् क्षेत्र अनुसूची ३ को टोपो नक्सामा देखाइएको छ। उक्त क्षेत्रमा उपलब्ध रहेको निर्माण सामग्रीको विवरण तालिका २.१२मा दिइएको छ। आयोजना स्थलमा निर्माण सामग्रीको उपलब्धताको मूल्याङ्कन गर्दा निर्माण कार्यहरूका लागि पर्याप्त रहेको पाइएको छ।

आयोजना निर्माण पश्चात् निर्माण सामग्री उत्खनन गरिएको क्षेत्रलाई सम्याइनेछ ताकि नदीको बगर आफ्नो प्राकृतिक अवस्था र बहावको स्वरूपमा फर्काउन सकियोस्। त्यसैगरि, उत्खननका क्रममा बनेका कुनै पनि खाल्डाखुल्डी वा असमान सतहहरूलाई पानी जम्न नदिन र भू-क्षय रोक्नका लागि पुर्ने तथा सम्याउने कार्य गरिनेछ। साथै, उत्खनन् क्षेत्रसम्म अस्थायी पहुँच मार्गहरू, भण्डारण क्षेत्रहरू र उपकरणहरू हटाइनेछ र उक्त क्षेत्रलाई सम्भव भएसम्म यसको प्राकृतिक अवस्थामा फर्काइनेछ।

**तालिका २.१२ः प्रस्तावित उत्खनन् क्षेत्र र सो क्षेत्रमा पाइने निर्माण सामग्रीहरु**

| उत्खनन् क्षेत्र | पाउने निर्माण सामग्रीहरु | उपलब्ध क्षेत्रफल | उपलब्ध परिमाण |
|---|---|---|---|
| हेडवर्क्स नजिक<br>२९°४४'१७.१८"उ, ८०°४४'५३.१९"पू | बोल्डर ४५%<br>गिट्टी ४०% बालुवा १५ % | ०.४० हे. | ११,००० घ.मि. |
| विद्युतगृह नजिक<br>२९°४३'१३.६५"उ, ८०°४३'९.८४"पू, | बोल्डर २५%<br>गिट्टी ५०% बालुवा २५ % | ०.६२ हे. | २४,००० घ.मि. |
| **कूल** | | **०.७९२ हे.** | |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

खोलाको बगर भन्दा १०० मि. जति पर क्रशर प्लान्ट राख्नको लागि ०.३२ हे. जग्गा चमेलिया नदीको बगरमा प्रस्ताव गरिएको छ जसको क्षमता ३० टन प्रति घण्टा हुनेछ। दिनमा ८ घण्टा क्रसर प्लान्ट संचालन गर्दा एउटा क्रसर प्लान्टबाट २४० टन प्रति दिन बालुवा तथा एग्रीगेट उत्पादन हुनेछ। त्यसैगरी, ब्याचिंङ्ग प्लान्टहरु जडान गरिनेछ र आवश्यकता अनुसार निर्माण क्षेत्रमा प्रयोग गरिनेछ र निर्माण कार्य पश्चयात क्रसर र ब्याचिंङ्ग प्लान्टहरु हटाइनेछ। प्रस्ताव गरिएको उत्खनन् क्षेत्र र क्रशर प्लान्टको निर्देशांक तल तालिकामा प्रस्तुत छ।

**तालिका २.१३: आयोजनाको प्रस्तावित क्रशर र ब्याचिङ्ग प्लान्ट**

| क्रशर र ब्याचिङ्ग प्लान्ट क्षेत्र | क्षेत्रफल (हेक्टर) | भौगोलिक कोर्डिनेट्स |
|---|---|---|
| चमेलिया नदीको किनारमा विद्युतगृह नजिक (अस्थायी) | ०.३२ | २९°४३'१३.१२"उ, ८०°४३'११"पू, |

## २.८.३ स्पोइल डिस्पोजल क्षेत्र (Spoil disposal area)

आयोजनाको निर्माण चरणमा हेडवर्क्स, हेडरेस पाइप, सर्ज टयांक, पेनस्टक पाइप र विद्युतगृहको बाहिरी क्षेत्रको सतह उत्खनन् र खन्ने क्रममा करिब १२९,९८० घन. मि. माटो तथा ढुङ्गा निस्किने अनुमान गरिएको छ (तालिका २.१४)।

**तालिका २.१४: आयोजनाका अवयवहरुको निर्माण तथा उत्खनन्को क्रममा निस्किन सक्ने माटो र ढुङ्गाको अनुमानित मात्रा**

| आयोजनाका अवयवहरु | निस्किन सक्ने माटो, ढुङ्गाको अनुमानित मात्रा | Bulk density |
|---|---|---|
| बाँध निर्माण, सेट्लीङ्ग बेसिन | २४,२०० घन मि. | **११५०-१६५० के.जी. प्रति घ.मि.** |
| इन्टेक र ग्राभेल ट्र्याप | ६५०० घन मि. | |
| हेडरेस पाइप, पेनस्टक पाइप, पहुँच मार्ग | ८३,५०० घन मि. | |
| विद्युतगृह | १५,७८० घन मि. | |
| **जम्मा** | **१२९,९८० घन. मि.** | |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

आयोजना निर्माण क्रममा निस्किने अनुमानित कूल माटो र ढुङ्गामध्ये करिब ५१,९९२ घ.मि. एग्रीगेट र ब्यकफिलिङको रुपमा प्रयोग गर्न सकिने देखिन्छ। बाँकी रहेको ७७,९८८ घ.मि. माटो तथा ढुङ्गालाई व्यवस्थापनको निम्ति दुई वटा डिस्पोजल क्षेत्रहरु प्रस्ताव गरिएको छ। डिस्पोजल क्षेत्रको लागि हेडवर्क्स नजिक ०.३० हे. जग्गा र विद्युतगृह नजिक ०.६६ हे जग्गा प्रस्ताव गरिएको छ सो स्थान High Flood Level भन्दा ५ मि. माथि रहेको छ।

**तालिका २.१५: स्पोइल डिस्पोजल व्यवस्थापनका लागि छुट्याइएको क्षेत्र**

| ढुंगा माटो विसर्जन क्षेत्र | स्थान | मकको स्रोत | आयतन (घन मिटर) | क्षेत्रफल (हे.) | भौगोलिक कोर्डिनेट्स | |
|---|---|---|---|---|---|---|
| | | | | | देशान्तर (X) | आक्षाशं (Y) |
| MD1 | विद्युतगृह नजिकै | हेडरेस पाइप, पेनस्टक, सर्ज ट्यांक, विद्युतगृह | ५४५८८ | ०.६६ | २९°४३'१२.४८" उत्तर | ८०°४२'४२.३४" पूर्व |
| MD2 | हेडवर्कस नजिकै | बाँध निर्माण, सेट्लीङ्ग बेसिन, इन्टेक र ग्राभेल ट्र्याप | २३,४०० | ०.३० | २९°४४'१४.०४" उत्तर | ८०°४६'१७.१२" पूर्व |

**स्रोतः** *Updated Feasibility Study Report of Madhya Chameliya Hydropower Project, 2025*

## २.९ निर्माण तालिका

आयोजनाको निर्माण अवधि २४ महिना अनुमान गरिएको छ। निर्माण कार्यतालिकाको विस्तृत विवरण अनुसूची ४ मा प्रदान गरिएको छ।

## २.१० आयोजना प्रभाव क्षेत्रको चित्रण

आयोजनाले पार्न सक्ने प्रभावहरुको अध्ययनको लागि आयोजनाले प्रभाव पार्ने क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र र अप्रत्यक्ष प्रभाव क्षेत्रमा विभाजन गरिएको छ।

### २.१०.१ प्रत्यक्ष प्रभाव क्षेत्र (DIA):

'प्रत्यक्ष प्रभाव क्षेत्र' शब्दले आयोजनाका संरचना र सुविधाहरू समावेश हुने क्षेत्रलाई जनाउँदछ जुन आयोजनाको निर्माण र संचालनबाट प्रत्यक्ष रुपमा प्रभावित हुनेछन्। यस क्षेत्र अन्तर्गत आयोजनाको संरचना बन्ने स्थानको १५० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र मानिएको छ जस अन्तर्गत बाँध देखि टेलरेससम्मका संरचनाहरू, आयोजनाले स्थायी रूपमा प्रयोग गर्ने सबै जग्गाहरु र बाँध देखि टेलरेससम्मको सुख्खा तटीय क्षेत्र आदि लाई प्रत्यक्ष प्रभावित क्षेत्रमा निर्धारण गरिएको छ।

## २.१०.२ अप्रत्यक्ष प्रभाव क्षेत्र (IIA):

आयोजना निर्माण तथा संचालन कार्यबाट आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा अप्रत्यक्ष रुपमा प्रभाव पर्ने क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्र मानिन्छ। यस क्षेत्र अन्तर्गत प्रस्ताव कार्यान्वयन हुने प्रत्यक्ष प्रभाव क्षेत्र बाहेक मार्मा गाउँपालिका भित्रका सबै वडाहरुलाई अप्रत्यक्ष प्रभावित क्षेत्रमा निर्धारण गरिएको छ जहाँ प्रस्तावित आयोजना निर्माणले अप्रत्यक्ष प्रभाव पार्नेछ।




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2018

**चित्र २.३: आयोजना प्रभाव क्षेत्रको चित्रण**

# अध्याय ३

# ३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनले विस्तृत अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन (२०२५) द्वारा संशोधित वा परिवर्तन गरिएका अवयवहरु तथा सहायक सुविधाहरूको बारे अध्ययन तथा तथ्याङ्क संकलन गर्ने कार्यमा मात्र जोड दिइएको छ।

## ३.१ सन्दर्भ सामग्रीहरुको पुनरावलोकन

सन्दर्भ सामग्रीहरुको पुनरावलोकन अन्तर्गत उपलब्ध विभिन्न किसिमका प्रकाशनहरु, नक्शाहरु, नेपाल सरकारका विभिन्न नीति, नियम, कानुन, मापदण्ड, मार्गदर्शन आदिबाट संकलित निम्न सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन गरि प्रतिवेदन तयार गरिएको थियो।

१. जलविद्युत आयोजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन मार्गदर्शन, २०१८
२. संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०
३. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावाली, २०७७
४. राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०
५. मध्य चमेलिया जलविद्युत आयोजनाको अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन, २०२५
६. मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) को स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०८०

यसका साथै, नेपाल सरकार, नापी विभागद्वारा प्रकाशित टोपोग्राफिक नक्सा (Sheet no. २९८० ०४) को पनि अध्ययनका क्रममा प्रयोग गरिएको थियो। यस बाहेक टोपोग्राफिक नक्साको डिजिटल संसकरणलाई आर्क जी. आई. यस. सफ्टवेर प्रयोग गरी अध्ययन तथा विश्लेषण गरिएको थियो।

## ३.२ आयोजनाले प्रभाव पार्न सक्ने वातावरणीय पक्षहरूको वस्तुगत स्थितिको तथ्याङ्क/ विवरण संकलन गर्न अपनाइएको विधि

प्रस्तुत पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्दा विभिन्न वातावरणीय पक्षहरुको वस्तुगत स्थितिको विवरण संकलन गर्न विज्ञको टोलीले मिति २०८२/१०/२२ देखि मिति २०८२/१०/२८ सम्म स्थलगत अध्ययन भ्रमण गरेको थियो।

### ३.२.१ भौतिक वातावरण

आयोजना क्षेत्रको विद्यमान भौतिक वातावरणमा चमेलिया नदीको जलाधार क्षेत्र, जलवायु तथा जलविज्ञान, भूकम्पीय जोखिम सम्बन्धि विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन अनुसार नै रहेको छ भने भू-उपयोग, भौगर्भिक अवस्था, पानी, वायु तथा ध्वनीको अवस्था तथा भू-क्षय तथा पहिरो सम्बन्धी पक्षहरु मात्र यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको छ। भौतिक वातावरण सम्बन्धी तथ्याङ्कहरु जस्तै भू-उपयोग सम्बन्धी जानकारी टोपोग्राफिक नक्साबाट प्राप्त गरिएको छ। त्यसैगरी, फिल्ड सर्वेक्षणका क्रममा आयोजनाका संशोधित वा परिवर्तन गरिएका प्रमुख अवयवहरु रहने स्थानहरूको महत्त्वपूर्ण भू-आकृति र भू-उपयोग सम्बन्धि विशेषताहरू नक्सामा अंकित गरिएका छन्। आयोजनाको परिवर्तित संरचनाहरु रहने स्थलहरुको भौगर्भिक अध्ययन गरिएको छ।

आयोजना क्षेत्रका विभिन्न स्थानहरुमा वायुको गुणस्तर र ध्वनि स्तरको मापन गरिएको छ। वायुको गुणस्तर मापन गर्नका लागि एयर भिजुअल प्रो एयर क्वालीटी मोनिटर प्रयोग गरी आयोजनाको हेडवर्क्स नजिक, हेडरेस पाइप मार्ग नजीक (भैंसेबगर) र विद्युतगृह नजिक १/१ घण्टाको तथ्याङ्क संकलन गरिएको थियो र $PM_{2.5}$ र $PM_{10}$ को मात्रा वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ सँग तुलना गरिएको छ। त्यस्तै, ध्वनिको स्तर मापन गर्नका लागि Sound Level Meter (TENMARS, TM-103) प्रयोग गरिएको थियो। त्यसैगरि, पानीको गुणस्तरको जानकारीका लागि प्रस्तावित इन्टेक क्षेत्र र टेलरेस क्षेत्रमा पानीको नमूनाहरू संकलन गरिएको थियो र सो पानीलाई प्रयोगशालामा विभिन्न भौतिक तथा जैविक मापदण्डहरूका लागि परीक्षण गरिएको थियो (अनुसूची ९)।

**तालिका ३.१: वायु तथा ध्वनी गुणस्तर मापन गरिएको स्थान**

| क्र.स . | स्थान | उचाई (मि.) | देशान्तर, अक्षांश | मिति, समय |
|---|---|---|---|---|
| १. | हेडवर्क्स क्षेत्र | १०४६ | २९°४४'२७.७१"उ, ८०°४६'४६.०२" पू, | २०८२/१०/२४, बिहान ११:०० बजे |
| २ | हेडरेस पाइप मार्ग | ९५८ | २९°४३'३८.९७"उ, ८०°४३'५२.४०" पू, | २०८२/१०/२४, बिहान १२:५० बजे |
| २ | विद्युतगृह क्षेत्र | ९३० | २९°४३'२८.८६"उ, ८०°४३'११.३०" पू, | २०८२/१०/२५, बिहान ११:०० बजे |

**स्रोतः स्थलगत भ्रमण, २०८२**

## ३.२.२ जैविक वातावरण

आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको भए तापनि आयोजनास्थल वरपरको पारिस्थितिक अवस्था स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार समान रहेको छ। त्यसैले, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तुत गरिएको जैविक वातावरण सम्बन्धी जानकारी भन्दा बाहेक, हालको अध्ययनले आयोजना क्षेत्र विशेष गरि आयोजनाको संरचनाहरु परिवर्तन गरिएको क्षेत्रको वन तथा वनस्पति सम्बन्धी तथ्यांक, कटान गर्नु पर्ने रुख वनस्पतिको विवरणलाइ मात्र समेटेको छ।

जैविक वातावरण सम्बन्धी आधारभूत जानकारी संकलन गर्न अपनाइएका मुख्य विधिहरूमा वन क्षेत्रमा अपि नम्पा संरक्षण क्षेत्रका कर्मचारीहरूको संलग्नतामा पैदल सर्वेक्षण (Walk-through survey) र रुखविरुवाहरुको मापन तथा गणना सर्वेक्षण, समूह छलफल र स्थानीय बासिन्दासँग अन्तरक्रिया गरिएको थियो।

### ३.२.२.१ वनस्पति तथा वनस्रोत सम्बन्धी जानकारी

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको जैविक वातावरणका लागि अपनाइएका अध्ययन विधिहरू निम्नानुसार छन्।

**डेस्क अध्ययन**

फिल्ड निरीक्षणका लागि आयोजना स्थलमा जान अघि डेस्क अध्ययन गरिएको थियो, जसमा आयोजना क्षेत्रको टोपोग्राफिक नक्सा, गुगल नक्सा, नेपालका वन र वनस्पति बारे प्रकाशित दस्तावेजहरु, आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, २०८० यस्तै प्रकारका अन्य जलविद्युत आयोजनाहरूका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू आदिको पुनरावलोकन गरिएको थियो। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित आयोजना क्षेत्रको विद्यमान् वातावरणीय अवस्था बारे पुनरावलोकन गरिएको थियो। साथै, प्राथमिक तथ्याङ्क र जानकारी सङ्कलन गर्न चेकलिस्ट र प्रश्नावली तयार पारिएको थियो। यसरी प्राप्त गरिएको तथ्याङ्कहरुको फिल्ड अवलोकन, नमूना सङ्कलन र अन्तरवार्ताको माध्यमबाट क्रस-जाँच गरिएको थियो।

## फिल्ड निरीक्षण

अध्ययन टोली (टोलि नेता सहित) लगायत अपि नम्पा संरक्षण क्षेत्रका कर्मचारीहरूले २०८२ सालको माघ महिनाको चौथौ हप्ता आयोजना क्षेत्रको स्थलगत भ्रमण गरेको थियो। यस क्रममा आयोजनास्थलको वनको प्रकार (forest type), वनस्पतिको ढाँचा (Vegetation pattern) बारे जानकारी हासिल गर्न आयोजनाको हेडवर्क्स देखि विद्युतगृह क्षेत्र रहने स्थल सम्म पैदल सर्वेक्षण (Walkthrough Survey) गरिएको थियो। आयोजना क्षेत्रमा पाइने वनस्पतिहरूको पहिचान, अभिलेख र गणना गरिएको थियो। प्रत्येक रुख र पोलको व्यास (DBH) मापन गर्दा जमिनबाट रुख र पोलको १.३ मिटर उचाईमा सेन्टिमिटरमा मापन गरिएको थियो। ३० सेन्टीमिटर भन्दा ठूलो DBH भएका बोट बिरुवालाई रूखको रूपमा वर्गीकृत गरिएको थियो त्यसैगरी १० देखि ३० सेन्टीमिटर DBH पोल वर्गको रूपमा, ४-१० सेन्टीमिटर DBH लाथ्राको रूपमा र ०-४ सेन्टीमिटर DBH बिरुवाको रुपमा वर्गीकृत गरिएको थियो।

## तथ्याङ्क विश्लेषण

आयोजनाको लागि कटान गर्नु पर्ने पोल र रुखको आयतन वन नियमावली, २०७९ को नियम १९ को उपनियम (२) र नियम १३१ को खण्ड (क) र (घ) सँग सम्बन्धित अनुसूची ९ को खण्ड २ मा उल्लेखित रुखको आयतन निकाल्ने तरिकाको लागि वन सर्वेक्षण तथा तथ्यांक महाशाखाबाट प्रकाशन गरिएको Volume Equations and Biomass Prediction of Forest Trees of Nepal, Sharma and Pukala, १९९० लाई आधार मानि काठ र दाउराको आयतन निकाल्न देहाय बमोजिमको सूत्र प्रयोग गरिएको छ।

### काठको आयतनलाई मापन गर्ने सुत्र

$$\ln(V) = a + b^* \ln(d) + c^* \ln(h)$$

**वा** $$V = \exp[a + b^* \ln(d) + c^* \ln(h)]$$

यहाँ, V भन्नाले रुखको काण्डको आयतन

a, b, c भन्नाले रुखको प्रजाति अनुसारका मानहरु

d भन्नाले जमिनबाट रुखको १.३ मिटर उचाईमा नापिएको डायमिटर (dbh)

h भन्नाले रुखको फेददेखि टुप्पोसम्म नापिएको रुखको उचाई मिटरमा

### ३.२.३ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण

यस आयोजना दार्चुला जिल्लाको मार्मा गाउँपालिकाको वडा नं २,३,४,५ र ६ मा पर्दछ जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। प्रभावित हुने गाउँपालिका र वडाहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको हुनाले सो क्षेत्रको सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। यस बाहेक आयोजनाका संरचनाहरु बाँया किनारमा स्थानान्तरण हुँदा आयोजना प्रभावित परिवारको विवरण भने परिवर्तन हुने देखिएको थियो। Cadastral नक्साबाट आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दाहरूको पहिचान गरी ती परिवारहरुको जानकारी घरधुरी सर्वेक्षण गरी संकलन गरिएको थियो।

#### ३.२.३.१ तथ्याङ्क संकलन गर्न अपनाइएको विधिहरु

**१) घरधुरी सर्वेक्षण**

आयोजनाबाट प्रभावित घरधुरी Cadastral सर्वे मार्फत पहिचान गरिएको थियो। पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यसूचीमा रहेको प्रश्नावलीको प्रयोग गरी उक्त प्रभावित घरधुरीहरूको सर्वेक्षण गरिएको थियो।

**२) सामुहिक छलफल**

आयोजना क्षेत्रभित्र जम्मा ५ वटा सामूहिक छलफल बैठकहरू आयोजना गरिएको थियो। ती बैठकहरूको मुख्य उद्देश्य भनेको शिक्षा, स्वास्थ्य, खानेपानी, gender, विकासका गतिविधि र प्रस्तावित आयोजनाको कार्यान्वयनसँग सम्बन्धित स्थानीय बासिन्दाहरूको सवालहरु सम्बन्धी qualitative data संकलन गर्नुका साथै तिनीहरूलाई प्रस्तावित आयोजनाबारे जानकारी गराइएको थियो। स्थानीय व्यक्तिहरूको रायसुझावहरु र सरोकार अनुसूची ५ मा प्रदान गरिएको छ।

**तालिका ३.२: समूह छलफलको विवरण**

| क्र.स. | स्थान | मिति | समय | सहभागीको संख्या | |
|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष |
| क. | मार्मा गाउँपालिका-२, भैंसे | २०८२/१०/२२ | बिहान ११:३० बजे | ३ | ८ |
| समूह छलफलमा उठाईएका सवालहरु | | | न्यूनीकरणका उपायहरु | | |
| १. | स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | आयोजनाले सिप विकास तालिमको व्यवस्था गर्नुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ३. | निजी जग्गाको उचित मुआब्जा प्रदान गर्नुपर्ने। | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१, पाना ७-५ | | |
| ४. | स्थानिय निकाय तथा सरोकारवालासँग समन्वय तथा छलफल गरेर मात्र आयोजना निर्माण गर्नुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ख. | **मार्मा गाउँपालिका-३, भैसेकार** | **२०८२/१०/२५** | **दिउँसो १:०० बजे** | ६ | २ |
| १. | आयोजना निर्माण गर्दा वातावरणमा कम असर पर्ने गरी निर्माण गर्नुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिसकिएको तथा यस पुरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान भएका थप प्रभावको न्यूनीकरणका लागि अध्याय ७ मा उपायहरु समावेस गरिएको | | |
| २. | आयोजनाले सिप विकास तालिम स्थानीय जनतालाई गराएर रोजगारीमा प्राथमिकता दिनुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ३. | निजी जग्गाको उचित मुआब्जा प्रदान गर्नुपर्ने। | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१, पाना ७-५ | | |
| ४. | स्थानिय निकाय तथा सरोकारवालासँग समन्वय तथा छलफल गरेर मात्र आयोजना निर्माण गर्नुपर्ने। | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ग. | **मार्मा गाउँपालिका-४, तपोवन** | **२०८२/१०/२३** | बिहान ११:२० बजे | ४ | ७ |
| १. | आयोजनाले स्थानीय सरोकारवाला स्थानीयहरु साथसाथै प्रभावित परिवारसंग समन्वय गरेर आयोजना निर्माण कार्य अगाडी बढाउनु पर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| २. | स्थानीयवासीहरुलाई उनीहरुको दक्षता योग्यता र क्षमता अनुसार रोजगारीमा अवसर दिनुपर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ३. | जग्गा पर्नेहरुलाई उचित क्षतिपूर्ति/मुवाब्जा दिनुपर्ने | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१, पाना ७-५ | | |
| घ. | **मार्मा गाउँपालिका-५, मूरै** | **२०८२/१०/२२** | बिहान १०:४० बजे | २ | ७ |
| १. | यस आयोजनाले स्थानीयहरुलाई रोजगारीमा पहिलो प्राथमिकता दिनुपर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| २. | आयोजनाले पार्ने क्षति अनुसारको मुवाब्जाको व्यस्था गरिनुपर्ने | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१, पाना ७-५ | | |
| ३. | वातावारणमा कम क्षति पर्ने तवरले आयोजना निर्माण गर्नुपर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिसकिएको तथा यस पुरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान भएका थप प्रभावको न्यूनीकरणका लागि अध्याय ७ मा उपायहरु समावेस गरिएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. | **मार्मा गाउँपालिका-६, लिङतङ** | **२०८२/१०/२४** | दिउँस २:२० बजे | ६ | २ |
| १. | निजि जग्गाको उचित मुवाब्जा प्रदान गर्नुपर्ने | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१, पाना ७-५ | | |
| २. | स्थानीयवासीलाइ रोजगारीमा प्राथमिकता दिनुपर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |
| ३. | भू-क्षय तथा पहिरो जान सक्ने ठाउँ मा उचित जैविक प्रविधिबाट निर्माण कार्य अगाडी बढाउनुपर्ने | | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.१.२, पाना ७-१ | | |
| ४. | आयोजनाले शिप विकास तालिमको व्यस्था गर्नुपर्ने | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको | | |

**स्रोतः स्थलगत भ्रमण, २०८२**

### ३) प्रमुख सूचनादातासँग अन्तर्वार्ता (KII)

- प्रमुख सूचनादातासँगको अन्तर्वार्ता आयोजना क्षेत्रका प्रमुख सरोकारवालाहरु जस्तै मार्मा-गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षहरु, शिक्षक, स्थानीय स्वास्थ्य कर्मी तथा व्यापारी, अपि नम्पा संरक्षण क्षेत्रका प्रतिनिधि आदिसँग गरिएको थियो।

**तालिका ३.३: प्रमुख सूचनादातासँग अन्तर्वार्ता विवरण**

| क्र.स. | नाम | पद/पेशा | सङ्कलन गरिएको तथ्यांक |
|---|---|---|---|
| १. | सर्मिला चन्द सिंह | मार्मा गाउँपालिका उपाध्यक्ष | गाउँपालिका तथा वडाको विकासको अवस्था, रोजगारीको अवस्था, स्थानियबासिहरुको बसाईसराई आदि |
| २. | धिरेन्द्र सिंह धामी | वडा अध्यक्ष-३ | |
| ३. | अम्मर बिस्ट | वडा अध्यक्ष-२ | |
| ४. | विर सिंह धामी | वडा अध्यक्ष-४ | |
| ५. | प्रकास सिंह ठगुन्ना | दुर्गा मा.वि., प्रधानाध्यापक | शिक्षा सम्बन्धी जानकारी, शैक्षिक पूर्वाधारको आवश्यकता |
| ६. | अर्जुनदेव जोशी | स्वास्थ्यकर्मी | स्वास्थ्य, सरसफाईको अवस्था |
| ७. | भोज राज जोशी | अपि नम्पा संरक्षण क्षेत्रका सिनियर गेम स्काउट | वन क्षेत्र भित्र रहेका वनस्पति, वनको प्रकार |
| ८. | डबल सिंह बिष्ट | अपि नम्पा संरक्षण क्षेत्र, गेम स्काउट | |
| ९. | पूर्ण दत्त पन्त | व्यापार | व्यापारको प्रकार, सञ्चालन तरिका, रोजगारी सिर्जना, बजार व्यवस्थापन र समाजमा पर्ने आर्थिक तथा सामाजिक प्रभावबारे विवरण |
| १०. | कृष्ण सिंह महरा | कृषि | स्थानीय कृषि प्रणाली, उत्पादनको प्रकारको विवरण |

**स्रोतः स्थलगत भ्रमण, २०८२**

## ३.३ आयोजनाबाट प्रभावित परिवारहरू

आयोजनाबाट प्रभावित परिवारहरूलाई प्रभावित र अति प्रभावित परिवार गरी दुई वटा समूहमा वर्गिकरण गरिएको हुन्छ।

- **प्रभावित परिवार (PAF):** ५० प्रतिशत भन्दा कम सम्पति अधिग्रहण गरेको तर स्थायी रूपमा विस्थापित हुन नपरेको घर-परिवारहरूलाई प्रभावित परिवार भनि वर्गिकरण गरिएको हुन्छ।
- **अति प्रभावित परिवार (SPAF):** ५० प्रतिशत भन्दा बढी सम्पति वा स्थायी निवास अधिग्रहण गरेको कुनै पनि परिवारलाई अति प्रभावित परिवार भनि वर्गिकरण गरिएको हुन्छ। आयोजनाको गतिविधिका कारण विस्थापित घर-परिवारहरू पनि यस समूह अन्तर्गत पर्दछ।

प्रस्तावित यस आयोजनाको निर्माण तथा संचालनका लागि स्थायी रूपमा कूल ७५ घरपरिवारको १०.४३ हेक्टर जग्गा तथा अस्थायी रूपमा ७ घरपरिवारको ०.५३ हेक्टर जग्गा आवश्यक पर्नेछ। यसरी जम्मा ८१ घरपरिवारको जग्गा आयोजनाका लागि प्रयोगमा आउनेछ (जसमध्ये १ घरपरिवारको जग्गा स्थायी तथा अस्थायी दुवै प्रयोजनमा पर्नेछ)। यी जग्गा कूल प्रभावित घरपरिवारको कूल स्वामित्वमा रहेको जग्गाको ५० प्रतिशतभन्दा कम रहेको छ र आयोजनाका गतिविधिका कारण कुनै पनि घरपरिवार विस्थापित हुनुपर्ने अवस्था छैन। त्यसकारण, प्रस्तावित आयोजनामा अति प्रभावित परिवार नरहने र कूल ८१ घरपरिवार मात्र प्रभावित हुने देखिन्छ।

## ३.४ प्रभावको पहिचान, आंकललन तथा मूल्याङ्कन गर्दा अपनाइएको विधि

वातावरणीय प्रभावहरू (भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणीय प्रभावहरू) को अध्ययन गर्दा प्रभावको परिमाण, सिमा र समयावधि समावेश गरिएको म्याट्रिक्स तयार पारिएको थियो। यी प्रभावहरूलाई परिमाणको आधारमा उच्च, मध्यम र न्यून; सिमाका आधारमा क्षेत्रीय, स्थानीय र स्थलगत; समयावधिको आधारमा दीर्घकालीन, मध्यकालीन र अल्पकालीन रुपमा वर्गिकरण गरिएको थियो। प्रभावहरूलाई परिमाण, सिमा तथा समयावधिका आधारमा वर्गीकरण गर्दाको मापदण्डहरू यस प्रकार रहेका छन्:

**तालिका ३.४: प्रभाव मूल्याङ्कन म्याट्रिक्स**

| परिमाण | अंकभार | सिमा | अंकभार | समयावधि | अंकभार |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | दीर्घकालिन | २० |
| मध्यम | २० | स्थानीय | २० | मध्यकालीन | १० |
| न्यून | १० | स्थलगत | १० | अल्पकालीन | ५ |

**स्रोत :राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०, वातावरण संरक्षण नियमवाली, २०७७**

नोटः कुनै पनि प्रभाव जसको असरहरु हटाउन सकिँदैन भने त्यस्ता प्रभावहरुको परिमाण उच्च हुन्छ जस्तै घर जग्गा प्राप्ति, रुख कटान आदि। प्रभावको परिमाण, सिमा र समयावधिको अंकभारको योगफलका आधारमा प्रभावहरूलाई उच्च, मध्यम महत्व र न्यून/नगण्य प्रभावको रूपमा प्राथमिकिकरण गरिएको छ।

**तालिका ३.५: प्रभावको प्रथामिकरण गर्न प्रयोग हुने अंकभार**

| विवरण (परिमाण, सिमा र समयावधि अंकभारको योगफल) | प्रभावको प्राथमिकरण |
|---|---|
| ७० भन्दा माथि | उच्च |
| ४० देखि ७० सम्म | मध्यम |
| ४० भन्दा मुनि | न्यून |

**स्रोतः विज्ञको विश्लेषण**

## ३.५.१ सार्वजनिक सुनुवाई आव्हान गरी प्रकाशित गरिएको सार्वजनिक सूचना

आयोजनाको बारेमा संक्षिप्त परिचय तथा संरचनाहरु निर्माण हुने स्थलको जानकारी सहित आयोजना क्षेत्रको स्थानीय एवं सरोकारवाला निकायबाट राय-सुझाव संकलनको लागि मिति २०८२ माघ २९ गते दार्चुला जिल्लाको सदरमुकाम खलंगाबाट प्रकाशन हुने स्थानीय पत्रिका “मानसरोवर” राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। यस संगसंगै सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी जानकारी दिनको लागि दार्चुला जिल्लाको सदरमुकाम खलंगाबाट प्रसारण हुने कालापानी एफ.एम. बाट सार्वजनिक सुनुवाईको सूचना प्रसारित समेत गरिएको थियो। उक्त सार्वजनिक सूचना दार्चुला जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय, अपि नम्पा संरक्षण क्षेत्र, प्रधान कार्यालय, रेन्ज पोस्ट, आयोजना प्रभावित क्षेत्रहरुमा रहेको गाउँपालिकाको कार्यालय, प्रभावित वडा कार्यालयहरु, स्थानीय विद्यालय आदिमा टाँस गर्नुको साथै छुट्टै पत्र मार्फत उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुनका

लागि अनुरोध समेत गरिएको थियो। सार्वजनिक सूचनाको प्रतिलिपि अनुसूची ६ मा सामवेश गरिएको छ।

## ३.५.२ सार्वजनिक सुनुवाई

आयोजना प्रभावित क्षेत्रका स्थानीय तथा अन्य सरोकार राख्ने व्यक्ति, संस्थाहरुलाई आयोजना प्रति आफ्ना जिज्ञासा तथा राय-सुझावहरु व्यक्त गर्न मिति ६ फाल्गुन, २०८२ मा दार्चुला जिल्लाको मार्मा गाउँपालिका वडा नं. ३ स्थित लटिनाथ (मार्मा गाउँपालिका वडा नं ३ को कार्यालय भवन) मा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो।

यस कार्यक्रममा मार्मा गाउँपालिका उपाध्यक्ष, मार्मा गाउँपालिका वडा नं ३ का अध्यक्ष, मार्मा गाउँपालिका वडा नं २ का अध्यक्ष, अपि नम्पा संरक्षण क्षेत्रका प्रतिनिधिहरु, जनप्रतिनिधि, स्थानीयबासी, प्रहरी, प्रभावित परिवारका सदस्य तथा सरोकारवाला गरि कूल ९१ जनाको सहभागिता रहेको थियो।

प्रतिवेदनको सारांश समावेश भएको ब्रोशर नेपाली भाषामा तयार पारी सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरूलाई वितरण गरिएको थियो (अनुसूची ६)। आयोजनाको परामर्शदातृ संस्था स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन प्रा.लि.का वातावरण विद तथा टोलि प्रमुख श्री मधुकर खड्का ज्युले आयोजना सम्बन्धी जानकारी दिनु भएको थियो भने आयोजनाको बारे उठेका सवालहरुको जवाफ प्रस्तावकको तर्फबाट दार्चुला पावर लिमिटेडका आयोजना प्रबन्धक श्री विनय उप्रेती ज्युले दिनुभएको थियो। सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण अनुसूची ६ मा समावेश गरिएको छ। सार्वजनिक सुनुवाइ कार्यक्रमको फोटो र श्रव्यदृश्य क्यामेराद्वारा रेकर्ड गरिएको थियो। सार्वजनिक सुनुवाइ कार्यक्रमा उठेका सवाल तथा रायसुझाव तल तालिका ३.६ मा प्रस्तुत गरिएको छ। (अनुसूची ६)

**तालिका ३.६: सार्वजनिक सुनुवाईमा उठेका सवाल**

| **स्थान, मिति र समय**<br>मार्मा गाउँपालिका वडा नं. ३, वडा कार्यालयको कार्यालय भवन लटिनाथ<br>मितिः २०८२ फाल्गुन ६ गते, बिहान ११ बजे | | |
|---|---|---|
| **क्र.स.** | **रायसुझाव** | **कहाँ सम्बोधन गरियो** |
| १. | प्रभावित परिवारलाई जग्गाको वर्गीकरण अनुसार उचित क्षतिपुर्ति दिनुपर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.३.१ |
| २. | प्रभावित परिवार/समुदायलाई योग्यता/क्षमता र अनुभवको आधारमा जागिरमा प्राथमिकता दिनुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |

| स्थान, मिति र समय<br>मार्मा गाउँपालिका वडा नं. ३, वडा कार्यालयको कार्यालय भवन लटिनाथ<br>मितिः २०८२ फाल्गुन ६ गते, बिहान ११ बजे | | |
|---|---|---|
| **क्र.स.** | **रायसुझाव** | **कहाँ सम्बोधन गरियो** |
| ३. | भौतिक पूर्वाधार खानेपानी र बारी निर्माण गरिदिनुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ४. | खोलाको बहावलाई जस्ताको तस्तै राख्नुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ५. | जग्गाको सट्टामा जग्गा नै दिनुपर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.२.१ |
| ६. | माछालाई उचित संरक्षण गर्नुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ७. | सार्वजनिक जग्गालाई प्रक्रिया पूरा गरेर प्रयोग गर्नु पर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.२.१ |
| ८. | पानीको बहाव प्रचलित ऐन अनुसार खोलामा छोड्नपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ९. | संस्थागत सामाजिक उत्तरदायित्व बजेट पारदर्शी रुपमा खर्च गर्नुपर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.३ |
| १०. | लास कुन डाँडामा पोल्ने घाटको व्यवस्थापन गर्नुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ५, पेज नं ९८,<br>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.३, घाट व्यवस्थापनको लागि रकम विनियोजन गरीएको |
| ११. | कालान्तरमा तापक्रम बढ्ने भयो पंखा/कूलरको बिल कसले तिर्ने? | उक्त विषय वातावरणीय अध्ययनको दायरा बाहिर पर्ने भएकाले यस अध्ययनमा मूल्याङ्कन नगरिएको |
| १२. | शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| १३. | रोजगारीको वितरण उचित गर्नु पर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| १४. | १० प्रतिशत शेयरको व्यवस्थापन हुनुपर्यो। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| १५. | ताप मापन खोला टनेलमा लादा बढ्ने भएकोले त्यसको व्यवस्थापन गरिदिनु पर्यो। | यस आयोजनाले टनेल निर्माण नगरी हेडरेस पाइपको प्रयोग गर्ने |
| १६. | खोलामा न्युनतम बहावको १०% पानी निर्माण पछि छोड्नुपर्ने। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| १७. | संस्थागत सामाजिक उत्तरदायित्वको बजेट बढाउनु पर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.३ |
| १८. | वायु प्रदुषणको न्युनिकरण गरिदिनु पर्यो। | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको |

| **स्थान, मिति र समय**<br>मार्मा गाउँपालिका वडा नं. ३, वडा कार्यालयको कार्यालय भवन लटिनाथ<br>मितिः २०८२ फाल्गुन ६ गते, बिहान ११ बजे | | |
|---|---|---|
| **क्र.स.** | **रायसुझाव** | **कहाँ सम्बोधन गरियो** |
| | | अध्याय ७, खण्ड ७.२.१.४ |
| १९. | मार्मा गा.पा.-४ मा रहेको शिव मन्दिर मर्मत गर्नुपर्ने। | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |



**फोटो ३.१: सार्वजनिक सुनुवाई कार्यक्रमका तस्विरहरु**

## ३.६ सार्वजनिक सूचना प्रकाशनः

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको मस्यौदा तयार भएपश्चात उक्त प्रतिवेदन उपर थप राय-सुझाव भएमा ७ दिन भित्र पठाउनु हुन भनि आग्रह गरिएको सार्वजनिक सूचना मिति २०८२ साल फागुन २६ गते मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो। सो सार्वजनिक सूचना प्रकाशन गर्न पुर्व प्रभावित गाउँपालिका र वडा कार्यालय, अपि नम्पा संरक्षणको कार्यालय लगायत आयोजना प्रभावित क्षेत्र भित्र रहेका स्वास्थय चौकी, विद्यालय, र अन्य सरोकारवाला संस्थाहरूमा टाँस गरिएको थियो (अनुसूची ७)।

## ३.७ सिफारिस पत्र संकलन

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १४ (नियम ८ को उपनियम ८ सँग सम्बन्धित) मा उल्लेख भए अनुसार प्रस्तावित आयोजनाको कार्यान्वयनका लागि अगाडि बढ्न सिफारिस पत्र अनिवार्य छ। प्रस्तावित मध्य चमेलिया जलविद्युत आयोजना अवस्थित रहेको मार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सिफारिस पत्र मिति २०८२/१२/१५ मा प्राप्त भएको छ। त्यसैगरी, अपि नम्पा संरक्षण क्षेत्र कार्यालयबाट मिति २०८३/१/१० मा रायसुझाव सहितको सिफरिस पत्र प्राप्त भएको छ। संकलित सिफारिस पत्रको प्रतिलिपि अनुसूची ८ मा समाबेश गरिएको छ।

**तालिका ३.७ः गाउँपालिकाबाट प्राप्त भएको सिफारिस पत्रका शर्तहरुको सम्बोधन**

| क्र.स. | शर्तहरु | शर्तहरुको सम्बोधन |
|---|---|---|
| | **सकारात्मक प्रभाव** | |
| १. | सिप र दक्षताको आधारमा प्रभावित परिवार तथा स्थानीयहरुलाइ रोजगारीमा पहिलो प्राथमिकता हुने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| २. | राष्ट्रिय प्रसारण प्रणालीमा थप विद्युतीय आपूर्ति हुने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ३ | स्थानीयहरुको प्राविधिक शिपको वृद्धि सामाजिक तथा आर्थिक स्तरोन्नतिमा सहयोग पुग्ने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| | **नकारात्मक प्रभाव** | |
| ४. | भू-उपयोग तथा चमेलिया खोलाको स्वरुपमा परिवर्तन | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.१.१, पाना ७-१ |
| ५. | वन्यजन्तु चराचुरुङ्गी तथा जलचर प्राणिहरुमा | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा |

| | प्रभाव | सम्बोधन गरिएको |
|---|---|---|
| ६. | वायु ध्वनी तथा जल प्रदुषणको सम्भवना | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.१.४ |

**तालिका ३.८: अपि नम्पा संरक्षण क्षेत्र कार्यालयबाट प्राप्त भएको सिफारिसपत्रका शर्तहरुको सम्बोधन**

| क्र.स. | शर्तहरु | शर्तहरुको सम्बोधन |
|---|---|---|
| | **सकारात्मक प्रभाव** | |
| १. | सिप र दक्षताको आधारमा प्रभावित परिवार तथा स्थानीयहरुलाइ रोजगारीमा पहिलो प्राथमिकता हुने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| २. | राष्ट्रिय प्रसारण प्रणालीमा थप विद्युतीय आपूर्ति हुने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ३ | स्थानीयहरुको प्राविधिक शिपको वृद्धि सामाजिक तथा आर्थिक स्तरोन्नतिमा सहयोग पुग्ने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| | **नकारात्मक प्रभाव** | |
| ४. | भू-उपयोग तथा चमेलिया खोलाको स्वरुपमा परिवर्तन हुने र जलचर प्राणिहरुको वासस्थानमा प्रतिकुल असर पर्ने | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ५. | वन्यजन्तुको वासस्थानमा प्रभाव | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सम्बोधन गरिएको |
| ६. | वायु ध्वनी तथा जल प्रदुषणको सम्भवना | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्याय ७, खण्ड ७.२.१.४ |

## ३.८ अन्तिम प्रतिवेदन तयारी

स्थलगत अध्ययन र अन्य श्रोतबाट उपलब्ध तथ्याङ्कको विश्लेषनणबाट पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। आधारभूत तथ्याङ्कको विश्लेषणको आधारमा प्रभावहरुको पूर्वानुमान गरि उपयुक्त सकारात्मक उपायहरु र नकारात्मक प्रभावको न्यूनीकरणका उपायहरु प्रस्ताव गरिएको छ। न्यूनीकरणका उपायहरुको कार्यान्वयनका लागि अनुगमन योजना तयार पारिएको छ। साथै वातावरणीय व्यवस्थापन योजना र अनुगमन गर्न लाग्ने लागत, अनुगमन गर्ने जिम्मेवार निकाय सहित प्रतिवेदन तयार गरिएको छ।

# अध्याय ४

# प्रतिवेदन तयार गर्दा अध्ययन गरिएका नीति, ऐन, नियम, निर्देशिका, तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता

यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने संविधान, नीति, कार्यनीति, गुरुयोजना, आवधिक योजना, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्तराष्ट्रिय सन्धि सम्झौता स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप नै रहेको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा पुनरावलोकन नभएका तथा यस आयोजनासँग थप सान्दर्भिक देखिएका कानूनी दस्तावेजहरू मात्र तल तालिका ४.१ मा समावेश गरिएको छ।

**तालिका ४.१: सम्बन्धीत नीति, कानुन तथा मापदण्डहरुको पुनरावलोकन**

| यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा | | |
|---|---|---|
| | आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि | सम्बन्धित विवरण |
| **योजना, नीति तथा कार्यनीति** | | |
| सोर्हौं योजना (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६) | परिच्छेद ३<br>खण्ड ३.३ | (३) विद्युत उत्पादन र खपत वृद्धिः लगानी पर्याप्त सुनिश्चित गरी दिगो तथा गुणस्तरीय ऊर्जा उत्पादन गर्ने, उर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्नु, उत्पादित विद्युतको लागि आवश्यक प्रशारण तथा वितरण लाइन निर्माण तथा विस्तार गर्नु र उत्पादित ऊर्जाको अन्तरिक उपभोग बढाउनुका साथै निर्यात वृद्धि गर्नेः नवीकरणीय ऊर्जाका नँया श्रोत तथा अवसर उपयोग गर्ने |
| | खण्ड ३.४ | (४) विद्युत उत्पादन, उपयोग र व्यापार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नेः जलविद्युत उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न जलविद्युत लगानी सहजीकरणका लागि एकद्वार प्रणाली अवलम्बन गर्नः ऊर्जा क्षेत्रमा सहुलियको व्यवस्था गर्नेः वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाइ सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने |
| | बुँदा ४.४, रणनीति ११ | वातावरणलाई असर नगर्ने वा न्यून असर गर्ने गरी विकास निर्माण, वातावरण र विकास बीचको तादाम्यता दिगो र हरित अर्थतन्त्रको प्रवर्दन गरी वित्तीय स्थायित्व र आर्थिक समृद्दी अभिवृद्दि<br>वन जङ्गल, स्वच्छ पानी र उर्वर जमिनको संरक्षण तथा दिगो व्यवस्थापन |

| यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा | | |
|---|---|---|
| | **आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि** | **सम्बन्धित विवरण** |
| | परिच्छेद ६<br>खण्ड ६.४ | (८) विद्युत उत्पादन, प्रशारण, उपयोग र व्यापारका लागि दिगो पूर्वाधार विकास गर्नेः ऊर्जाको अन्तरिक पहुँच र मागलाइ बढाउनेः विद्युत प्रशारण र वितरणको अन्तरिक संजाल विस्तार गर्नेः माग र आपूर्तिको नियमित पूर्वानुमान गर्ने (१०) जलश्रोतको बहुउपयोग गर्नेः नदि वेसिन योजनाका आधारमा जलश्रोतको एकीकृत व्यवस्थापन तथा उपयोग, भूमिगत पानीको श्रोतको पहिचान र संरक्षण गर्ने |
| **ऐन** | | |
| रोजगारीको हक सम्बन्धी ऐन, २०७५ | परिच्छेद २ | प्रत्येक नागरिकलाई रोजगारी पाउने अधिकार र आफुले चाहेको रोजगार छनोट गर्ने अधिकार हुन्छ। बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा व्यक्तिको धर्म, जाति, लिङ्ग वा यस्तै कुनै आधारमा भेदभाव गर्न पाइने छैन। यसैगरी, रोजगारीमा लागेको व्यक्तिलाई बिनाकारण रोजगारीबाट हटाउन पाइने छैन। यसका साथै नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले बेरोजगार व्यक्तिलाई न्युनतम रोजगार प्रदान गर्न रोजगारीमुलक कार्यक्रम संचालन गर्ने। |
| विद्युत नियमन आयोग ऐन, २०७४ | दफा ३ | आयोगले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा प्राविधिक व्यवस्थापनको लागि ग्रिड संहिता र वितरण संहिता बनाई कार्यन्वयन तथा अनुगमन गर्ने, विद्युत सेवाको संचालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण, विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न जस्ता कार्यहरुको आवस्यक विद्युत महसुल निर्धारण गर्ने तथा विधुतीय खरिद बिक्रीको नियमन गर्ने साथै विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्ने साथै उपभोक्ता हितको संरक्षण गर्ने आयोगले विद्युत उद्पादनको अनुमति प्राप्त व्यक्तिहरुको संगठनात्मक अभिवृद्धि गरी संस्थागत सुशासन कायम गर्न विभिन्न कार्यहरुको बारे उल्लेख छ<br>अनुमति प्राप्त व्यक्तिहरु बिचको विद्युत सम्बन्धि विवाद या अन्य कसैलाई यी व्यक्तिहरुले गरेको निर्णयमा चित्त नबुझेको विषयमा विवाद या अन्य कुनै आयोग समक्ष उजुरी परेको विवाद समाधान गर्ने अधिकार आयोग लाई हुने |

| यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा | | |
|---|---|---|
| | आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि | सम्बन्धित विवरण |
| | | आयोगले दफा १७ को उपदफा (३) वा दफा ३७ बमोजिमको आदेश वा निर्देशन, दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने। |
| **नियमावली** | | |
| रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ | परिच्छेद ५ को नियम (१७) | बेरोजगार सहायता सम्बन्धी उल्लिखित कार्यक्रमका अतिरक्त नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले देहाय बमोजिमका बेरोजगार सहायता कार्यक्रमहरू संचालन गर्न सक्नेछ जस अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना र संचालन गर्ने, आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानिय प्रविधि र उत्पादनको उपयोगलाई प्रोत्साहन गर्ने, रोजगारमूलक तथा सीपमूलक तालिमका लागि अन्य क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने, वैदेशिक रोजगारबाट फर्किएका नागरिकको पूँजी, सीप र अनुभवको उपयोग आदि सम्बन्धी कुरा उल्लेख गरिएको छ । |
| | परिच्छेद ६ को नियम (२२) को उपनियम (१) | प्रत्येक रोजगार सेवा केन्द्रले बरोजगार व्यक्ति तथा रोजगारदाताको विवरणको अभिलेख राख्न रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्नुपर्नेछ। |
| विद्युत नियमन आयोग नियमावली, २०७५ | नियम १०, १७, १८ | यस नियममा विद्युत खरिद बिक्रि दर निर्धारण गर्दा प्रयोग गर्न सकिने प्रणाली र आधारहरुको बारेमा उल्लेख गरेको छ । साथै, सेवा सुल्क, उपभोक्ता हित संरक्षण सम्बन्धी व्यवस्थाहरु को बारेमा समेत उल्लेख गरिएको छ । |
| **निर्देशिका तथा कार्यविधि** | | |
| संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० | दफा ५ | वातावरणीय अध्ययन प्रततिदन तयार गर्नुपर्ने;<br>१) दफा ४ बमोजिम सहमति प्राप्त गरी सम्बन्धित मन्त्रालयबाट अनमुति प्राप्त गरेको आयोजना वा नेपाल सरकारले अध्ययनको लागि प्रस्ताव गरेको आयोजनाले त्यस्तो आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको सम्बन्धमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ । |

| यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा | | |
|---|---|---|
| | आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि | सम्बन्धित विवरण |
| | | २) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन गर्नुअघि आयोजनासँग सम्बन्धित मन्त्रालयले मन्त्रालयमार्फत विभागमा जानकारी गराउन पर्नेछ।<br>३) यस दफा बमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयसँग समन्वय गरी सो कार्यालयको समेत प्रतिनिधित्व गराउनु पर्नेछ । |
| | दफा ९ | जग्गा उपलब्ध गराउनुपर्नेः (१) दफा ड बमोजिम नेपाल सरकारबाट आयोजना संचालनका लागि संरक्षित क्षेत्रको कुनै जग्गा प्रयोग गर्न दिने निर्णय भएमा उपलब्ध गराइएको जग्गाको क्षेत्रफलमा नघट्ने गरी समान भौगोलिक अवस्था र पारिस्थितिकीय प्रणाली भएको जग्गा सट्टाभर्ना स्वरूप नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने । |
| | दफा १० | जग्गा प्राप्ति सहजीकरण समितिः (१) दफा ८ बमोजिम नेपाल सरकारले गरेको निर्णय बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्ने आयोजनाले दफा ९ बमोजिम उपलब्ध गराउनु पर्ने जग्गा प्राप्तिको लागि सहजीकरण गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति रहनेछ;<br>(२) दफा ९ को उपदफा (२) बमोजिम सहजीकरणको लागि लेखिआएमा जग्गा प्राप्ति सहजीकरण समितले उपयुक्त स्थानको जग्गा खरिद वा प्राप्तिको लागि आवश्यक सहजीकरण गर्नुपर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम सहजीकरण गर्दा समेत त्यस्तो जग्गा उपलब्ध नभएमा सो समितिले विभागसमक्ष सोही व्यहोराको सिफारिस गर्नु पर्नेछ । |
| | दफा ११ | रकम जम्मा गर्नुपर्नेः<br>(१) दफा १० को उपदफा (३) बमोजिम जग्गा उपलब्ध नभएको व्यहोराको सिफारिस भएमा विभागले सम्बन्धित आयोजनालाई वन विकासको लागि जग्गा खरिदबापत रकम जम्मा गर्न स्वीकृति दिनु पर्नेछ र त्यसरी स्वीकृति प्राप्त भएमा सम्बन्धित आयोजनाले अनुसूची-२ बमोजिमको रकम दाखिला गर्न पर्नेछ । |
| | दफा १८ | क्षतिपूरक वृक्षारोपणः (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना संचालन गर्दा हटाइएका रुखको दश गुणा विरुवा संरक्षकले तोकेको स्थानमा आयोजनाले आफ्नै खर्चमा क्षतिपूरक वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गरी |

<table>
<tr><th colspan="3">यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा</th></tr>
<tr><th></th><th>आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि</th><th>सम्बन्धित विवरण</th></tr>
<tr><td></td><td></td><td>वृक्षारोपण गरिएका रुख विरुवाहरु हुर्काई संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नछ ।<br>(२) दफा ९ वा ११ बमोजिमको जग्गामा सम्बन्धित आयोजनाले प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहारसम्भार गरी वृक्षारोपण गरिएको रुख विरुवा हुर्काइ संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।<br>तर आयोजनाले रुख विरुवासहितको जग्गा उपलब्ध गराएमा त्यस्तो जग्गामा रहेको वनको संबर्धन गरी कम्तीमा प्रति हेक्टर एक हजार छ सय विरुवा कायम गर्न तथा पाँच वर्षभन्दा कम उमेरका विरुवा भएमा पाँच वर्षसम्म हुर्काउन लाग्ने खर्च आयोजनाले उपलब्ध गराउनु पर्नेछ ।</td></tr>
<tr><td>जग्गाको हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७४</td><td></td><td>कुनै उद्योग वा प्रतिष्ठानलाई आवश्यक परेको अवस्थामा ऐनले तोकेको हद भन्दा बढी जग्गा खरिद गर्न पाउने र सोको लागि रितपूर्वक निवेदन दिनुपर्ने व्यवस्था यस आदेशले गरेको छ । यसले हदबन्धि छुट माग गर्ने प्रक्रियाको वर्णन गर्दै त्यस्ता उद्योग वा प्रतिष्ठानले पालना गर्नु पर्ने शर्त एवं हद भन्दा बढी जग्गा राख्न स्वीकृति दिने र खरिद गर्न पाउने क्षेत्रफलको हद पनि तोकेको छ ।</td></tr>
<tr><td colspan="3">मापदण्ड</td></tr>
<tr><td>डिजेल जेनेरेटर निष्कासन भई हावामा जाने धुँवाको लागि उत्सर्जन सीमा, २०६९</td><td></td><td>यस मापदण्डमा डिजेल जेनेरेटर निष्कासन भई हावामा जाने धुँवाको गुणस्तर सम्बन्धी सुचकहरु को सीमा तोकिएको छ ।</td></tr>
<tr><td>नेपाल सवारी प्रदुषण मापदण्ड, २०८२</td><td></td><td>यस मापदण्डमा विभिन्न किसिमका सवारी साधनहरुबाट निस्किने धुँवाको गुणस्तर सम्बन्धी सुचकहरु को सीमा तोकिएको छ ।</td></tr>
<tr><td colspan="3">ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड (पहिलो संशोधन), २०७९<br>दफा ११ — क्रसर उद्योग संचालनका लागि दुरी सम्बन्धी मापदण्ड<br><br>१) क्रसर उद्योग संचालन गर्दा देहाय बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछः<br><table><tr><th>क्र.स.</th><th>विवरण</th><th>कायम दुरीको मापदण्ड</th></tr><tr><td>१.</td><td>राजमार्गको राईट ओफ वे बाट</td><td>२०० मिटर</td></tr><tr><td>२.</td><td>खोला वा नदी किनारबाट</td><td>२०० मिटर</td></tr></table></td></tr>
</table>

**यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा**

| | **आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि** | **सम्बन्धित विवरण** |
|---|---|---|

| | | |
|---|---|---|
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ५०० मिटर |
| ४. | पक्कि पुलबाट | ५०० मिटर |
| ५. | अन्तराष्ट्रिय सीमाबाट | १ किलोमिटर |
| ६. | निकुन्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७. | वन क्षेत्रबाट | ५०० मिटर |
| ८. | घना बस्तीबाट | ५०० मिटर |
| ९ | हाईटेन्सन लाईनको पोलबाट | १०० मिटर |
| १०. | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| ११. | सिमसारबाट | १ किलोमिटर |
| १२. | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र स्रोतको विवरण तथा त्यस क्षेत्रको रेखांकन सहितको नाम नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

**अन्तराष्ट्रिय सन्धि सम्झौता**

| | | |
|---|---|---|
| जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि ,१९९२ | | यस महासन्धिले जलवायु प्रणालीमा हानीकारक मानवीय अवरोध रोकी वायुमण्डलमा हरितगृह ग्याँसको मात्रालाई स्थिर गर्न र पारिस्थितिकिय प्रणालीलाई प्राकृतिक रुपमा अनुकुलित बनाई आर्थिक विकासलाई दिगो रुपमा अगाडी बढाउन यस कार्यलाई निश्चित समयसीमामा गर्नु पर्नेमा जोड दिएको छ। |
| आई. एल. ओं. महासन्धि, १९८९, नम्बर १६९ | धारा ७,१२, १३, १४, १५, १६, २०, २१ | यस महासन्धिले आदिवासी जनजातिहरु सँग सरोकार राख्ने विकास निर्माण प्रक्रियामा आत्मनिर्णयको अधिकार गरेको छ र उनीहरुको परम्परागत रुपमा बस्दै आएको क्षेत्रको जमिन लगायत प्राकृतिक स्रोतमा उनीहरुको अधिकारको रक्षा गर्नु पर्ने कुरामा जोड दिएको छ । यदि त्यस्ता क्षेत्रबाट उनीहरु लाई स्थानतरण गर्नु पर्ने भएमा उँहाहरु लाई सुसोचित गरी स्वीकृति लिनुपर्ने प्रावधान उल्लेख गरीएको छ । |
| बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९८९ | धारा ३२ | बालबालिकाको शिक्षामा असर पर्ने वा शारीरिक, मानसिक तथा नैतिक बिकासमा असर पर्ने गरी हानिकारक खालको कुनै पनि कामबाट संरक्षितहुन पाउने अधिकारलाई मान्यता दिने।<br>बालबालिकाको रोजगारीमा प्रवेश गर्ने न्यूनतम उमेर तोक्ने, कम गर्ने समय र रोजगारीका सर्तहरु सम्बन्धी |

| यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा | | |
|---|---|---|
| | आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि | सम्बन्धित विवरण |
| | | उपयुक्त नियमको व्यवस्था गर्ने साथै यस धाराको प्रभावकारी कार्यान्वयन का लागि उचित दण्ड सजायको व्यवस्था गर्ने। |

# अध्याय ५

# ५. विद्यमान वातावरणीय अवस्था

यस अध्ययनमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ मा वर्णन गरिए अनुसार नै आयोजना क्षेत्रको विद्यमान् वातावरणीय अवस्था रहेको छ। यद्यपि, आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको कारणले परिवर्तित आयोजना स्थल तथा सहायक सुविधा स्थलहरुको थप जानकारी मात्र समावेश गरि यस अध्ययनमा अद्यावधिक गरिएको छ।

## ५.१ भौतिक तथा रासायनिक वातावरण

आयोजना क्षेत्रको विद्यमान भौतिक वातावरणमा चमेलिया खोलाको जलाधार क्षेत्र, जलवायु तथा जलविज्ञान, भूकम्पीय जोखिम सम्बन्धि विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन अनुसार नै रहेको छ भने भू-उपयोग, भौगर्भिक अवस्था, पानी, वायु तथा ध्वनीको अवस्था तथा भू-क्षय तथा पहिरो सम्बन्धी पक्षहरु मात्र यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको छ।

### ५.१.१ भू-उपयोग

प्रस्तावित आयोजना स्थल समुद्री सतहबाट ९०२.५ मि. देखि १०४३.५ मि. विचको उचाई भित्र अवस्थित रहेको छ। आयोजनाका सम्पूर्ण संरचनाहरु चमेलिया नदिको बाँया किनारमा प्रस्ताव गरिएको छ। आयोजना क्षेत्रको मुख्य भू-उपयोग वन क्षेत्र, खेतीयोग्य जमिन, बगर र बाँझो जमिन रहेको छ। आयोजना निर्माणका लागि कुल २३.४४ हेक्टर जग्गा आवश्यक पर्ने देखिन्छ जसमा स्थायी रुपमा कूल १९.७४ हेक्टर जमिन आवश्यक रहेको छ भने अस्थायी रुपमा कूल ३.७० हेक्टर जमिन आवश्यक रहेको छ। आयोजनाका लागि आवश्यक कूल स्थायी तथा अस्थायी जग्गा मध्ये १३.०१ हेक्टर जग्गा अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत पर्दछ, जसमा १.३६ हेक्टर वन क्षेत्र र ११.६५ हेक्टर खोला बगर क्षेत्र रहेको छ। यस बाहेक आयोजनाले १.८५ हेक्टर निजि खेतियोग्य तथा ८.५८ हेक्टर निजि बाँझो जग्गा गरी कुल १०.४३ हेक्टर निजि जग्गा प्रयोग गर्नेछ।

### ५.१.२ भौगर्भिक अवस्था

#### ५.१.२.१ क्षेत्रीय भूविज्ञान

आयोजना क्षेत्र पश्चिम नेपालको तल्लो हिमालयन (Lesser Himalaya) क्षेत्र अन्तर्गत Lakharpata Formation र Galyang Formation मा अवस्थित छ। यस तल्लो हिमालयन क्षेत्रमा मुख्य रुपमा schist, slaty phyllite, phyllite, slate, dolomite, quartzite, र ambhibolite प्रकारका चट्टानहरु पाइन्छन्। संरचनात्मक रुपमा, Main Central Thrust (MCT) आयोजनाको बाँधस्थलको उत्तरी भागमा करिव २ कि.मि.को दुरीमा पर्दछ।

#### ५.१.२.२ आयोजनाको क्षेत्रको भौगर्भिक अवस्था

आयोजनाको संरचनाहरू रहने स्थानको भौगर्भिक अवस्थाको जानकारी तलको खण्डहरूमा उल्लेख गरिएको छ।

- **हेडवर्क्स क्षेत्र**

प्रस्तावित आयोजना क्षेत्रको हेडवर्क्स चमेलिया नदीको बायाँ किनारमा रहेको छ। प्रस्तावित आयोजनाको हेडवर्क्स र डीस्यान्डर भएको क्षेत्र चमेलिया नदिको Lower terrace deposits मा पर्दछ। यस क्षेत्रमा रहेको deposits मा करिव ४०% Boulder, २०% Gravel र ४०% Sand देख्न सकिन्छ।



**फोटो ५.१ः प्रस्तावित बाँध बन्ने स्थान**

### ➢ हेडरेस पाइप मार्ग

आयोजनाको हेडरेस पाइप मार्ग चमेलिया नदिको बाँया तर्फ संरक्षण सामुदायिक वन क्षेत्र, खोला बगर क्षेत्र, निजी खेतियोग्य जग्गा र निजि बाँझो जग्गा हुँदै जानेछ। मुख्य रूपमा हेडरेस पाइप मार्ग Alluvial Deposit तथा Colluvial Deposit क्षेत्रबाट भएर जानेछ भने केही स्थानहरूमा Exposed Bedrock हुँदै जाने देखिन्छ। अध्ययनका क्रममा alignment क्षेत्रमा पाइने rock mass मुख्य रूपमा dolomite प्रकारको रहेको पाइएको छ, जसको रंग खैरोदेखि सेतो (grey to white) सम्म रहेको छ।

- **चेनेज ०+००० कि.मि. देखि ०+७५० कि.मि.**

हेडरेस पाइप alluvial deposit मा प्रस्ताव गरिएको छ भने यस क्षेत्रमा bedrock exposure भएको पनि देख्न सकिन्छ। यस क्षेत्रमा पाइने alluvial deposit हरुमा बोल्डर, ग्रावेल तथा बालुवा रहेका छन् जसमा सबैभन्दा बढी मात्रामा ग्रावेल रहेको छ।

- **चेनेज ०+७५० कि.मि. देखि १+००० कि.मि.**

यस चेनेजको बीचमा हेडरेस पाइप सडक एलाइनमेन्टलाई क्रस गर्दै गएको छ, तर यस खण्डमा पाइपलाई सडकको सतह मुनि गाडेर तथा आवरण (encasement) सहित निर्माण गरिनेछ। उक्त क्षेत्र मुख्यतः alluvial Soil ले ढाकिएको छ। यहाँ पाइने Alluvial Deposits हरूमा बोल्डर, ग्राभेल तथा बालुवा रहेका छन्, जसमा ग्राभेलको प्रतिशत बालुवा र बोल्डरको तुलनामा बढी रहेको छ।

- **चेनेज १+००० कि.मि. देखि १+२५० कि.मि.**

यस चेनेजको बीचमा हेडरेस पाइपले रोडा खोल्सीलाई पार गरेको छ। स्थायित्व कायम राख्न तथा कटान नियन्त्रण गर्न रोडा खोलाको दुवै किनारामा संरक्षणका उपायहरू आवश्यक देखिन्छन्। यस चेनेजको बीचमा डोलोमाइट चट्टानयुक्त आधारशिला (Bedrock) को सतह पनि देखिएको थियो। उक्त क्षेत्रमा देखिएको चट्टानी भाग अत्यधिक जोइन्ट भएको, चिरा परेको तथा असमतल प्रकृतिको रहेको छ भने केही स्थानमा Asymmetric Fold समेत देखिएको छ।



**फोटो ५.२ः चेनेज १+००० देखि चेनेज १+२५० मा रहेको रोडा खोल्सी**

- **चेनेज १+२५० कि.मि. देखि २+००० कि.मि.**

यस चेनेज भित्र हेडरेस पाइप मुख्यतः alluvial terrace हुँदै अगाडी बढ्दछ। यहाँ पाइने Alluvial Deposits हरूमा बोल्डर, ग्राभेल तथा बालुवा रहेका छन्, जसमा ग्राभेलको प्रतिशत बालुवा र बोल्डरको तुलनामा बढी रहेको छ। चेनेज १+७०० देखि १+७५० सम्मको क्षेत्र अत्यन्त साँघुरो रहेको छ, र पाइपलाइन एलाइनमेन्टको सुरक्षा तथा स्थायित्व सुनिश्चित गर्न उक्त खण्डमा नदी किनारामा संरक्षणात्मक संरचनाहरू आवश्यक छन्।



**फोटो ५.३ः हेडरेस पाइप जाने चेनेज १+७०० देखि १+७५० मा रहेको साँघुरो क्षेत्र**

- **चेनेज २+००० कि.मि. देखि २+७५० कि.मि.**

हेडरेस पाइप alluvial terraces हुँदै गएको छ र यस खण्डमा कुनै उल्लेखनीय अवरोध देखिएको छैन। चेनेज २+२५० देखि २+३०० सम्म एलाइनमेन्ट steep slope भएको क्षेत्रमा पर्दछ। किनार क्षेत्र (bank section) मा आधारशिला (bedrock) पनि देखिएको छ । चेनेज २+३०० देखि २+५०० सम्म सक्रिय पहिरो रहेको छ जसलाइ रेल पहिरो भनेर चिनिन्छ। पहिरो सक्रिय अवस्थामा रहेको हुनाले हेडरेस पाइपलाइनको एलाइनमेन्टको सुरक्षा गर्न यस संरक्षण कार्यहरू अत्यावश्यक छन्।

- **चेनेज २+७५० कि.मि. देखि ३+५०० कि.मि.**

हेडरेस पाइप एलाइनमेन्ट Colluvium terrace तथा कृषि जमिन हुँदै गएको छ। कोलुभियम पदार्थ कमजोर रूपमा वर्गीकृत तथा विषम प्रकृतिको छ। यस क्षेत्रको माटो खस्रो प्रकृतिको रहेको छ। माथिल्लो तह अवशिष्ट माटो तथा जैविक पदार्थले ढाकिएको छ। Colluvium terrace भन्दा तल चमेलिया नदीको Recent Alluvium Deposit अवलोकन गरिएको थियो।

- **चेनेज २+७५० कि.मि. देखि ३+५०० कि.मि.**

हेडरेस पाइप एलाइनमेन्ट चमेलिया नदीको Alluvial Deposit हुँदै गएको छ, जहाँ Alluvial Deposit को उचाई ५ मिटरभन्दा बढी अनुमान गरिएको छ। Alluvial Deposit को संरचनामा बोल्डर, ग्राभेल तथा बालुवा समावेश छन्। उक्त क्षेत्रमा मुख्य रूपमा ग्राभेलको प्रभुत्व देखिएको थियो भने बोल्डर तथा बालुवा न्यून मात्रामा पाइएका थिए।

- **चेनेज ३+५०० कि.मि. देखि ४+७५० कि.मि.**

यो क्षेत्र अत्यन्त भिरालो रहेको छ तथा सडक खण्डबाट विस्थापित भएका माटो—ढुंगा (Debris) र पहिरोहरूको श्रृंखला देखिन्छ। सतही क्षेत्र वनस्पति तथा कोलुभियम पदार्थले ढाकिएको भए तापनि केही स्थानमा आधारशिला (Bedrock) पनि खुला अवस्थामा देखिएको थियो। यस क्षेत्रमा देखिएको Rock Mass प्राय डोलोमाइट रहेको छ जुन खैरोदेखि फुस्रो सेतो रंगको रहेको छ। चेनेज ४+१५० पछि एलाइनमेन्ट ४+२५० सम्म Alluvium Deposit हुँदै जाने छ। उक्त क्षेत्रमा बोल्डर, ग्राभेल तथा बालुवायुक्त alluvium ले भरिएको छ जसको उचाई ५ मिटरभन्दा बढी अनुमान गरिएको छ। चेनेज ४+२५० देखि ४+५०० सम्मको एलाइनमेन्ट चमेलिया नदीको Alluvium Deposit क्षेत्रमा पर्दछ, जहाँ स्थायित्व सम्बन्धी कुनै समस्या देखिएको छैन। चमेलिया नदीको किनार भागमा आधारशिला (Bedrock) खुला रूपमा देखिएको छ। यस चेनेजको अधिकांश

भाग कृषि जमिन हुँदै गएको छ। साथै, एक सानो खोल्सो (stream) पनि एलाइनमेन्टलाई काटेर बगिरहेको देखिन्छ।



**फोटो ५.४: हेडरेस पाइप जाने चेनेज ४+२५० देखि ४+५०० मा रहेको कृषि गरिएको क्षेत्र**

- **चेनेज ४+७५० कि.मि. देखि ५+२५० कि.मि.**

यो चेनेज बीचको हेडरेस एलाइनमेन्ट चिरुनी खोलाबाट गुज्रिन्छ, जहाँ खोलाको भागमा किनारा संरक्षण (bank protection) आवश्यक छ। नदीले एलाइनमेन्टलाई ४+८५० देखि ४+९०० बीचमा काटेर बग्छ। यस क्षेत्र Alluvial Deposit ले ढाकिएको छ, जसमा बोल्डर, ग्राभेल तथा बालुवाको मिश्रण रहेको छ। चमेलिया नदीको बायाँ किनारमा आधारशिला (Bedrock) खुला रूपमा देखिएको छ। त्यस्तै, चेनेज ५+१५० देखि ५+२०० बीचको सतही भाग घना वनस्पतिले ढाकिएको छ।



**फोटो ५.५: हेडरेस पाइप जाने चेनेज ५+१५० देखि ५+२०० मा रहेको वनस्पतिले ढाकेको क्षेत्र**

- **चेनेज ५+२५० कि.मि. देखि ६+००० कि.मि.**

हेडरेस एलाइनमेन्टसँगैको क्षेत्र समथर छ र Alluvial Deposit मा अवस्थित छ। उक्त क्षेत्रमा मुख्य रूपमा ग्राभेलको प्रभुत्व रहेको छ। चेनेज ५+३०० मा सस्पेन्सन ब्रिजको एलाइनमेन्टले पाइपलाइन एलाइनमेन्टलाई पार गरेको छ। साथै, चेनेज ५+२४० मा मोटरेबल पुल निर्माणाधीन अवस्थामा रहेको छ। चेनेज ५+६५० देखि ५+७५० बीच एलाइनमेन्ट साँघुरो (confined) स्थान हुँदै गएको छ, जहाँ पाइपलाइन एलाइनमेन्टको सुरक्षा सुनिश्चित गर्न खोलाको किनार भागमा संरक्षण कार्य आवश्यक छ।

- **चेनेज ६+००० कि.मि. देखि ६+५०० कि.मि.**

हेडरेस पाइप एलाइनमेन्ट क्षेत्र Alluvium Deposit मा अवस्थित छ र कृषि जमिन हुँदै पनि गएको छ। यस क्षेत्रमा ग्राभेलको प्रभुत्व रहेको छ र यस चेनेजबीच स्थायित्व (stability) देखिएको छ। माथिल्लो (uphill) भाग कोलुभियल माटोले ढाकिएको छ, जसमा खस्रो दानायुक्त डोलोमाइट देख्न सकिन्छ।

- **चेनेज ६+५०० कि.मि. देखि ७+५०० कि.मि.**

हेडरेस एलाइनमेन्ट Alluvium Soil हुँदै जाने छ जसको उचाई ५ मिटरभन्दा बढी अनुमान गरिएको छ। ७+००० कि.मि. देखि ७+५०० कि.मि.चेनेजबीच एलाइनमेन्ट हल्का भिरालो (gentle slope) भू—आकृतिबाट गुज्रिन्छ। उक्त क्षेत्र Alluvium Soil ले ढाकिएको छ, जहाँ तलछटमा ग्राभेलको प्रभुत्व रहेको छ। एलाइनमेन्टले एउटा सानो खोल्सी पार गर्छ, जहाँ खोल्सीको किनार भागमा संरक्षण कार्य आवश्यक छ।



**फोटो ५.६: हेडरेस पाइप जाने चेनेज ७+२५० देखि ७+५०० को अवस्था**

- **चेनेज ७+५०० कि.मि. देखि ७+६५० कि.मि.**

यस क्षेत्रमा हेडरेस एलाइनमेन्ट कृषि जमिन हुँदै जाने भएकाले भू—भाग समथर (plain) प्रकृतिको छ। यस क्षेत्रमा ढलान स्थिरता (slope stability) सम्बन्धी कुनै समस्या देखिँदैन। कृषि जमिनपछि विद्युतगृह क्षेत्र सुरु हुन्छ। सतही तह अवशिष्ट माटो (residual soil) ले ढाकिएको छ, जसमा जैविक पदार्थको मात्रा समेत रहेको छ। अवशिष्ट माटोको तल alluvial soil देखिएको छ। उक्त माटोमा ग्राभेल, बोल्डर तथा बालुवा समावेश छन्, जसमा ग्राभेलको प्रभुत्व रहेको छ।



**फोटो ५.७: हेडरेस पाइप जाने चेनेज ७+५०० देखि ७+६५० को समथल भूभाग**

- **सर्ज ट्यांक क्षेत्र**

प्रस्तावित सर्ज ट्यांक thick collivium soil मा स-सानो झाडी, बुट्यान तथा केहि रुख तथा पोल भएको क्षेत्रमा अवस्थित छ। प्रस्तावित सर्ज ट्यांक क्षेत्र र यसको वरपरको क्षेत्रमा पाइने चट्टान मुख्यतः हल्का weathered, बलियो, खण्डित क्वार्टजाइटसँगै पातलो फिलाइटका तहहरूले बनेको छ।

- **विद्युतगृह र टेलरेस**

प्रस्तावित विद्युतगृह चमेलिया नदीको बायाँ किनारमा प्रस्ताव गरिएको छ। विद्युतगृह, स्विच्यार्ड तथा टेलरेस क्षेत्र प्रस्तावित आयोजनाको हेडवर्क्स र डीस्यान्डर भएको क्षेत्र चमेलिया नदिको Lower terrace deposits मा पर्दछ। यस क्षेत्रमा पाइने sediment मुख्यतः alluvial deposit को रहेको छ, जसको उचाई करिब ५-७ मिटर सम्म रहेको अनुमान गरिएको छ।




चित्र ५.१: नेपालको भौगर्भिक नक्सामा आयोजना क्षेत्र {स्रोतः Department of Mines and Geology (2019)}




**चित्र ५.२: आयोजना क्षेत्रको भौगर्भिक नक्सा {स्रोत: Department of Mines and Geology (2019)}**

## ५.१.३ पानी, वायु तथा ध्वनिको गुणस्तर

### ५.१.३.१ पानीको गुणस्तर

चमेलिया नदीको पानी सफा र प्रदुषण मुक्त देखिन्छ। आयोजना क्षेत्रमा ठोस तथा तरल फोहोरहरु खोला, नदीमा सिधै फ्याँकने गरिएको देखिदैन। यहाँ खोलाको पानी प्रदुषण गर्ने खालका उद्योग, व्यवसायहरु नभएको हुनाले पनि नदीको पानी सफा रहेको देखिन्छ। यद्यपी, आयोजनाको हेडवर्क्स तथा विद्युतगृह नजिकबाट पानीको नमूना संकलन गरि पानीको गुणस्तर परीक्षण गरिएको थियो जसअनुसार उक्त पानीको गुणस्तर राम्रो रहेको र National Drinking Water Quality Standard, 2062 को सहन सीमा भित्र रहेको पाइएको छ। उक्त परीक्षण गरिएको प्रयोगशाला प्रतिवेदन यस प्रतिवेदनको अनुसूची ९ मा समावेश गरिएको छ।

### ५.१.३.२ वायु तथा ध्वनीको गुणस्तर

आयोजना क्षेत्रको ३ स्थानमा गरिएको वायुको गुणस्तर मापनका आधारमा $PM_{2.5}$ को औसत मात्रा ३१.८० µg/m³ र $PM_{10}$ को औसत मात्रा ९५.०१ µg/m³ पाइएको छ। यी मात्राहरु वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ मा उल्लेख गरिए भन्दा कम पाइएको छ। यसको विवरण तालिका ५.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.१: विभिन्न स्थानमा मापन गरिएको $PM_{10}$ र $PM_{2.5}$ को तथ्यांक**

| क्र.स. | स्थान | PM 10 (µg/m³) | राष्ट्रिय मापदण्ड अनुसार | PM2..5 (µg/m³) | राष्ट्रिय मापदण्ड अनुसार | मिति, समय |
|---|---|---|---|---|---|---|
| १. | हेडवर्क्स क्षेत्र | ८७.१५ | १२० µg/m³ | ३१.९१ | ४० µg/m ³ | २०८२/१०/२४, बिहान ११:०० बजे |
| २. | हेडरेस पाइप मार्ग | ९२.४४ | | २५.३६ | | २०८२/१०/२४, बिहान १२:५० बजे |
| २. | विद्युतगृह क्षेत्र | १०५.४६ | | ३८ .१४ | | २०८२/१०/२५, बिहान ११:०० बजे |

*स्रोतः स्थलगत भ्रमण, २०८२*

आयोजना क्षेत्रको ३ स्थानमा गरिएको ध्वनिको गुणस्तर मापनका आधारमा ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ मा उल्लेख गरिए भन्दा बढी पाइएको छ। आयोजना क्षेत्रमा ध्वनि प्रदुषणको स्रोतमा सवारीसाधनको आवतजावत र स्थानीय सडकको स्तरोन्नतिका कार्यहरु रहेका छन्। यसको विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२: विभिन्न स्थानमा मापन गरिएको ध्वनिको स्तर**

| क्र.स. | स्थान | राष्ट्रिय मापदण्ड अनुसार | ध्वनिको स्तर (dbA) | मिति समय |
|---|---|---|---|---|
| १. | हेडवर्क्स क्षेत्र | ४५ dbA (ग्रामिण आवासीय क्षेत्र) | ४८ | २०८२/१०/२४, बिहान ११:०० बजे |
| २. | हेडरेस पाइप मार्ग | | ५२ | २०८२/१०/२४, बिहान १२:५० बजे |
| ३. | विद्युतगृह क्षेत्र | | ६१ | २०८२/१०/२५, बिहान ११:०० बजे |

*स्रोतः स्थलगत भ्रमण, २०८२*

### ५.१.४ भूक्षय तथा पहिरो

हेडरेस पाइप मार्गको चेनेज २+३०० देखि २+५०० बीचमा पहिरो क्षेत्र परेको छ जसलाई रेल पहिरो भनेर पनि चिनिन्छ। उक्त क्षेत्रमा रहेको आधारशिला (Bedrock) डोलोमाइट प्रकारको छ। डोलोमाइट चूर्णित (Crushed), सेतोदेखि खैरो रंगको, अत्यधिक चिराचिरा परेको (Highly Fractured) तथा अत्यधिक विकृत र तरंगित (Highly Deformed and Undulated) अवस्थामा रहेको छ। पहिरो क्षेत्रको भिरालोपन (Slope Angle) ६१° देखि ६५° सम्म रहेको छ। पहिरोको फेदीमा टालस ढलान (Talus Slopes) तथा भग्नावशेष (Debris) को थुप्रो जमेको अवस्था देखिन्छ। यस बाहेक आयोजना क्षेत्रमा अन्य पहिरो रहेको छैन।



**फोटो ५.८: हेडरेस मार्गमा रहेको रेल पहिरो क्षेत्र**

## ५.२ जैविक वातावरण

प्रस्तावित आयोजनाको जैविक वातावरण सम्बन्धी विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आधारित छ। अद्यावधिक सम्भाव्यता अध्ययनका क्रममा आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएको भए तापनि आयोजनास्थल वरपरको पारिस्थितिक अवस्था समान रहेको छ। यस कारण आयोजना क्षेत्रमा पाइने वनस्पति प्रजाति, वन प्रकार, वन्यजन्तु, माछा तथा अन्य जैविक संरचनामा गुणात्मक रूपमा कुनै परिवर्तन देखिएको छैन र स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार नै रहको छ। तथापि, संरचनागत परिमार्जनका कारण प्रभाव क्षेत्रमा पर्ने रुख तथा पोल कटानको परिमाण मात्र अद्यावधिक अध्ययनका आधारमा पुनः निर्धारण गरिएको छ।

### ५.२.१ कटान हुने वनस्पति

प्रस्तावित आयोजना क्षेत्र अपि नम्पा संरक्षण क्षेत्र भित्र पर्ने भएकोले हेडरेस पाइप मार्गमा कुल ४ वटा संरक्षण सामुदायिक वन उपभोक्ता समितिहरु पर्दछन। जसमा उषाणे (क) संरक्षण सामुदायिक वन उपभोक्ता समिति, उषाणे (ख) संरक्षण सामुदायिक वन उपभोक्ता समिति, खकने संरक्षण सामुदायिक वन उपभोक्ता समिति र बालिचन नलबगड संरक्षण सामुदायिक वन उपभोक्ता समिति रहेका छन्। यी संरक्षण सामुदायिक वन क्षेत्रमा पाइने मुख्य रुख/पोल प्रजातिहरुमा चिउरी (*Diploknema butyracea*), सल्ला (*Pinus roxburghii*), वर (*Ficus benghalensis*), पिपल (*Ficus religiosa*), जामुन (*Syzygium cumini*), टुनी (*Toona ciliate*), कालो सिरिस (*Albizia lebbeck*), आँप (*Mangifera indica*), साँझ (*Castanopsis indica*), सिमल (*Bombax ceiba*) र अमला (*Phyllanthus emblica*) रहेका छन्।

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाको विभिन्न संरचनाहरुको निर्माणका क्रममा निजि वनबाट कुल २५५ वटा रुख/पोल काट्नु पर्ने उल्लेख गरिएको थियो भने हाल आयोजनाका सम्पूर्ण संरचनाहरु चमेलिया नदिको बाँया किनारमा अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत रहेको संरक्षण सामुदायिक वन भित्र रहेकोले र कटान गर्नु पर्ने रुख तथा पोलहरु जम्मा ६२ वटा रहेका छन्। संरक्षण सामुदायिक वन कटान गर्नु पर्ने रुख तथा पोलहरुको संख्या तल तालिका ५.३ र ५.४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची ११ मा उल्लेख गरिएको छ।

**तालिका ५.३: आयोजना क्षेत्रमा कटान गर्नुपर्ने रुख तथा पोलहरुको प्रजाति र संख्याको संक्षिप्त विवरण**

| क्र.स. | प्रजाति | वैज्ञानिक नाम | रुखको संख्या | पोल संख्या | ग्रस काठ (क्यु.फिट) | नेट काठ (क्यु.फिट) | दाउरा (क्यु फिट) |
|---|---|---|---|---|---|---|---|
| १. | चिउरी | *Diploknema butyracea* | ३ | ९ | २४.९४ | १४.९६ | ३९.८४ |
| २. | सल्ला | *Pinus roxburghii* | २ | ३ | २६.९० | ८.०७ | २९.८५ |
| ३. | वर | *Ficus benghalensis* | १ | २ | २३.९९ | १४.३९ | १९.३४ |
| ४. | पिपल | *Ficus religiosa* | १ | १ | २४.०४ | १९.२४ | १४.७७ |
| ५. | जामुन | *Syzygium cumini* | २ | ६ | १५.२० | ९.१२ | १२.४४ |
| ६. | टुनी | *Toona ciliate* | ३ | ७ | ५.२२ | ०.०० | ८.०४ |
| ७. | कालो सिरिस | *Albizia lebbeck* | २ | २ | ९.४१ | २.८२ | १०.७२ |
| ८. | आँप | *Mangifera indica* | १ | १ | २.१५ | १.२९ | ३.४८ |
| ९. | साँझ | *Castanopsis indica* | १ | २ | १०.९६ | ३.२९ | १९.६२ |
| १०. | सिमल | *Bombax ceiba* | ३ | ५ | १६.४२ | ४.३५ | २३.४२ |
| ११. | अमला | *Phyllanthus emblica* | २ | ३ | १२.६४ | २.२१ | १७.९१ |
| **कूल** | | | **२१** | **४१** | **१७१.८७** | **७९.७४** | **१९९.४३** |

**स्रोतः क्षेत्र सर्वेक्षण, २०८२**

**तालिका ५.४: आयोजनाको अपि नाम्पा संरक्षण क्षेत्रका सामुदायिक वन समिति अन्तर्गत कटान गर्नु पर्ने रुख तथा पोलको संख्या**

| क्र.स. | संरक्षण सामुदायिक वनको नाम | कटान गर्नु पर्ने रुख तथा पोलको संख्या | | मुख्य रुख प्रजातिहरु |
|---|---|---|---|---|
| | | रुख | पोल | |
| १. | उषाणे (क) संरक्षण सामुदायिक वन | ५ | ८ | चिउरी, सल्ला, जामुन, टुनी, पिपल |
| २. | उषाणे (ख) संरक्षण सामुदायिक वन | ७ | ११ | चिउरी, सल्ला, वर, पिपल, टुनी, सिमल, साझ, जामुन, अमला |
| ३. | खकने संरक्षण सामुदायिक वन | २ | ९ | सिमल, कालोसिरिस, जामुन, सल्ला |
| ४. | बालिचन नलबगड संरक्षण सामुदायिक वन | ७ | १३ | वर, जामुन, टुनी, कालोसिरिस, सिमल, अमला,आँप, साझ, जामुन |
| | कुल | **२१** | **४१** | |

**स्रोतः क्षेत्र सर्वेक्षण, २०८२**




**चित्र ५.३: अपि नम्पा संरक्षण क्षेत्र भित्र आयोजना क्षेत्र**

यस बाहेक अन्य जैविक वातावरण सम्बन्धी विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ।

## ५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

यस आयोजना दार्चुला जिल्लाको मार्मा गाउँपालिकाको वडा नं २,३,४,५ र ६ मा पर्दछ जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। प्रभावित हुने गाउँपालिका र वडाहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको हुनाले सो क्षेत्रको सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४ अनुसार नै रहेको छ। यस बाहेक आयोजनाका संरचनाहरु बाँया किनारमा स्थानान्तरण गरिएको हुँदा आयोजना प्रभावित परिवारको विवरण भने परिवर्तन हुने देखिन्छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन, २०२४मा आयोजना प्रभावित परिवारको संख्या कुल ७० जना थियो भने हाल ८१ जना रहेको छ।

## ५.३.१ आयोजनाबाट प्रभावित परिवार

प्रस्तावित यस आयोजनाको निर्माण तथा संचालनका लागि स्थायी रूपमा कूल ७५ घरपरिवारको ९.९ हेक्टर जग्गा तथा अस्थायी रूपमा ७ घरपरिवारको ०.५३ हेक्टर जग्गा आवश्यक पर्नेछ। यसरी जम्मा ८१ घरपरिवारको जग्गा आयोजनाका लागि प्रयोगमा आउनेछ (जसमध्ये १ घरपरिवारको जग्गा स्थायी तथा अस्थायी दुवै प्रयोजनमा पर्नेछ)। यी जग्गा कूल प्रभावित घरपरिवारको कूल स्वामित्वमा रहेको जग्गाको ५० प्रतिशत भन्दा कम रहेको छ र आयोजनाका गतिविधिका कारण कुनै पनि घरपरिवार विस्थापित हुनुपर्ने अवस्था छैन। त्यसकारण प्रस्तावित आयोजनामा अति प्रभावित परिवार नरहने र कूल ८१ घरपरिवार मात्र प्रभावित हुने देखिन्छ। यी घरधुरीको जग्गाको विवरण र घरमुलिको नाम अनुसूची १० मा उल्लेख गरिएको छ।

### ५.३.१.१ आयोजना प्रभावित परिवारको विवरण

प्रस्तावित आयोजनाबाट कुल ८१ घरधुरीहरु प्रभावित हुने देखिएको छ। आयोजनाबाट प्रभावित घरधुरीको कुल जनसंख्या ४०५ रहेको छ, जस मध्य पुरुषको संख्या १९३, महिलाको संख्या २१२ रहेको छ। प्रभावित घरधुरीको जनसंख्याको विवरण तल तालिका ५.५ मा दिईएको छ।

**तालिका ५.५ः प्रभावित घरधुरीको जनसांखीय विवरण**

| क्र.स. | लिङ्ग | संख्या | % |
|---|---|---|---|
| १ | महिला | २१२ | ५२.३५ |
| २ | पुरुष | १९३ | ४७.६५ |
| | **कुल** | **४०५** | **१००** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

### ५.३.१.२ जातीय विवरण

आयोजना प्रभावित परिवारहरुमा ६८ घरधुरी क्षेत्री (सिंह, बिस्ट, महर, ठगुन्ना, धामी, साउद), ११ घरधुरी ब्राहमण (पन्त) र २ घरधुरी मधेसी (धानुक) जातिको रहेका छन्। प्रभावित परिवारको जातीय विवरण तालिका ५.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.६ः आयोजना प्रभावित घरधुरीको जातीय विवरण**

| क्र.स. | जात | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | ६८ | ८३.९५% |
| २. | ब्राहमण | ११ | १३.५८% |
| ३. | मधेसी | २ | २.४७% |
| कूल | | ८१ | १०० |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

### ५.३.१.३ भाषा

आयोजना प्रभावित परिवारमा क्षेत्री र ब्राहमण जातिको बाहुल्यता रहेका कारण मुख्यतया नेपाली भाषा बोल्ने गरेको पाईएको छ भने दार्चुलेली र डोटेली नेपाली भाषा पनि प्रभावित परिवारहरुले बोल्ने गरेको पाइएको छ। प्रभावित हुने २ मधेसी परिवारले भने नेपाली तथा मधेसी दुवै भाषा बोल्ने गरेको पाईएको छ।

### ५.३.१.४ धर्म

यस आयोजना अन्तर्गत पर्ने प्रभावित क्षेत्रका बस्तिहरुमा मुख्यतः हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ। आयोजनाबाट प्रभावित हुने परिवारहरु शतप्रतिशत हिन्दु धर्मावलम्बीहरु रहेका छन्।

### ५.३.१.५ शैक्षिक साक्षरता स्थिति

आयोजना प्रभावित घरपरिवारको साक्षरता दर ५६.७९% रहेको छ, जसमा पुरुषको साक्षरता दर ४७.६५% छ भने महिलाको साक्षारता दर ५२.३५% छ। विस्तृत विवरण तालिकामा ६ वर्ष मुनीका बालबालिकालाई पनि समावेश गरि घरपरिवारको शिक्षित/अशिक्षित अवस्था तालिका ५.७ मा राखिएको छ।

**तालिका ५.७ः प्रभावित घरपरिवारको शैक्षिक साक्षरता स्थिति**

| शैक्षिक स्थिति | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| **साक्षरता दर** | १४४ | ३५.५६% | ८६ | २१.२३% | २३० | ५६.७९ |
| **असाक्षरता दर** | ४९ | १२.०९% | १२६ | ३१.१२% | १७५ | ४३.२१ |
| **जम्मा** | **१९३** | **४७.६५%** | **५२.३५** | **१००%** | **४०५** | **१००%** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

आयोजनाबाट प्रत्यक्ष प्रभाव भएको जनसंख्यालाई शैक्षिक स्तर हेर्दा साधारण लेखपढ गर्न जान्ने ४३.४८% र प्राथमिक तहका १३.९१ % रहेको छ जुन तालिका ५.८ मा उल्लेखित छ।

**तालिका ५.८ः प्रभावित परिवारको शैक्षिक अवस्था**

| शैक्षिक योग्यता | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| **Playgroup/KG** | १२ | ५.२२ | ११ | ४.७८ | २३ | १०.०० |
| **साधारण लेखपढ** | ५७ | २४.७८ | ४३ | १८.७० | १०० | ४३.४८ |
| **प्राथमिक** | १९ | ८.२६ | १३ | ५.६५ | ३२ | १३.९१ |
| **एस.ई.ई.** | ३६ | १५.६५ | ९ | ३.९१ | ४५ | १९.५७ |

| शैक्षिक योग्यता | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| माध्यामिक/+२ | २० | ८.७० | १० | ४.३५ | ३० | १३.०४ |
| जम्मा | १४४ | ६२.६१% | ८६ | ३७.३९% | २३० | १००% |

**स्रोतः स्थलगत सर्वेक्षण,२०८२**

## ५.३.१.६ पेशा

आयोजना प्रभावित घर परिवार कृषि, खेतीपाती, तथा वैदेशिक रोजगारी, ज्याला मजदुरी तथा होटल व्यवसायमा संलग्न रहेको पाइएको छ। उक्त परिवार मध्ये (५८.०२%) कृषि तथा पशुपालन रोजगारमा संलग्न छन् भने वैदेशिक रोजगारीमा (१६.०५%) संलग्न रहेका छन्।

**तालिका ५.९: विभिन्न पेशामा संलग्न घरधुरी विवरण**

| क्र.स. | पेशा | सदस्य | % |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ४७ | ५८.०२% |
| ३. | ज्याला मजदुरी | १० | १२.३५% |
| ४. | वैदेशिक रोजगारी | १३ | १६.०५% |
| ५. | होटल र अन्य व्यवसाय | ११ | १३.५८% |
| कूल | | ८१ | १००% |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

## ५.३.१.७ अन्न बाली उत्पादन

आयोजना प्रभावित परिवारको घरमा बसोबास गर्ने मानिसहरुले उब्जाउने गरेका मुख्य बालीहरु मकै, कोदो, गहुँ, धान, आलु र अन्य तरकारीहरू रहेका छन्। जम्मा उत्पादन हुने बालीको विवरण तालिका ५.१० मा प्रस्तुत गरिएको छ।

**तालिका ५.१०: उत्पादन हुने मुख्य बाली**

| क्र.स. | बाली | उत्पादन (मे.ट) | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| १. | धान | २.९० | १.३ |
| २. | कोदो | ४.२३ | २.१ |
| ३. | गहुँ | ३.८९ | २.८ |
| ४. | आलु | ५.४ | ३.१ |
| ५. | मकै | ६.३१ | ४.२ |

**स्रोतः घरधुरी सर्वेक्षण,२०८२**

### ५.३.१.८ पिउने पानी तथा इन्धनको स्रोत

आयोजना प्रभावित परिवारले मुख्य खानेपानीको स्रोतको रुपमा पाइपलाइनको पानी प्रयोग गर्ने गरेको र कुवा तथा नहरको पानीमा निर्भर रहन नपर्ने जानकारी पाइएको छ। राष्ट्रिय प्रसारण लाइन मार्फत प्रभावित क्षेत्रका सबै घरधुरीसम्म विद्युत पुगेको हुँदा बिजुली बत्ती उज्यालो स्रोतको रुपमा रहेको छ। खाना पकाउने इन्धनको मुख्य स्रोतमा दाउरा प्रयोग गर्ने ६२.२१% र एलपी ग्याँसको प्रयोग गर्ने परिवार ३७.७९% रहेको छ।

### ५.३.१.९ स्वास्थ्य र सरसफाई

घरधुरी सर्वेक्षणको आधारमा आयोजना प्रभावित परिवारका केहि सदस्यमा निमोनिया, ग्यास्ट्रिक, मधुमेह, दम सम्बन्धी रोग लागेको बताएका छन्। सरसफाईमा सम्पूर्ण प्रभावित परिवारका घरमा शौचालयको व्यवस्था रहेको थियो। सम्पूर्ण प्रभावित परिवारको घरबाट निस्कने ठोस तथा तरल फोहोरहरु गोठ नजिकै संकलन गरि गाईबस्तुको गोबरसँगै मिसाएर मल बनाई खेत बारीमा प्रयोग गर्ने गरेको देखिएको छ।

### ५.३.१.१० खाद्यान्न पर्याप्तता

आयोजनाबाट प्रभावित घरधुरी मध्ये ४८ घर परिवारलाई मात्र आफ्नै उत्पादनले वर्षभरी खाद्यान्न पर्याप्त हुने देखिन्छ भने बाँकी ३३ घर परिवारलाई वर्षभरी खाद्यान्न पर्याप्तताका निम्ति वैकल्पिक आय स्रोतहरु जस्तै ज्याला मजदुरी, वैदेशिक रोजगारी, निजी तथा सरकरी जागिर आदि प्रति आश्रित हुनुपर्ने देखिन्छ।

**तालिका ५.११: प्रभावित घरधुरीहरुमा खाधान्नको पर्याप्तता**

| क्र.स. | वार्षिक खाद्यन्न प्राप्यतता | परिवारको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | पर्याप्त | ४८ | ५९.२६% |
| २ | अपर्याप्त | ३३ | ४०.७४% |
| | **कूल** | **८१** | **१००%** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

### ५.३.१.११ आम्दानी र खर्च

आयोजना प्रभावित परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ। यसका साथै दैनिक ज्याला मजदुरी गरेर घर खर्च चलाउने गरेका छन् भने उनीहरुको धेरै खर्च दैनिक आवश्यक सामान खरिद गर्न, शिक्षा, यातायात र चाड पर्वमा हुने देखिएको छ।

**तालिका ५.१२: आयोजना प्रभावित घरपरिवारको आम्दानीको स्रोत**

| क्र.स. | आम्दानीको स्रोत | प्रतिशत |
|---|---|---|
| १. | कृषि | ४२.२३% |
| २. | ज्याला मजदुरी | १६.४४% |
| ३. | पशुपालन | २०.२९% |
| ४. | वैदेशिक रोजगार | १२.३३% |
| ५. | होटल र अन्य व्यवसाय | ८.७१% |
| **कूल** | | **१००%** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

**तालिका ५.१३: आयोजना प्रभावित घरपरिवारको खर्चको विवरण**

| क्र.स. | खर्चको विवरण | प्रतिशत |
|---|---|---|
| १. | आवश्यक सामान खरिद गर्न | ३५% |
| २. | शिक्षा | ३०% |
| ३. | यातायात | १०% |
| ४. | चाड पर्व | २५% |
| **कूल** | | १००% |

**स्रोतः घरधुरी सर्वेक्षण, २०८२**

### ५.३.१.१२ आयोजनाबाट अपेक्षा

प्रस्तावित आयोजनाको सम्बन्धमा स्थानीयको धारणा सकारात्मक देखिन्छ। स्थानीयको मुख्य अपेक्षा, आयोजना छिटो र छरितो एवम प्रस्तावित समयावधिमा सम्पन्न हुनुपर्ने बताएका छन्। साथै, यस आयोजना निर्माणमा दक्षता तथा सिपको आधारमा स्थानीय/प्रभावित घर परिवारलाई रोजगारी उपलव्ध गराउनु पर्ने साथै आयोजना प्रभावित परिवारको जग्गाको उचित मुवाब्जा दिनुपर्ने माग रहेको छ।

# अध्याय ६
# ६. प्रस्ताव कार्यान्वयन गर्दा वातावारणमा पर्ने प्रभाव

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा आयोजनाको निर्माण तथा संचालन चरणमा पर्न सक्ने विभिन्न सकारात्मक तथा नकारात्मक प्रभावहरू पहिचान गरिएको थियो। प्रस्तुत पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाको Layout तथा डिजाइन परिवर्तन गरी सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारातर्फ स्थानान्तरण गरिएकाले, सोसँग सम्बन्धित गतिविधिहरूले विद्यमान भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा पार्न सक्ने थप प्रभावहरूको मात्र विश्लेषण गरिएको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश भइसकेका प्रभावहरू यस प्रतिवेदनमा पुनः उल्लेख गरिएको छैन। यसमा केवल परिमार्जित संरचना तथा नयाँ गतिविधिहरूबाट उत्पन्न हुन सक्ने थप प्रभावहरू मात्र समेटिएका छन्।

## ६.१ नकारात्मक प्रभावहरु
### ६.१.१ भौतिक वातावारण
#### ६.१.१.१ भू-उपयोगमा परिवर्तन

आयोजनाका विभिन्न संरचना (बाँध, बालुवा थिग्राउने पोखरी, सर्ज ट्यांङ्क, हेडरेस पाइप, पेनस्टक पाइप, विद्युतगृह, पहुँच मार्ग आदि) निर्माणले गर्दा आयोजना क्षेत्रमा वर्तमान भू-उपयोगमा परिवर्तन हुने देखिन्छ। प्रस्तावित आयोजना निर्माण गर्दा अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत वन क्षेत्रमा पर्ने १.३६ हे., खोलाको बगरमा पर्ने ११.६५ हे. जग्गा र ९.९ हे. निजि जग्गा आवश्यक पर्ने देखिन्छ। आयोजना क्षेत्रमा भौतिक पूर्वाधार निम्न गर्दा विद्यमान भू-उपयोगमा परिवर्तन हुनेछ।

*(यसको प्रभाव प्रत्यक्ष किसिमको, परिमाण उच्च, सीमामा स्थानीय र दीर्घकालीन अवधिको हुनेछ।)*

#### ६.१.१.२ भू-क्षय तथा पहिरो

आयोजना निर्माणका क्रममा जमिन उत्खनन्, भिरालो जमिन काट्ने, ग्रेडिङ्ग गर्ने, भारी उपकरणको प्रयोग आदि कार्यले जमिनको अवस्था परिवर्तन गर्दछ। बाँध क्षेत्र, हेडरेस पाइप, सर्ज ट्यांक तथा विद्युतगृह क्षेत्रमा निर्माण कार्यका कारण भू-क्षय, भिरालो जमिन अस्थिरता, सतही माटोमा

क्षति हुने अपेक्षा गरिएको छ। विशेष गरी, वर्षाको समयमा गरिने निर्माण कार्यले पहिरोको जोखिम बढी हुने अपेक्षा गरिएको छ। थप रुपमा आयोजनाको हेडरेस पाइप एलाइनमेन्ट (चेनेज २+३०० देखि २+५००) मा रहेको रेल पहिरो रहेको स्थानमा निर्माण कार्य गर्दा पहिरो सक्रिय भई थप प्रभाव पर्ने देखिन्छ।

*(यसको प्रभाव प्रत्यक्ष किसिमको, परिमाण मध्यम, सीमामा स्थानीय र दीर्घकालीन अवधिको हुनेछ।)*

### ६.१.१.३ स्पोइल उत्सर्जनबाट पर्ने प्रभाव

प्रस्तावित आयोजनाको विभिन्न संरचनाहरु निर्माण गर्दा १,२९,९८० घन.मि. स्पोइल उत्सर्जन हुने देखिन्छ। उक्त स्पोइललाई उचित व्यवस्थापन नगरिएको खण्डमा वर्षातको पानीले बगाएर स्थानीय वातावरण जस्तै वायु प्रदुषण, भूमि प्रदुषण, पानीको गुणस्तर आदिहरुमा नकारात्मक प्रभावहरु देखा पर्दछन्। Spoil को सहि व्यवस्थापन गरिएन भने यसले आयोजना क्षेत्रको सौन्दर्यमा प्रभाव पार्दछ।

*(यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानीय र समयमा अल्पकालीन हुनेछ।)*

### ६.१.१.४ वायु तथा ध्वनि प्रदुषण तथा कम्पनबाट पर्ने प्रभाव

प्रस्तावित आयोजनाको विभिन्न संरचनाहरु निर्माण गर्दा प्रयोग हुने उपकरण तथा सवारी साधनको कारण उत्सर्जन हुने धूलो तथा धुवाँले वायुको गुणस्तरमा प्रभाव पार्ने देखिन्छ। पहुँच सडकमा दुवानीका साधनहरु गुड्दा धूलो उडेर वायु प्रदुषण हुने देखिन्छ। त्यसैगरी गाडीहरु/मेसिनले इन्धन प्रयोगका कारण उत्सर्जन गर्ने कार्बन मनोक्साइडले वायु प्रदुषण हुने देखिन्छ। जसले गर्दा स्थानीय बासिन्दाको जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ। त्यसै गरी विभिन्न मेसिनरी उपकरण, सवारीसाधन तथा क्रसर तथा ब्यचिंग प्लान्टको संचालनले ध्वनी प्रदुषण हुन् सक्दछ। यद्यपी स्वीकृत वा.प्र.मू. प्रतिवेदनमा सुरुङ्ग निर्माण गर्न विस्पोटन गर्ने कार्य उल्लेखित छ भने हाल सुरुङ्ग निर्माण नहुने भएकोले विस्पोटन कार्य पनि नहुने र ध्वनी तथा कम्पन कम हुने देखिन्छ।

*(यसको प्रभाव प्रत्यक्ष, परिमाणमा निम्न, सिमामा स्थानीय र समयमा अल्पकालीन हुनेछ।)*

### ६.१.२ जैविक वातावारण

जैविक वातावरणमा पर्ने प्रमुख प्रभावहरुमा नदिमा पाइने जीवजन्तुहरुलाइ असर, जीवजन्तुको वासस्थानमा पर्ने प्रभाव, वन जंगलमा हुने आगलागी, नदिको बाँध र टेलरेस विचको भागमा पानीको वहावमा कमि भई माछा तथा अन्य जलचरमा पर्ने असर आदि रहेका छन् जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भए बमोजिम नै रहेका छन्। यस प्रतिवेदनले परिमार्जित संरचना तथा नयाँ गतिविधिहरूबाट उत्पन्न हुन सक्ने थप जैविक वातावरणमा पर्ने प्रभावहरू मात्र समेटिएको छ।

#### ६.१.२.१ आयोजनाका संरचनाहरु निर्माणका कारण वन क्षेत्रको क्षति

प्रस्तावित आयोजनाका संरचना तथा सुविधाहरूका लागि स्थायी तथा अस्थायी रूपमा अपि नम्पा संरक्षण क्षेत्रको कुल १३.०१ हेक्टर जग्गा आवश्यक पर्दछ जसमा वन क्षेत्र १.३६ हे. र खोलाको बगर ११.६५ हे. जग्गा प्रयोग हुने देखिन्छ। आयोजनाले अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गतको कुल ४ वटा संरक्षण सामुदायिक वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने हुन्छ जसमा उषाणे (क) संरक्षण सामुदायिक वन, उषाणे (ख) संरक्षण सामुदायिक वन, खकने संरक्षण सामुदायिक वन र बालिचन नलबगड संरक्षण सामुदायिक वन रहेका छन्।

*(यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानिय र समयमा मध्यकालीन हुनेछ।)*

#### ६.१.२.२ आयोजनाका संरचनाहरु निर्माणका कारण वनस्पतिमा हुने क्षति

अपी नम्पा संरक्षण क्षेत्र भित्र पर्ने संरक्षण सामुदायिक वन क्षेत्रबाट ११ प्रजातिका कूल ६२ गोटा रूख तथा पोलहरू (रुख २१ वटा र पोल ४१) हेडरेस पाइप र सर्ज ट्यांक निर्माणको क्रममा हटाउनुपर्ने देखिन्छ। जसमा उषाणे (क) संरक्षण सामुदायिक वन क्षेत्रबाट ५ वटा रुख र ८ वटा पोल, उषाणे (ख) संरक्षण सामुदायिक वनबाट ७ वटा रुख र ११ वटा पोल, खकने संरक्षण सामुदायिक वनबाट २ वटा रुख र ९ वटा पोल र बालिचन नलबगड संरक्षण सामुदायिक वनबाट ७ वटा रुख र १३ वटा पोल पर्दछ। कटान हुने मुख्य वनस्पतिहरुमा चिउरी, सल्ला, वर, पिपल, टुनी, सिमल, साझ, जामुन, अमला, आँप आदि रहेका छन्। यसरी हटाउनु पर्ने रूखहरूको वन्य उत्पादनको हिसाब गर्दा ७९.७४ क्यु. फिट काठ र १९९.४३ क्यु. फिट दाउराको नोक्सान हुने देखिन्छ।

*(यसको प्रभाव प्रत्यक्ष, परिमाणमा निम्न, सिमामा स्थलगत र समयमा मध्यकालीन हुनेछ।)*

### ६.१.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रमुख प्रभावहरुमा सामुदायिक स्वास्थ्य तथा सुरक्षामा प्रभाव, लैङ्गिक विभेदिकरण तथा बालश्रम, सामाजिक तथा सांस्कृतिक वातावरणमा पार्ने असर, स्थानीय समुदायमा मूल्य सम्बन्धी असर, कामदारको स्वास्थ्य तथा सुरक्षामा पर्ने असर, माछा मार्ने समुदायलाइ पार्ने असर, बाँधबाट अचानक पानी छोड्दा हुन् सक्ने मानिस र बस्तुभाउलाइ जोखिम आदि रहेका छन् जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भए बमोजिम नै रहेका छन्। यस प्रतिवेदनले परिमार्जित संरचना तथा नयाँ गतिविधिहरूबाट उत्पन्न हुन सक्ने थप सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभावहरू मात्र समेटिएको छ।

#### ६.१.३.१ निजी जग्गामा पर्ने प्रभाव

प्रस्तावित आयोजना कार्यान्वयनका लागि कूल ८१ घरपरिवारको १०.४१ हे. निजी जग्गा प्रयोग गर्नु पर्ने देखिएको छ जसमा १.८५ हेक्टर खेतियोग्य र ८.५८ हेक्टर बाँझो जग्गा आवश्यक रहेको छ। स्थायी प्रयोजनका लागि आयोजनाका संरचनाहरु निर्माण गर्दा यी निजी जग्गामा क्षति पुग्ने देखिन्छ। आयोजनाले प्रयोग गर्ने कुल १.८५ हेक्टर निजि खेतियोग्य जग्गामा उब्जाउमा कमि र खेतीयोग्य जमिनको नाश तथा अन्नबालीको नोक्सानी हुने देखिन्छ।

*(यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन हुनेछ।)*

**तालिका ६.१: वातावरणीय प्रभावहरुको तह निर्धारण तालिका**

| क्र.स. | वातावरणीय प्रभाव | प्रभावको किसिम | | प्रभावको तहको निर्धारण | | | | प्रभावको महत्व (significance) |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सिमा | अवधि | जम्मा अङ्कमान | |
| **क. नकारात्मक प्रभावहरु** | | | | | | | | |
| **भौतिक वातावरण** | | | | | | | | |
| क. | भू-उपयोगमा परिवर्तन | प्रत्यक्ष | | उच्च (६०) | स्थानीय (२०) | दिर्घकालीन (२०) | १०० | अत्याधिक महत्वपूर्ण |
| ख. | भू-क्षय तथा पहिरो | प्रत्यक्ष | | मध्यम (२०) | स्थानीय (२०) | दिर्घकालीन (२०) | ६० | मध्यम महत्वपूर्ण |
| ग. | स्पोइल उत्सर्जनबाट पर्ने प्रभाव | प्रत्यक्ष | | मध्यम (२०) | स्थानीय (२०) | अल्पकालीन (५) | ४५ | नगण्य |
| घ. | वायु तथा ध्वनि प्रदुषण तथा कम्पनबाट पर्ने प्रभाव | प्रत्यक्ष | | निम्न (१०) | स्थानीय (२०) | अल्पकालीन (५) | ५० | मध्यम महत्वपूर्ण |
| **जैविक वातावरण** | | | | | | | | |
| क. | आयोजनाका संरचना निर्माणका कारण वन क्षेत्रको क्षति | प्रत्यक्ष | | मध्यम (२०) | स्थानीय (२०) | मध्यकालीन (१०) | ५० | मध्यम महत्वपूर्ण |
| ख. | आयोजनाका संरचना निर्माणका कारण वनस्पतिमा हुने क्षति | प्रत्यक्ष | | निम्न (१०) | स्थलगत (१०) | मध्यकालीन (१०) | ३० | नगण्य |
| **सामाजिक- साँस्कृतिक र आर्थिक वातावरण** | | | | | | | | |
| क. | निजी जग्गामा प्रयोग गर्ने | प्रत्यक्ष | | मध्यम (२०) | स्थलगत (१०) | दिर्घकालीन (२०) | ५० | मध्यम महत्वपूर्ण |

# अध्याय ७

# ७. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकुल प्रभाव न्यून गर्ने उपाय

## ७.१ सकारात्मक प्रभाव अभिवृद्धका उपायहरु

प्रस्तावित आयोजना निर्माण तथा संचालन चरणमा हुने प्रमुख सकारात्मक प्रभावहरुमा रोजगारीमा अवसर, रोयल्टी, स्थानीय राजश्वमा वृद्धि, सार्वजनिक सुविधाहरुमा सुधार, ग्रामिण विद्युतीकरणका अवसर, स्थानीय पूर्वाधारहरुको विकास आदि रहेका छन् जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन बमोजिम नै रहेका छन्।

## ७.२ नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु

### ७.२.१ भौतिक वातावरण

#### ७.२.१.१ भू-उपयोगमा परिवर्तन

आयोजनाका संरचनाहरू निर्माण गर्दा आवश्यक न्यूनतम क्षेत्रफल मात्र उपयोग गरिनेछ तथा वरपरको वन क्षेत्र, खेतीयोग्य जमिन र बाँझो जग्गामा अनावश्यक क्षति नपुग्ने गरी निर्माण कार्य संचालन गरिनेछ। आयोजनाका लागि स्थायी रूपमा आवश्यक पर्ने जग्गाबाहेक अस्थायी रूपमा प्रयोग गरिएका क्षेत्रहरू निर्माण कार्य सम्पन्न भएपछि पुनः पूर्ववत अवस्थामा पुनर्स्थापना गरिनेछ। आयोजनाका संरचनाहरूको डिजाइन तथा निर्माण कार्य गर्दा विद्यमान भू-उपयोगमा न्यूनतम परिवर्तन हुने गरी कार्य गरिनेछ।

#### ७.२.१.२ भू-क्षय तथा पहिरो

आयोजनाको संरचनाहरु रहने भिरालो जमिनमा उत्खनन गर्ने क्रममा स्थायित्वका लागि angle of repose कायम गरिनेछ। आयोजना प्रभावित क्षेत्रमा आवश्यक ठाउँमा सिभिल संरचना (Retaining wall and breast walls) द्वारा पहिरो तथा नदी कटान जस्तो जोखिमको न्यूनीकरण गरिनेछ । साइड ड्रेनमा जम्मा भएको पानीलाई स्थिर निकास प्रणाली प्रयोग गरी सडक पार गरी निकास गरिनेछ। भिरालो जमिनको कटान गर्दा हरेक ४ मिटरमा ३ मिटर चौडाइ भएको कान्ला बनाई कायम गरिनेछ ।

त्यसैगरी, चेनेज २+३०० देखि २+५०० मा रहेको रेल पहिरोमा हेडरेस पाइप राख्ने क्रममा निम्न न्यूनीकरण तथा सावधानीका उपायहरु अवलम्बन गरिनेछ।

- पहिरो क्षेत्रभित्र आवश्यक न्यूनतम मात्र उत्खनन गरिनेछ तथा अनावश्यक कटान र ढलान परिवर्तन गरिने छैन।
- हेडरेस पाइपलाई स्थिर बनाउन RCC Anchor Block, Pipe Support तथा Flexible Joint को व्यवस्था गरिनेछ
- ढलान संरक्षणका लागि Gabion Wall, Retaining Wall, Breast Wall वा अन्य आवश्यक Bio-engineering प्रविधिहरु जस्तै टेरेसिंग, अम्रिसो, दुबो, Jute Netting आदि र इन्जिनियरिङ्ग संरचनाहरु जस्तै पर्खाल, बेन्चिङ्ग, पानीको निकासी आदिहरु अपनाइनेछ।
- निर्माण कार्य वर्षायामभन्दा बाहेकको समयमा सञ्चालन गरिनेछ ताकि पहिरो सक्रिय हुने सम्भावना न्यून होस्।
- उत्खननबाट निस्किएको माटो तथा ढुंगाजन्य सामग्री सुरक्षित स्थानमा व्यवस्थापन गरिनेछ र पहिरो क्षेत्रमा फालिने छैन।
- पहिरो प्रभावित क्षेत्रमा नियमित अनुगमन गरी पाइपलाइन, ढलान तथा संरक्षण संरचनाको अवस्था परीक्षण गरिनेछ।
- पहिरो क्षेत्रको स्थायित्व अभिवृद्धिका लागि स्थानीय प्रजातिका घाँस, झाडी तथा बिरुवा रोपण गरी जैविक संरक्षण (Bio-engineering) प्रविधि अपनाइनेछ।

### ७.२.१.३ स्पोइल उत्सर्जनबाट पर्ने प्रभाव

- आयोजना निर्माणको क्रममा उत्खनन कार्य गर्दा निस्केको माटो र ढुङ्गा व्यवस्थापनको लागि २ वटा डिस्पोजल क्षेत्रहरु छुट्याईएको छ।
- माटो तथा ढुङ्गा थुपार्न ४ मि.को उचाई कायम राखिनेछ। त्यस पश्चात सो क्षेत्रमा पानीको निकासका लागि संरचना बनाईनेछ र त्यस माथि विरुवाहरु रोपीनेछ।
- स्पोइलको गुणस्तरका आधारमा केहि ढुंगा, गिट्टी तथा माटो ब्याक फिलिङ्गको निम्ति प्रयोग गरिनेछ
- आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि जमिनलाई पहिलेकै परिदृश्यमा पुन-स्थापना गरि पुनः प्रयोग गर्न मिल्ने अबस्थामा छोडिनेछ।

### ७.२.१.४ वायु तथा ध्वनि प्रदुषणबाट पर्ने प्रभाव

निर्माण चरणमा निम्न प्रभाव न्यूनीकरणका उपायहरु अपनाइनेछः

- माटो तथा कच्ची सडकमा धुलोको कणहरु उड्ने समस्या कम गर्न वर्षातको समय बाहेक अन्य महिनामा दिनको २ पटक बिहान र साँझको समयमा पानी छर्किईने छ।
- सवारी साधनबाट उत्सर्जित हुने धुवाँ कम गर्नको लागि सवारी साधनको नियमित रुपमा जाँच गरिनेछ र Vehicular Mass Emission Standard अनुसार emission कायम गरिनेछ।
- साथै ध्वनिको लागि आयोजना क्षेत्रमा गुड्ने गाडीहरुलाई नियमित रुपमा मर्मत गरिनेछ जसले गर्दा ड्राइभिङ्गको क्रमम मेकानिकल आवाज कम हुनेछ।
- सवारी साधनको प्रयोग गर्दा अनावश्यक हर्नको प्रयोग नगर्न प्रस्ताव गरिएको छ।
- डिजेल जेनेरेटर खुल्ला ठाउँमा नराखी पर्याप्त ventilation सहित बन्द कोठाभित्र राखिनेछ।
- क्रसर तथा अन्य कुनै पनि औजारहरु प्रयोग गर्दा सकेसम्म ध्वनि कम मात्र निकाल्ने मेसिन तथा औजार प्रयोग गर्न प्रस्ताव गरिएको छ।

यो कार्यहरुका लागि प्रस्तावकले निर्माण व्यवसायीसँग सम्झौता गर्न प्रस्ताव गरिएको छ।

### ७.२.२ जैविक वातावारण

**<u>निर्माण चरण</u>**

#### ७.२.२.१ आयोजनाका विभिन्न संरचना निर्माणका कारण वन क्षेत्रको क्षति

संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० बमोजिम आयोजनाले आफ्नै खर्चमा वन क्षेत्रबाट हटाउनु पर्ने रुख विरुवा तथा अन्य वन पैदावार कटान, मुछान तथा संकलन गरी संरक्षकले तोकिदिएको स्थानमा घाटगद्दी गर्नेछ।

आयोजना निर्माणका लागि अपि नम्पा संरक्षण क्षेत्र आयोजना अन्तर्गत अपि नम्पा संरक्षण क्षेत्र वन व्यवस्थापन समितिभित्र पर्ने उषाणे (क) संरक्षण सामुदायिक वन उपभोक्ता समिति, उषाणे (ख) संरक्षण सामुदायिक वन उपभोक्ता समिति , खकने संरक्षण सामुदायिक वन उपभोक्ता समिति र बालिचन नलबगड संरक्षण सामुदायिक वन उपभोक्ता समितिबाट कूल १३.०१ हेक्टर जग्गा आवश्यक रहेको छ।

अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन समितीको वन क्षेत्र भित्र पर्ने स्थायी संरचानाको लागि १३.०१० हेक्टर वन क्षेत्रको क्षतिपूर्ति स्वरूप वन क्षेत्रको सट्टा भर्नाको काम संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को दफा ९ बमोजिम जग्गा उपलब्ध गराइनेछ। आयोजनाले जग्गा उपलब्ध गराउन नसकेमा जग्गा

उपलब्द गराउने प्रयोजनको लागि दफा ९ को उपदफा २ बमोजिम जग्गा प्राप्ति सहजीकरण समितिमा लेखि पठाइनेछ। दफा १० को उपदफा ३ बमोजिम जग्गा प्राप्ति सहजीकरण समिति मार्फत पनि जग्गा उपलब्ध हुन नसकेमा दफा ११ बमोजिम यस आयोजनाले अनुसूची २ बमोजिमको रकम कोषमा जम्मा गर्नेछ।

### ७.२.२.२ आयोजनाका विभिन्न संरचना निर्माणका कारण वनस्पतिको क्षति

अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत रहेको उषाणे (क) संरक्षण सामुदायिक वन, उषाणे (ख) संरक्षण सामुदायिक वन, खकने संरक्षण सामुदायिक वन र बालिचन नलबगड संरक्षण सामुदायिक वनबाट कुल ६२ वटा रुख तथा पोल काट्नु पर्ने भएकोले संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० अनुसार आयोजनाले प्रत्येक रूखको नोक्सानीको क्षतीपूर्तिका लागि प्रत्येक हटाइने रूख बापत १० को दरले हुन आउने जम्मा ६२० गोटा रुखका विरूवाहरू रोपिनेछ।

यसै गरि अपि नम्पा संरक्षण क्षेत्रको कूल १३.०१० हेक्टर वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १६०० बिरुवा रोप्न सक्ने व्यवस्था अनुसार थप २०,८१६ बिरुवा समेत गरि जम्मा २१,४३६ बिरुवाहरु आयोजनाले अपि नम्पा संरक्षण क्षेत्र आयोजनाले तोकेको स्थानमा रोप्नेछ र ५ वर्ष सम्म स्याहार, सम्भार र संरक्षण पनि गर्नेछ। यसरी आयोजना निर्माणको लागि हटाइने रूखहरूले संचय गरेको कार्बनको क्षति बापत आयोजनाले रोप्ने रूखहरूले परिपूर्ति गर्नेछ र जलवायु परिवर्तनलाई नियन्त्रण गर्न सहयोग पुर्याउनेछ। आयोजनाले वृक्षारोपण गर्ने बिरुवा प्रजातिहरुको चयन मुख्यता प्राकृतिक वातावरणमा स्वदेशी रुख प्रजातिको रुपमा उपलब्ध प्रजातिहरुमा आधारित हुनेछ जस्तै चिउरी, सल्ला, जामिन, टुनी, पिपल आदि। प्रस्तावकले अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन समिति र स्थानीय समुदायको समवन्यमा वृक्षारोपण कार्यक्रम कार्यन्वयन गर्नेछ। त्यसको लागि रु. ४४,४३,६००/- रकम छुटयाईएको छ। (तालिका ७.१)

**तालिका ७.१: क्षतिपूर्ति वृक्षारोपणको लागि लागत**

| क्र.स. | वृक्षारोपणको | दर/रेट | लागत (ने. रु.) |
|---|---|---|---|
| १. | २१,४३६ वटा बिरुवाहरु रोप्न लाग्ने लागत | रु. १०० प्रति बिरुवा | २१,४३,६००/- |
| २. | वृक्षारोपणको लागि आवश्यक क्षेत्र तयारी गर्ने, खन्ने, गारो लगाउने आदि इत्यादी | - | १२,५०,०००/- |
| ३. | वन हेरालु (१ जना ५ वर्षको लागि) | *ने.रू. १७,५०० प्रति महिना | १०,५०,०००/- |
| | **कूल** | | **४४,४३,६००/-** |

*** प्रति महिना उल्लेख गरिएको उक्त रकम प्रचलित कानुन बमोजिम परिवर्तन हुन सक्ने**

### ७.२.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

**<u>निर्माण चरण</u>**

#### ७.२.३.१ निजी जग्गाको क्षतिपूर्ति

प्रस्तावित आयोजना कार्यान्वयनका लागि कूल ८१ घरपरिवारको ९.९० हे. निजी जमिन स्थायी प्रयोजनको लागि र ०.५३ हे. निजी जमिन अस्थायी प्रयोजनको लागि गरी कूल १०.४३ हे. आवश्यक रहेको हुँदा प्रस्तावकले जग्गाधनिहरुसँग छलफल गरि स्थानीय तहको समन्वयमा जग्गाको बजार मुल्य अनुरुप खरिद गरिनेछ। अस्थायी सुविधाहरूको लागि आवश्यक जमिन वर्तमान बजार मूल्यका आधारमा छोटो अवधिका लागि लिजमा लिइनेछ। आयोजना सम्पन्न भएपछि लिजमा लिइएको जमिन पुनःस्थापना गरी सम्बन्धित जग्गाधनीलाई फिर्ता गरिनेछ। त्यसैगरी आयोजनाले स्थायी रुपमा प्रयोग गर्ने १.८५ हेक्टर निजि खेतियोग्य जग्गाको खरिद गर्नु अधि जग्गा धनिसंग समन्वय गरी बालि नोक्सानीको क्षतिपूर्ति प्रदान गर्नेछ।

### ७.३ वातावरणीय व्यवस्थापन योजना

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तुत गरिएको वातावरणीय व्यवस्थापन योजनाले यस प्रतिवेदनमा पहिचान गरिएका वातावरणीय प्रभावहरू तथा तिनका न्यूनीकरण उपायहरूलाई मात्र समेटेको छ। यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका अन्य वातावरणीय व्यवस्थापन योजना, न्यूनीकरण उपाय तथा अनुगमन व्यवस्था यथावत् लागू हुनेछन्।

**तालिका ७.२: नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायहरु**

| क.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| **भौतिक वातावरण** | | | | | | | | | |
| १. | भू-उपयोगमा परिवर्तन | आयोजनाका संरचनाहरू निर्माण गर्दा आवश्यक न्यूनतम क्षेत्रफल मात्र उपयोग गरिनेछ तथा वरपरको वन क्षेत्र, खेतीयोग्य जमिन र बाँझो जग्गामा अनावश्यक क्षति नपुग्ने गरी निर्माण कार्य संचालन गरिनेछ। आयोजनाका लागि स्थायी रूपमा आवश्यक पर्ने जग्गाबाहेक अस्थायी रूपमा प्रयोग गरिएका क्षेत्रहरू निर्माण कार्य सम्पन्न भएपछि पुनः पूर्ववत अवस्थामा पुनर्स्थापना गरिनेछ। | अस्थायी रूपमा प्रयोग गरिने जग्गा निर्माण अवधि पश्चात पुनर्स्थापना गर्ने | आयोजनाको संरचना रहने प्रस्तावित क्षेत्र | आवश्यकता अनुसार civil structures हरुको निर्माण गरी भू-उपयोग र भू बनावटमा हुने परिवर्तन न्यूनीकरण गर्ने | निर्माण चरण | प्रस्तावक | आयोजना को सिभिल लागतमा समावेश | प्रस्तावक, मार्मा गाउँपालिका अपी नम्पा संरक्षण क्षेत्र, ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय, विद्युत विकास विभाग |
| २. | भू-क्षय तथा पहिरो | आयोजनाको संरचनाहरु रहने भिरालो जमिनमा उत्खनन गर्ने क्रममा स्थायित्वका लागि angle of repose कायम गरिनेछ। | पर्खालको निर्माण गरी जमिनहरुलाई स्थिरीकरण गरिनेछ, बायोईन्जिनियरिङ्ग | आयोजनाको संरचना रहने प्रस्तावित क्षेत्र | बायोईन्जिनियरिङ्ग उपायहरु अपनाएर जस्तै टेरेसिंग, अम्रिसो, दुबो, Jute | निर्माण चरण | प्रस्तावक, निर्माण व्यवसायी | आयोजना को सिभिल लागतमा समावेश | |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना प्रभावित क्षेत्रमा आवश्यक ठाउँमा सिभिल संरचना (Retaining wall and breast walls) द्वारा पहिरो तथा नदी कटान जस्तो जोखिमको न्यूनीकरण गरिनेछ, हेडरेस पाइप रहने भागमा (चेनेज २+३०० देखि २+५००) सक्रिय रहेको रेल पहिरोको व्यवस्थापनका लागि bio-engineering प्रविधि जस्तै टेरेसिंग, अम्रिसो, दुबो, Jute Netting आदि र इन्जिनियरिङ्ग संरचनाहरु जस्तै पर्खाल, बेन्चिङ्ग, पानीको निकासी आदिहरु अपनाईनेछ। | प्रविधिको प्रयोग गरिने | | Netting आदि र इन्जिनियरिङ्ग संरचनाहरु निर्माण गरेर जस्तै पर्खाल, बेन्चिङ्ग, पानीको निकासी आदि | | | | |
| ३. | स्पोइल उत्सर्जनबाट पर्ने प्रभाव | उत्खननबाट निस्केको स्पोइलको जथाभावी भण्डारण नगर्ने | तोकिएको स्थानमा मात्र स्पोइलको व्यवस्थापन गर्ने | आयोजना प्रभावित क्षेत्र | स्पोइल व्यवस्थापन योजना बनाई व्यवस्थापन गरिने | निर्माण चरण | प्रस्ताव, निर्माण व्यवसायी | आयोजना को सिभिल लागतमा | |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समावेश | |
| ४. | वायु तथा ध्वनि प्रदुषणबाट पर्ने प्रभाव | माटो तथा कच्ची सडकमा धुलोको कणहरु उड्ने समस्या कम गर्न वर्षातको समय बाहेक अन्य महिनामा दिनको २ पटक बिहान र साँझको समयमा पानी छर्किईने | राष्ट्रिय सवारी उत्सर्जन मापदण्डहरूको पालना गरी भारी उपकरण र सवारी साधनहरुको नियमित रेखदेख गरिने, डिजेल जेनेरेटरको धुँवा व्यवस्थापन गरिनेछ, श्रमिकहरुको स्वास्थ्य परीक्षण गरिनेछ | निर्माण स्थल, शिविर तथा नजिकका वस्तीहरु | आयोजना क्षेत्रमा ट्यांकरको मद्दतले पानी छयाप्ने<br>-कामदारहरुलाइ खाना पकाउन एल.पी. ग्यासको व्यवस्था गर्ने<br>-चालकलाइ सिमितगतिमा सवारी चलाउन निर्देशित गर्ने | संचालन चरण | प्रस्ताव, निर्माण व्यवसायी | आयोजना को सिभिल लागतमा समावेश | |
| **जैविक वातावरण** | | | | | | | | | |
| १. | आयोजनाका विभिन्न संरचना निर्माणका कारण वन | संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० बमोजिम अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन | -आयोजना निर्माण गर्दा राष्ट्रिय वन क्षेत्र अन्तर्गत अपि नम्पा सं. क्षेत्रको कूल १३.०१ हेक्टर | अपि नम्पा सं.क्षे.स. क्षेत्र आयोजनाको कार्यालयले तोकेको क्षेत्रमा | अपि नम्पा सं.क्षे.स. क्षेत्र आयोजनासँग समन्वय गरेर वन क्षेत्रको सट्टा भर्ना गर्ने | निर्माण चरण | प्रस्तावक | आयोजना को सिभिल लागतमा समावेश | प्रस्तावक, मार्मा गाउँपालिका, अपी नम्पा संरक्षण क्षेत्र, |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रको क्षति | समितीको वन क्षेत्र भित्र पर्ने स्थायी संरचानाको लागि १३.०१० हेक्टर वन क्षेत्रको क्षतिपूर्ति स्वरूप वन क्षेत्रको सट्टा भर्नाको काम संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को दफा ९ बमोजिम जग्गा उपलब्ध गराइनेछ। आयोजनाले जग्गा उपलब्ध गराउन नसकेमा जग्गा उपलब्द गराउने प्रयोजनको लागि दफा ९ को उपदफा २ बमोजिम जग्गा प्राप्ति सहजीकरण समितिमा लेखि पठाइनेछ। दफा १० को उपदफा ३ बमोजिम जग्गा प्राप्ति सहजीकरण समिति मार्फत पनि जग्गा उपलब्ध हुन नसकेमा दफा ११ बमोजिम यस आयोजनाले | प्रयोग गरे बापत प्रस्तावित आयोजनाले सट्टाभर्ना स्वरुप जग्गा उपलब्द गराईने, यद्यपि, नसकेमा विभागले तयार गरेको लागत अनुमान बमोजिमको रकम कोषमा जम्मा गरिनेछ। | | | | | | कृषि वन तथा पर्यावरण मन्त्रालय |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुसूची २ बमोजिमको रकम कोषमा जम्मा गर्नेछ। | | | | | | | |
| २. | आयोजनाका विभिन्न संरचना निर्माणका कारण वनस्पतिको क्षति | संरक्षण सामुदायिक वनबाट कुल ६२ वटा रुख तथा पोल काट्नु पर्ने भएकोले संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० अनुसार आयोजनाले प्रत्येक रूखको नोक्सानीको क्षतीपूर्तिका लागि प्रत्येक हटाइने रूख बापत १० को दरले हुन आउने जम्मा ६२० गोटा रुखका विरूवाहरू रोपिनेछ, यसै गरि अपि नम्पा संरक्षण क्षेत्रको कूल १३.०१० हेक्टर वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १६०० बिरुवा रोप्न सक्ने व्यवस्था अनुसार थप २०,८१६ बिरुवा समेत गरि | वृक्षारोपण गर्ने बिरुवा प्रजातिहरुको चयन मुख्यता प्राकृतिक वातावरणमा स्वदेशी रुख प्रजातिको रुपमा उपलब्ध प्रजातिहरुमा आधारित हुने | आयोजना नजिकको वन क्षेत्रमा | संरक्षित क्षेत्रमा पुर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० अनुसार | निर्माण चरण | प्रस्तावक, निर्माण व्यवसायी, | ४४,४३,६००/- | प्रस्तावक, मार्मा गाउँपालिका, अपी नम्पा संरक्षण क्षेत्र, कृषि, वन तथा पर्यावरण मन्त्रालय |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा २१,४३६ बिरुवाहरु आयोजनाले अपि नम्पा संरक्षण क्षेत्र आयोजनाले तोकेको स्थानमा रोप्नेछ र ५ वर्ष सम्म स्याहार, सम्भार र संरक्षण पनि गर्नेछ। | | | | | | | |
| **सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | | | | |
| १. | निजी जग्गाको क्षतिपूर्ति | आयोजना कार्यान्वयनका लागि कूल ८१ घरपरिवारको ९.९० हे. निजी जमिन स्थायी प्रयोजनको लागि र ०.५३ हे. निजी जमिन अस्थायी प्रयोजनको लागि गरी कूल १०.४३ हे. आवश्यक रहेको हुँदा प्रस्तावकले जग्गाधनिहरुसँग छलफल गरि स्थानीय तहको समन्वयमा जग्गाको बजार मुल्य अनुरुप खरिद गरिनेछ। | जग्गाधनिहरुसँग छलफल गरि जग्गाको बजार मुल्य अनुरुप खरिद गरिनेछ। अस्थायी सुविधाहरूको लागि आवश्यक जमिन वर्तमान बजार मूल्यका आधारमा छोटो अवधिका लागि लिजमा लिइनेछ। स्थायी रुपमा प्रयोग गर्ने १.८५ हेक्टर | आयोजनाको लागि लिइने निजि जमिन | प्रभावित परिवारसँग छलफल स्थानीय तहको समन्वयमा प्रभावित जमिनको उचित रकम प्रदान गर्ने | निर्माण चरण | प्रस्तावक, निर्माण व्यवसायी | आयोजनाको सिभिल लागतमा समावेश | प्रस्तावक, मार्मा गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, दार्चुला |

| क्र.स. | विषयगत क्षेत्र | न्यूनीकरणका उपायहरु | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | निजि खेतियोग्य जग्गाको खरिद गर्नु अधि जग्गा धनि संग समन्वय गरी बालि नोक्सानीको क्षतिपूर्ति प्रदान गर्नेछ। | | | | | | |

## ७.४ सामुदायिक सहयोग कार्यक्रम

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत छुट्टाइएका कार्यक्रमहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार नै छन् भने सार्वजनिक सुनुवाई कार्यकममा स्थानीयवासीहरुले प्रस्तावित आयोजनाको बाँध क्षेत्र माथि रहेको घाटको व्यवस्थापनमा सहयोग गर्न माग गरेको हुनाले यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा घाट व्यवस्थापनको लागि ने.रु.१०,००,०००/- रकम थप विनियोजन गरिएको छ।

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत ने.रु. ४,६७,७२,००५/- छुट्याईएको थियो भने हाल पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ने.रु. ४,७७,७२,००५/- सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत छुट्याईएको छ। जुन आयोजनाको कुल लागतको ०.८४ % रहेको छ। सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत रहेका क्रियाकलापहरु स्थानीय तहको सिफारिस र रोहबरमा कार्यान्वयन गरिनेछ (तालिका ७.३)।

**तालिका ७.३: सामुदायिक सहयोग कार्यक्रमको तुलनात्मक लागत**

| क्र.स. | क्रियाकलापहरु | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (लागत ने.रु,) | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (लागत ने.रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | चिउरी संरक्षण तथा उपयोग, व्यापार व्यवसाय वृद्धि गर्नका निम्ति विभिन्न किसिमका कार्यक्रमहरु | १२,००,००० | १२,००,००० | परिवर्तन नगरिएको |
| २. | महिला सम्बन्धि शिप विकास कार्यक्रम | १३,२२,००५ | १३,२२,००५ | |
| ३. | पूर्वाधार विकास सम्बन्धि कार्यक्रम | ३५,००,००० | ३५,००,००० | |
| ४. | विपन्न वर्गका तथा समूह सम्बन्धि कार्यक्रम | १२,००,००० | १२,००,००० | |
| ५. | वन डढेलो नियन्त्रण कार्यक्रम | १२,००,००० | १२,००,००० | |
| ६. | खानेपानी स्रोत व्यवस्थापन सम्बन्धि कार्यक्रम | ८५,००,००० | ८५,००,००० | |
| ७. | स्थानीय विद्यालयलाई सहयोग | ६५,५०,००० | ६५,५०,००० | |
| ८. | स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रम | ४५,००,००० | ४५,००,००० | |
| ९. | संक्रामण रोगको लागि आइसोलेसन कक्ष तथा एम्बुलेन्स | ९५,००,००० | ९५,००,००० | परिवर्तन नगरिएको |

| क्र.स. | क्रियाकलापहरु | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (लागत ने.रु,) | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (लागत ने.रु.) | कैफियत |
|---|---|---|---|---|
| १०. | धार्मिक तथा संस्कृतिक मठ, मन्दिर | ३५,००,००० | ३५,००,००० | परिवर्तन नगरिएको |
| ११. | कृषि, पशुपालन तथा लघुउद्यम विकास सम्बन्धि दक्षता अभिवृद्धि कार्यका निमित्त गर्ने सिपमुलक तालिम | १३,००,००० | १३,००,००० | |
| १२. | अपी नम्पा संरक्षण — जैविक विविधता | ४५,००,००० | ४५,००,००० | |
| १३. | घाट व्यवस्थापनमा सहयोग | - | १०,००,००० | थप गरिएको |
| **कूल** | | **४,६७,७२,००५/-** | **४,७७,७२,००५/-** | |

## ७.५ वातावरणीय लागतको सारांश

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन र पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा वातावरणीय अभिवृद्धिका कार्यक्रम र सामुदायिक सहयोग कार्यक्रमको लागी छुट्याइएको लागतमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा छुट्याईएको रकम भन्दा १०,००,००० ले वृद्धि भएको छ भने पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भौतिक वातावरण र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण पर्ने प्रभाव न्यूनीकरणको लागि लाग्ने रकम तल तालिकामा प्रस्तुत गरिएको छ। जस अनुसार यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा कुल वातावरणीय लागत ने.रु. ७,७९,८५,४७५/-/- विनियोजन गरिएको छ, जुन कूल आयोजना लागतको १.३७% रहेको छ। (तालिका ७.४)

**तालिका ७.४: वातावरणीय लागत**

| क्र.स | कार्यक्रम | लागत (ने.रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन | |
| १. | **वातावरणीय अभिवृद्धिका कार्यक्रम** | आयोजनको सिभिल लागतमा समावेस | | समान |
| २. | **सामुदायिक सहयोग कार्यक्रम** | ४,६७,७२,००५/- | ४,७७,७२,००५/- | वृद्धि भएको |
| ३. | **नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु** | | | |

| क.स | कार्यक्रम | लागत (ने.रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन | पूरक वातावरणीय प्रभाव मूल्याङ्कन | |
| | भौतिक वातावरण | ८०,००,०००/- | ८०,००,०००/- | समान |
| | जैविक वातावरण | १०,१०,००० | ४४,४३,६००/- | वृद्धि भएको |
| | सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण | १,७७,६९,८७०/- | १,७७,६९,८७०/- | समान |
| | **कुल न्यूनीकरणको लागत** | **२,६७,७९,८७०/-** | **३,०२,१३,४७०/-** | वृद्धि भएको |
| | **कुल वातावरणीय लागत** | **७,३५,५१,८७५/-** | **७,७९,८५,४७५/-** | वृद्धि भएको |
| | **प्रतिशत (%)** | **१.१७** | **१.३७** | |

नोटः उल्लेखित वातावरणीय लागत कुल आयोजनाको लागतको १.३७% हुन आउछ जसमा वातावरणीय अनुगमन तथा वातावरणीय परीक्षणको समावेस गरिएको छैन जुन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप नै रहनेछ।

# अध्याय ८
# वातावरणीय अनुगमन

प्रस्तावित आयोजनाको वातावरणीय अनुगमन योजना स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएबमोजिम नै कार्यान्वयन गरिनेछ। वातावरणीय अनुगमनका सूचकहरू, अनुगमन विधि, अनुगमन तालिका तथा प्रस्तावको निर्माण र संचालन चरणमा विभिन्न सूचकहरूको अनुगमनका लागि आवश्यक बजेटसमेत स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार नै रहनेछ।

वातावरणीय अनुगमन कार्य वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भए अनुसार सम्बन्धित निकाय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय वा वातावरण विभागबाट गरिनेछ। साथै, वातावरण संरक्षण ऐन, २०७६ को दफा ३९(२) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले समेत मापदण्ड कार्यान्वयनको अवस्थाबारे अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

प्रस्तावकले पनि आन्तरिक रूपमा वातावरणीय सूचकहरूको नियमित अनुगमन गर्नेछ, जसबाट सम्भावित प्रतिकूल प्रभावहरूलाई समयमै न्यूनीकरण वा नियन्त्रण गर्न सहयोग पुग्नेछ। निर्माण तथा संचालन अवधिभर वातावरणमा परेको प्रभावसम्बन्धी स्व-अनुगमन प्रत्येक ६/६ महिनामा गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गरिनेछ। यस आयोजनाको वातावरणीय अनुगमन योजना स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबमोजिम नै लागू गरिनेछ।

# अध्याय ९
# वातावरणीय परीक्षण

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम नै कार्यान्वयन गरिनेछ। वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार मन्त्रालय वा तोकिएको निकायले प्रस्ताव कार्यान्वयन भएको दुई वर्ष पूरा भएको मितिले छ महिनाभित्र वातावरणीय परीक्षण सम्पन्न गर्नुपर्ने हुन्छ।

उक्त परीक्षणका क्रममा आयोजनाको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभाव न्यूनीकरणका लागि अवलम्बन गरिएका उपायहरू, ती उपायहरूको प्रभावकारिता तथा पूर्वानुमान नगरिएका वा न्यूनीकरण हुन नसकेका प्रभावहरूको समेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिनेछ।

यसका अतिरिक्त, प्रस्तावकले पनि आयोजनाको आन्तरिक वातावरणीय परीक्षण नियमित रूपमा संचालन गर्नेछ। आयोजनाको वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था तथा विवरणहरू स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख बमोजिम नै लागू हुनेछन्।

# अध्याय १०
# निष्कर्ष

प्रस्तावित आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भन्दा Layout तथा डिजाइन परिवर्तन भई आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको दायाँ किनाराबाट बाँया किनारामा स्थानान्तरण गरिएकोले, उक्त संरचनाहरूमा भएको परिवर्तनका कारण वातावरण संरक्षण ऐन, २०७६ दफा ११ को उपदफा १ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम १ बमोजिम यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपरेको हो र अन्य सम्पूर्ण विवरण भने स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम नै कायम रहेको छ ।

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार यस आयोजना निर्माण तथा संचालनका लागि स्थायी रूपमा कुल ३२.५१ हेक्टर र अस्थायी रूपमा १.४६ हेक्टर जग्गा आवश्यक पर्ने उल्लेख गरिएको थियो। हाल यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार आयोजनाका लागि स्थायी रूपमा १९.७४ हेक्टर र अस्थायी रूपमा ३.७० हेक्टर गरी कुल २३.४४ हेक्टर जग्गा आवश्यक पर्ने देखिन्छ। त्यसैगरी, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाका विभिन्न संरचनाहरूको निर्माणका क्रममा निजी वन क्षेत्रबाट कुल २५५ वटा रुख/पोल कटान गर्नुपर्ने उल्लेख गरिएको थियो। हाल आयोजनाका सम्पूर्ण संरचनाहरू चमेलिया नदीको बाँया किनारमा अपि नम्पा संरक्षण क्षेत्र अन्तर्गत पर्ने संरक्षण सामुदायिक वन क्षेत्रमा स्थानान्तरण गरिएको कारण कटान गर्नुपर्ने रुख/पोलहरूको संख्या जम्मा ६२ वटा रहेको छ। यसैगरी, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (२०२४) अनुसार आयोजना प्रभावित परिवारको संख्या ७० रहेको थियो भने हालको अवस्था अनुसार उक्त संख्या ८१ पुगेको छ।

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्ताव गरिएका प्रतिकूल प्रभाव न्यूनीकरण तथा अनुकूल प्रभाव अभिवृद्धिका उपायहरूका साथै वातावरणीय व्यवस्थापन योजना र वातावरणीय अनुगमन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रस्तावक पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। यसका अतिरिक्त, आयोजना कार्यान्वयनका क्रममा वातावरणीय मापदण्डहरूको कडाइका साथ पालना गरिनेछ र आवश्यक सबै सुधारात्मक तथा न्यूनीकरणात्मक उपायहरू समयमै अपनाइनेछन्। यो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अभिन्न अङ्गको रूपमा रहनेछ।

# सन्दर्भ सामग्रीहरु


- नेपाल सरकार, राष्ट्रिय तथ्यांक कार्यालय, २०७८। राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल।
- नेपाल सरकार, नापी विभाग, १९९६। टोपोग्राफिक नक्सा। नापी विभाग, काठमाडौं, नेपाल।
- नेपाल सरकार, २०७६। वातावरण संरक्षण ऐन, २०७६। वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- नेपाल सरकार, २०७७। वातावरण संरक्षण नियमावली, *२०७७*। वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मेगावाट), २०२४। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन। दार्चुला, नेपाल।
- Department of Mines and Geology (DMG), 2023. *Geological Map of Nepal*. Department of Mines and Geology, Kathmandu, Nepal.
- Madhya Chameliya Hydropower Project (28.304 MW), 2025. *Updated Feasibility Study Report, Volume I: Main Report*. Darchula, Nepal.

अनुसूची १
विद्युत उत्पादनको अनुमति पत्र

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८१/८२
चलनी नं.:- १६१०

मितिः २०८१/१२/१७

विषयः मध्य चमेलिया जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धमा ।

श्री दार्चुला पावर लि.
थापाथली ११, काठमाडौं
फोन नं. ०१-५१११०९३, ९८०११४७०८७
इमेलः powerdarchula@gmail.com

प्रस्तुत विषयमा तहाँले मध्य चमेलिया जलविद्युत आयोजनाको विद्युत विद्युत उत्पादनको अनुमतिपत्र पाउन मिति २०८१/११/११ मा दिनु भएको दरखास्त अनुसार विद्युत ऐन,२०४९ को दफा ४ को उपदफा (२) तथा विद्युत नियमावली, २०५०को नियम १७ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर)को मिति २०८१/१२/१३को निर्णयानुसार मिति २११६/१२/१२सम्म बहाल रहने गरी जारी भएको विद्युत उत्पादनको अनुमतिपत्र संख्या वि.वि.वि. ०८१/८२ वि.उ. ४७० यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

संलग्न : विद्युत उत्पादनको अनुमतिपत्र संख्या : वि.वि.वि. ०८१/८२ वि.उ. ४७० ।

.........................
सबिन दुलाल
इन्जिनियर

**बोधार्थः**

श्री ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार
श्री विद्युत विकास विभाग,

- आयोजना अध्ययन महाशाखा
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
- आर्थिक प्रशासन शाखाः प्रवर्द्धकबाट मिति २०७९/०६/१३ मा अनुमतिपत्र दस्तुर बापत जम्मा भएको धरौटी , वि.वि.वि.आ.र.न.११२(भौ.न.५६४१९२)बाट जम्मा भएको,रु.३०,००,०००/- (तिस लाख मात्र),राजस्व खातामा जम्मा हुन ।

श्री जिल्ला समन्वय समिति, दार्चुला

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

## विद्युत उत्पादनको अनुमतिपत्र

(मध्य चमेलिया जलविद्युत आयोजना– २८.३०४ मेगावाट)

अनुमतिपत्र संख्याः वि.वि.वि. ०८१/८२ वि.उ. ४७०

श्री दार्चुला पावर लि.
थापाथली ११, काठमाडौं
फोन नं. ०१-५१११०९३, ९८०११४७०८७
इमेलः powerdarchula@gmail.com

महाशय,

विद्युत उत्पादनको लागि अनुमतिपत्र पाउन मिति २०८१/११/११ मा दिनुभएको दरखास्त अनुसार देहायका विवरणहरू खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२), विद्युत नियमावली, २०५० को नियम १७ तथा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन समेत) बमोजिम देहायका शर्तहरू सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :
   श्री दार्चुला पावर लि.
   थापाथली ११, काठमाडौं
   फोन नं. ०१-५१११०९३, ९८०११४७०८७
   इमेलः powerdarchula@gmail.com

२. विद्युत परियोजनाको नाम : मध्य चमेलिया जलविद्युत आयोजना (RoR Type)
   जडित क्षमता : २८.३०४ मेगावाट
   सरदर वार्षिक उत्पादन ऊर्जा : १८५.६२ गिगावाट घण्टा।

३. विद्युत शक्ति उत्पादन गर्ने साधन : जलस्रोत (नदी)।

४. जलस्रोत उपयोग गरिने भए
   (क) खोलाको नाम : चमेलिया नदी ।
   (ख) जलस्रोत उपयोग गर्न पाइने क्षेत्र
      (अ) प्रदेश : सुदूरपश्चिम प्रदेश ।
      (आ) जिल्ला : दार्चुला जिल्ला ।
      (इ) स्थानीय : मार्मा गाउँपालिका ।
      (ई) पूर्व : ८०° ४६' ४५" E
      पश्चिम : ८०° ४२' ३८" E
      उत्तर : २९° ४२' ५५" N
      दक्षिण : २९° ४५' ००" N
   (ग) प्रयोग गरिने जलस्रोतको परिमाण : डिजाईन डिस्चार्ज (Design Discharge) २५.१७ घनमिटर प्रति सेकेण्ड।
   (घ) आयोजनाको ग्रस हेड : १३६.२६ मि.

५. मुख्य मुख्य संरचनाहरूको विवरण :

क) बाँध र ईन्टेक (Weir and Intake):

आयोजनालाई आवश्यक पर्ने पानी लिनको लागि चमेलिया नदीमा ४५ मि. लम्बाई र ९.६६ मि. उचाईको बाँध रहनेछ । सो बाँधको Weir Crest Level समुद्री सतहबाट १०४२.२६ मि. उचाईमा रहनेछ । उक्त बाँधको दायाँ किनारमा ३ वटा ५.० मि. चौडाई र ३.५ मि. उचाईको Side Intake रहनेछ । उक्त बाँधमा १ वटा ५.० मि. चौडाई र ५.० मि. उचाईको अन्डरस्लुइस बे (Under sluice Bay) रहनेछ ।

ख) सेटलिङ बेसिन (Settling Basin)

साइड इन्टेकबाट पानीलाई १२.५ मि. लम्बाई र १.१५ मि. चौडाई भएको १ वटा ग्राभेल ट्रयापमा लगिनेछ र सो पश्चात पानीलाई ६७ मिटर लम्बाई भएको पहुँच नहर मार्फत ९.५ मि. चौडाई, ८.५ मि. उचाई र ९० मिटर लामो साईजको ३ वटा च्याम्बर भएको सेटलिङ बेसिनमा लगिनेछ।

ग) हेडरेस पाइप (Headrace Pipe) तथा हेडरेस सुरुङ्ग (Headrace Tunnel)

सेटलिङ बेसिन पश्चात पानी लाई ३.८ मि. व्यास भएको ७०८० मि. लामो हेडरेस पाईप हुँदै ५८० मिटर लामो ४.४ मि. व्यासको सुरुङमा लगिनेछ।

घ) सर्ज ट्यांक (Surge Tank)

हेडरेस सुरुङ्ग पश्चात पानीलाई ८ मि. व्यास र ६४.५ मि. उचाई भएको भूमिगत सर्ज ट्यांकमा लगिनेछ।

ङ) पेनस्टक पाइप (Penstock Pipe)

सर्ज ट्यांक पश्चात पानीलाई ३ मि. देखि २.५ मि. व्यास र १४५ मि. लामो पेनस्टक पाईप हुँदै Bifurcation सम्म लगिनेछ । Bifurcation पछि ३० मि. लम्बाई र १.८ मि. व्यास भएको Branch पाइप मार्फत विद्युत गृहमा पुर्याइनेछ ।

च) विद्युतगृह (Powerhouse)

मार्मा गाउँपालिका वडा नं. ६, शेरीमा अवस्थित झुलुंगे पुलबाट करिब ६०० मिटर तल चमेलिया नदीको दायाँ किनारमा ४१ मि. लम्बाई, १७.५ मि. चौडाई र १८ मि. उचाईको अर्ध सतही विद्युत गृह रहनेछ। विद्युत गृहमा २ वटा १४.५९ मेगावाट क्षमताको Horizontal Axis Francis Turbine र सो सँग Coupled गरिएका २ वटा १६.६५ MVA (pf=0.85) क्षमताको जेनेरेटर रहनेछन् ।

छ) टेलरेस (Tailrace):

२५५ मि. लम्बाई, ५ मि. चौडाई र ३ मि. उचाईको एक वटा टेलरेस नहर मार्फत पानीलाई चमेलिया नदीमा छाडिनेछ । Tail water Level समुद्री सतहबाट ९०६.०० मि. उचाईमा रहनेछ ।

ज) स्विचयार्ड तथा प्रसारण लाइन (Switchyard and Transmission Line)

विद्युत गृहमा उत्पादित विद्युतलाई विद्युत गृहको नजिकै बाहिर पट्टि बनाइने स्विचयार्डमा जडान हुने ११/१३२ के.भि., १८.५ एम.भि.ए. क्षमता भएको २ वटा पावर ट्रान्सफरमरमा जोडी तहाँबाट करिब ८.५ कि.मि. लम्बाइमा बनाइने १३२ के.भी. को प्रसारण लाईनबाट नेपाल विद्युत प्राधिकरणको बालांच सवस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ ।

६. अनुमतिपत्र बहाल रहने अवधि :

मिति : २०८१/१२/१३ देखि मिति : २११६/१२/१२ सम्म

७. अन्य शर्तहरू :

(क) निम्न कागजातहरू यस अनुमतिपत्रको अभिन्न अङ्गको रुपमा रहनेछन्।

(अ) Feasibility Study Report, Jan, 2023 :Vol-I (Main Report), Vol-II (Annexes) & Vol-III (Drawings).

(आ) वन तथा वातावरण मन्त्रालय(मा.मन्त्रीस्तर) को मितिः२०८०/०५/०७ गतेको निर्णयानुसार स्वीकृत मध्य चमेलिया जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तथा उक्त मन्त्रालयको मिति २०८०/०५/११ च.नं.१८५ को पत्रमा उल्लेख भएका शर्तहरू कार्यान्वयन गर्ने गरी।

(इ) त्यस संस्था र नेपाल विद्युत प्राधिकरणबीच मिति २०८०/०६/२९ मा सम्पन्न विद्युत खरिद विक्री सम्झौता (Power Purchase Agreement) ।

(ख) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा सोको लागि आवश्यक पर्ने फिल्ड अन्वेषणको कार्य, सुरक्षात्मक व्यवस्था सम्बन्धी जिम्मेवारी तथा वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी सम्पूर्ण उत्तरदायित्वहरू त्यस संस्थामा रहनेछ।

(ग) आयोजनाको विद्युत उत्पादन क्षमतामा असर नपर्ने गरी माथि (क) (अ) मा उल्लेखित प्रतिवेदन तथा प्रकरण (५) मा उल्लेखित मुख्य संरचनाहरूको डिजाइनमा बृहत वा उल्लेखनीय परिवर्तन गर्नुपरेमा वा संरचना नै थपघट गर्नुपरेमा सोको पूर्व-स्वीकृती लिनुपर्नेछ। तर परियोजनाको निर्माणस्थलमा वातावरणीय वा अन्य प्रतिकूल असर नपर्ने गरी डिजाइनमा सामान्य हेरफेर वा परिवर्तन गर्नुपरेमा तत्सम्बन्धी जानकारी विद्युत विकास विभागलाई ३ महिना भित्रमा दिई गर्न सकिनेछ।

(घ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत) निर्माण गर्नुपर्नेछ।

(ङ) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम अनुमतिपत्र जारी भएको १ (एक) बर्ष भित्र निर्माण कार्य शुरु गर्नुपर्नेछ र निर्माण कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण विद्युत विकास विभागलाई दिनुपर्नेछ। आयोजनाको ऋण स्वःपूँजी अनुपात (Debt Equity Ratio) ७०:३० हुने गरी वित्तीय व्यवस्थापन (Financial Closure) दुई वर्षभित्र सम्पन्न गर्नुपर्नेछ। दुई वर्षको अवधि भित्र वित्तीय व्यवस्थापन सम्पन्न हुन नसकी प्रवर्द्धकले म्याद थपको लागि उक्त अवधि भित्रै माग गरेमा आवश्यकता एवं औचित्यका आधारमा कूल अवधि बढीमा तीन वर्षमा नबढ्ने गरी उक्त कार्यहरुका लागि म्याद थप दिन सकिनेछ। तीन वर्षको अवधि भित्र समेत उक्त कार्यहरु सम्पन्न हुन नसक्ने भई प्रवर्द्धकले म्याद थपको लागि अनुरोध गरेमा सो सम्बन्धमा गरिएका प्रयास र सोको प्रगति समेतका आधारमा बढीमा दुई वर्षसम्मको अवधि थप गर्न सकिनेछ। यसरी अवधि थप हुने भएमा थप अवधिको लागि सो आयोजनाको जडित क्षमता वापतको क्यापासिटी रोयल्टी बराबरको प्रति किलोवाट १०० रुपियाँ प्रति वर्षका दरले हुन आउने रकम प्रवर्द्धकले बुझाउनु पर्नेछ। उक्त अवधिमा पनि उल्लिखित सबै कार्यहरु सम्पन्न हुन नसकेमा यो अनुमतिपत्र रद्ध हुनेछ।

(ङ-१) प्रकरण ७(ङ) मा उल्लिखित ऋण स्वःपूँजी अनुपात (Debt Equity Ratio) भन्दा फरक अनुपातमा वित्तीय व्यवस्थापन हुने भएमा प्रवर्द्धकले वित्तीय व्यवस्थापन सम्पन्न गर्नुपूर्व विभागको सहमति लिनुपर्नेछ। परिवर्तित Debt Equity Ratio बमोजिम स्वःपूँजी तर्फको रकम थप हुने भएमा सो थप रकमको नेटवर्थ प्रवर्द्धकले विभागमा पेश गनुपर्नेछ।

(ङ-२) आयोजनाको विद्युत खरिद विक्री सम्झौता तथा वित्तीय व्यवस्थापनमा संशोधन भएमा संशोधन भएको ३० दिन भित्र संशोधनको कागजात सहित प्रवर्द्धकले विभागमा जानकारी गराउनुपर्नेछ ।

(च) आयोजना निर्माण, संचालन तथा सम्भार अवधिभर वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्नका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ र वातावरण सम्बन्धी अन्य प्रचलित कानूनहरू पालना गर्नुपर्नेछ।

(छ) यस आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वातावरणीय प्रभाव न्यूनीकरण, व्यवस्थापन तथा अनुगमन योजनामा उल्लेखित प्रावधानहरूको अधीनमा रही न्यूनीकरण तथा अनुगमनका कार्यहरू अनिवार्यरुपले कार्यान्वयन गर्नु गराउनु पर्नेछ। न्यूनीकरण तथा अनुगमन योजनामा संशोधन गर्नु परेमा विद्युत विकास विभाग तथा त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(ज) यस अनुमतिपत्रको अवधिभर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम जलचरको संरक्षणको लागि पानी अविच्छिन्न रुपमा छाड्ने दायित्व त्यस संस्थाको हुनेछ र सोको अनुगमन विद्युत विकास विभागद्वारा गरिनेछ। साथै, सो प्रतिवेदनमा उल्लेख भए अनुसार बाँध भन्दा तल्लो तटीय क्षेत्रमा पानी खोलामा छाड्न र माछाको आवत जावतको लागि सोही प्रतिवेदनमा तोकिए बमोजिम संरचना निर्माण गर्नु पर्ने दायित्व त्यस संस्थाको हुनेछ ।

(झ) आयोजनाको निर्माण, संचालन तथा सम्भारका लागि संस्थाले आयात गर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा सोको लागि आवश्यक पार्टपुर्जामा विद्युत ऐन, २०४९ तथा अन्य प्रचलित कानून बमोजिमको सुविधा त्यस संस्थालाई उपलब्ध हुनेछ। अस्थाई निर्माण उपकरण, मेशिनरी औजार तथा सोको लागि आवश्यक पाटपुर्जाहरू प्रचलित कानून बमोजिम त्यस संस्थाले आयात गर्न सक्नेछ ।

(ञ) विद्युत ऐन,२०४९, विद्युत नियमावली,२०५० तथा अन्य प्रचलित ऐन नियमहरूको अधीनमा रही आयोजना कार्यान्वयन, संचालन तथा सम्भारको लागि आवश्यक पर्ने विविध स्थानीय अनुमतिपत्र तथा स्वीकृतिहरू, संचार सुविधा, विष्फोटक पदार्थ, पेट्रोलियम पदार्थ (ईन्धन), जग्गा खरीद, पानी, सडक निर्माण, शैक्षिक, स्वास्थ्य सुविधा, हेलिप्याड निर्माण लगायतका कार्यहरू गर्न तथा विदेशबाट आउने सामानहरू आयात गर्नका लागि त्यस संस्थाले अनुरोध गरेमा विद्युत विकास विभागले आवश्यक सहयोग गर्नेछ ।

(ट) विदेशी मुद्रा लगानी भएको अवस्थामा विद्युत ऐन, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम विदेशी विनिमयको सुविधा त्यस संस्थालाई उपलब्ध हुनेछ र यस्तो विदेशी लगानीका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम आवश्यक स्वीकृतिहरू लिनुपर्नेछ।

(ठ) आयोजनाको निर्माण, संचालन तथा सम्भारको सम्पूर्ण जिम्मेवारी त्यस संस्थामा रहनेछ र अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सो मा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ। हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गा जमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गर्नुपर्नेछ ।

(ड) आयोजनाको निर्माण, संचालन तथा सम्भारमा त्यस संस्थाले प्रचलित श्रम ऐन तथा श्रम नियमावलीको अधीनमा रही सम्भव भएसम्म बढी स्थानीय सीप, श्रम, वास्तुकला, स्थानीय संस्था, विशेषज्ञ, ठेकेदार तथा निर्माण सामग्री आदिको प्रयोग गर्नुपर्नेछ ।

(ढ) आयोजनाको निर्माण, संचालन तथा सम्भार अवधिभर उपयुक्तस्तरको बीमाहरू गर्नुपर्नेछ। त्यस संस्थाले आयोजनाको बीमालेखका प्रतिलिपिहरू विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(ण) आयोजनाको निर्माण, संचालन तथा सम्भारका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री, मेशिनरी, औजार उपकरण तथा तिनका पार्टपुर्जा ढुवानी गर्ने सम्पूर्ण जिम्मेवारी त्यस संस्थाको हुनेछ।

(त) आयकर तथा अन्य सुविधाहरू प्रचलित कानून बमोजिम हुनेछ।

(थ) त्यस संस्थाले नेपाल सरकारलाई प्रचलित ऐन बमोजिमको रोयल्टी देहाय अनुसार बुझाउनु पर्नेछ।

अ) **जडित किलोवाट वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक संचालनमा आएको मितिले १५(पन्ध्र) दिनभित्र र तत्पश्चात् प्रत्येक वर्ष सोही समयमा।

आ) **ऊर्जा वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको ४ (चार) महिनामा प्रथम पटक र त्यसपछि ४/४ महिनामा (फाल्गुण, चैत्र, वैशाख जेष्ठको आषाढ १५ गते भित्र, आषाढ, श्रावण, भदौ, असोजको कार्तिक १५ गते भित्र र कार्तिक, मंसिर, पौष, माघको फाल्गुण १५ गते भित्र)।

(द) निर्माणको चरणमा आयोजनाको क्षमता र क्षेत्र संशोधन वा सुदृढीकरण गर्नुपर्ने भएमा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० एवं प्रचलित अनुमतिपत्र सम्बन्धी निर्देशिका बमोजिम

स्वीकृतिको लागि दरखास्त दिनुपर्नेछ र आयोजना संचालनमा नआउने भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ।

(ध) त्यस कम्पनी/संस्थाको नाम, शेयरधनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिन भित्र परिवर्तित कागजात सहित सो को जानकारी विभागमा दिनु पर्नेछ। अन्यथा, विद्युत ऐन, २०४९को व्यवस्था अनुसार कारवाही हुनेछ।

(न) आयोजनामा सिभिल एवं इलेक्ट्रो-मेकानिकल सबै संरचना यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख भए बमोजिमको जडित क्षमता अनुरुप हुने गरी निर्माण एवं जडान गर्नु पर्नेछ।

(प) यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख भए बमोजिम जडित क्षमता वापतको रोयल्टी बुझाउनुपर्नेछ।

(फ) यस आयोजनाको माथिल्लो एवं तल्लो तटमा प्रस्तावित, निर्माणाधीन वा संचालनमा रहेको जलविद्युत आयोजनाहरूलाई भौतिकरुपले असर नपर्ने एवं ती आयोजनाहरूसंग समन्वय गर्ने गरी निर्माण एवं संचालन कार्य गर्नुपर्नेछ।

(ब) नेपाल विद्युत प्राधिकरणबाट आयोजनाको Testing and Commissioning गर्दा विद्युत विकास विभागको प्रतिनिधि समेतको रोहवरमा गराउनु पर्नेछ । Commercial Operation Date(COD) निर्धारण गरिएको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त पत्र तथा माइन्यूट प्रवर्द्धकले १५ दिन भित्र विभागमा बुझाउनुपर्नेछ ।

(भ) आयोजनाको व्यापारिक उत्पादन भएको ३ महिनाभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्ष समेटिएको १/१ प्रति Hard Copy र १ प्रति Soft Copy (CD/Pen Drive) मा कार्य सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको तस्बिर तथा भिडियोहरू तथा निर्माण भए बमोजिमका नक्शाहरू (As-built Drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(म) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूमा थपघट वा कुनै संशोधन गर्नुपरेमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता एवं औचित्यताका आधारमा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(य) विद्युत उत्पादन अनुमतिपत्रको अवधिभर कुनै कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व-सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ।

(र) आयोजना निर्माण गर्दा अरु कुनै आयोजना वा भौतिक संरचना, व्यक्ति वा जमिनलाई प्रभाव पर्ने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ।

(ल) आयोजनाको निर्माण तथा संचालनको लागि आवश्यक पर्ने निजी जग्गा सम्बन्धित जग्गाधनीहरूसँग खरीद गरी प्रर्वद्धक कम्पनीको नाममा दर्ता गर्नुपर्नेछ। सोको अद्यावधिक जानकारी विद्युत विकास विभागमा दिनु पर्नेछ। आयोजनाको लागि खरिद भएको जग्गा बिक्री वितरण गर्न पाइने छैन।

(व) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा निर्माणको चरणमा ठेकेदारले पालना गर्नुपर्ने भनि उल्लेख भएका सम्पूर्ण कार्यहरू र सो कार्यको पालना नहुँदा ठेकेदारको दायित्व समेत स्पष्ट खुल्ने गरि निर्माणको ठेक्का सम्झौता गर्नु पर्नेछ। सो अनुसार भएको ठेक्का सम्झौताको प्रति ठेक्का सम्झौता भएको १ (एक) महिनाभित्र विभागमा पेश गर्नु पर्नेछ। स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा पालना गर्नुपर्ने भनि उल्लेख भएको शर्तहरू कार्यान्वयन गर्ने जिम्मेवारी त्यस संस्थाको हुनेछ ।

(श) विद्युत ऐन, २०४९ को दफा ३३ (२) बमोजिम त्यस संस्थालाई आयोजना प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गराईदिन वा लिजमा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

(ष) आयोजनाबाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरूले आयोजनामा शेयर लगानी गर्न चाहेमा प्रचलित कानून बमोजिम व्यवस्था गर्नु पर्नेछ।

(स) निर्माणको लागि आवश्यक पर्ने मुख्य उपकरणहरूको प्रमुख परिक्षणको अवलोकन (Inspection) को साथै PPA को Clause अनुसार हुने अवलोकन टोलिमा सोहि Clause अनुसार हुने गरी विद्युत विकास विभागबाट समेत कम्तिमा १ (एक) जना प्राविधिक कर्मचारीहरू खटाइनेछ।

नेपाल सरकार ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

(ह) यस अनुमतिपत्रको प्रकरण ५ (पाँच) मा उल्लेख भएका प्रत्येक संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनु अगावै अनिवार्य रुपमा विद्युत विकास विभागलाई जानकारी गराउनु पर्नेछ। विभागले सो कार्यको स्थलगत अनुगमन र निरीक्षणको लागि आफ्नो प्राविधिक कर्मचारीहरू खटाउन सक्नेछ।

(क्ष) दैवी प्रकोप लगायत Force Majeure का अवस्थाहरूमा बाहेक आयोजना बन्द गर्नुपर्ने अवस्थामा तल्लो तटमा रहेका आयोजनाहरूमा असर पर्ने भएमा सोको क्षतिपूर्ति यस विभागको रोहबरमा प्रवर्द्धकले उक्त आयोजनाहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(त्र) आयोजना निर्माण पश्चात गरिने मर्मत सम्भारको कार्य विद्युत विकास विभागद्धारा तयार गरिएको "Operation & Maintenance Guidelines for Hydropower Plants, Sub-stations and Transmission Lines" समेतलाई अङ्गीकार गरी गर्नु पर्नेछ।

(ज्ञ) विद्युत विकास विभागको स्वीकृति बिना यो अनुमतिपत्र कुनै प्रकारले बिक्री वा हक हस्तान्तरण गर्न पाइने छैन।

**अनुमतिपत्र दिने अधिकारीको**

सही :

नाम : नविन राज सिंह

पद : महानिर्देशक

विद्युत विकास विभाग

मिति :२०८१/१२/१३




| Darchula Power Limited<br>Thapathali-11, Kathmandu | Project layout of<br>Madhya Chameliya Hydroelectric Project (28.304 MW) |
|---|---|

अनुसूची २

विद्युत विकास विभागबाट प्राप्त सैद्धान्तिक सहमति पत्र तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन सहमति पत्र

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२
च. नं. :- २४११

मितिः २०८२/०३/१३

विषय : विद्युत उत्पादनको अनुमतिपत्रको सैद्धान्तिक सहमति सम्बन्धमा।

श्री दार्चुला पावर लिमिटेड
थापाथली -११ काठमाण्डौ
फोन नः ०१-५११०९३,९८०११४७०८७

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित मध्य चमेलिया जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०८१/८२, वि.उ. ४७०) को सैद्धान्तिक सहमति सम्बन्धमा पेश भएको दरखास्त माथि कारवाही हुँदा प्रस्तुत आयोजनाको संरचनाहरुको डिजाइनमा परिवर्तन एवम स्थानान्तरणको लागि विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५(पाँचौ संशोधन) को दफा १६(२) बमोजिम सैद्धान्तिक सहमति प्रदान गरिएको व्यहोरा विभागको मिति २०८२/०३/१० गतेको निर्णयानुसार अनुरोध छ।

(वीरेन्द्र पंडित)
इन्जिनियर

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
(वातावरण तथा जैविक विविधता महाशाखा)

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- २०८२/८३
चलानी नं. :- ८६१

मितिः २०८२/०९/२४

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषयः सहमति प्रदान गरिएको बारे ।

उपर्युक्त विषयमा तहाँ मन्त्रालयको च. नं. १३४, मिति २०८२/०८/१२ को सिफारिस पत्रसाथ प्राप्त श्री दार्चुला पावर प्रा.लि. प्रस्तावक रहेको मध्य चमेलिया जलविद्युत आयोजना (२८.३०४ मे.वा.) को डिजाइन परिवर्तन एवं संरचना स्थानान्तरणका लागि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११(१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गर्न वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०८२/०९/२१ को निर्णयअनुसार सहमति प्रदान गरिएको व्यहोरा अनुरोध छ।

...............
सुरेन्द्र राज पन्त
वैज्ञानिक अधिकृत

वोधार्थः
श्री दार्चुला पावर प्रा.लि.
थापाथली, काठमाडौं ।

अनुसूची ३

आयोजनाको अध्ययनसँग सम्बन्धित नक्साहरु



80°42'0"E
80°43'0"E
80°44'0"E
80°45'0"E
80°46'0"E
80°47'0"E
29°45'0"N
29°44'0"N
29°43'0"N
N
29°45' 00" N
29° 42' 55" N
80° 46' 45" E
80° 42' 38" E
Headworks
Muck Disposal Site 1
Quarry Site 1
Headrace Pipe
Desander
Camp 1
Quarry Site 2
Powerhouse
Camp 2
Muck Disposal Site 2
Surge Tank
SITAULA
TAPOWAN
Panta Bagad
Lāmā Bagar
Latināth
Marmati
Bimthi
Bajkot
Golpha
Madkholagāu
Nikhiri
Madda
Murai
Jaithalā
SERI
Chetkalli
Bhidgaū
Pārisain
Sallethum
Bajāni
Sārsi
LATINĀ
0
1
2
4
km




| Darchula Power Limited<br>Thapathali-11, Kathmandu | Comparative Layout of<br>Madhya Chameliya HPP (28.304 MW) |
|---|---|




INTAKE PLAN
SCALE 1:200




INTAKE PROFILE
SCALE 1:200




INTAKE ORIFICE
SCALE 1:200

Darchula Power Limited

Madhya Chameliya Hydropower Project (28.304 MW)

HEADWORKS
INTAKE
PLAN AND PROFILE
SHEET 8 OF 16

| Particular | Name | Initial | Date |
|---|---|---|---|
| Designed | | | |
| Drawn | | | |
| Checked | | | |
| Recomm. | | | |
| Approved | | | |

TENDER DRAWINGS

Drawing No. MCHPP-03-10C01 REV. --

CONSULTANT

Date: FEBRUARY,2025

PROFESSIONAL NETWORK FOR ENGINEERING SERVICES PVT. LTD.
KUPANDOLE, LALITPUR, NEPAL
PHONE NO.: +977-1-5524889
EMAIL: pnet.pvt.ltd@gmail.com
P.O.BOX : 9635, KATHMANDU, NEPAL




GRAVEL TRAP PLAN

SCALE 1:200




GRAVEL TRAP AT A–A

SCALE 1:200

**Darchula Power Limited**

Madhya Chameliya Hydropower Project (28.304 MW)

HEADWORKS

GRAVEL TRAP

PLAN AND SECTION

SHEET 10 OF 16

| Particular | Name | Initial | Date |
|---|---|---|---|
| Designed | | | |
| Drawn | | | |
| Checked | | | |
| Recomm. | | | |
| Approved | | | |

TENDER DRAWINGS | Drawing No. MCHPP–03–10C01 | REV. ––


CONSULTANT

Date: FEBRUARY,2025

PNET

PROFESSIONAL NETWORK FOR ENGINEERING SERVICES PVT. LTD.
KUPANDOLE, LALITPUR, NEPAL
PHONE NO.: +977–1–5524889
EMAIL: pnet.pvt.ltd@gmail.com
P.O.BOX : 9033, KATHMANDU, NEPAL







| CHAINAGE(Km) | 1+500 | 1+510 | 1+520 | 1+530 | 1+540 | 1+550 | 1+560 | 1+570 | 1+580 | 1+590 | 1+600 | 1+610 | 1+620 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| DESIGN LEVEL(m) | 1006.039 | 1005.972 | 1005.903 | 1005.831 | 1005.758 | 1005.686 | 1005.613 | 1005.541 | 1005.468 | 1005.396 | 1005.317 | 1004.956 | 1004.442 |
| EXISTING LEVEL(m) | 1009.999 | 1009.261 | 1009.038 | 1009.113 | 1008.951 | 1009.193 | 1009.077 | 1008.782 | 1008.835 | 1008.265 | 1007.919 | 1007.667 | 1007.863 |
| CUT/FILL (m) | -3.959 | -3.289 | -3.135 | -3.282 | -3.193 | -3.507 | -3.464 | -3.241 | -3.367 | -2.870 | -2.603 | -2.711 | -3.420 |

| CHAINAGE(Km) | 1+630 | 1+640 | 1+650 | 1+660 | 1+670 | 1+680 | 1+690 | 1+700 | 1+710 | 1+720 | 1+730 | 1+740 | 1+750 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| DESIGN LEVEL(m) | 1003.928 | 1003.415 | 1002.901 | 1002.388 | 1001.874 | 1001.418 | 1001.237 | 1001.093 | 1000.949 | 1000.805 | 1000.661 | 1000.541 | 1000.521 |
| EXISTING LEVEL(m) | 1008.803 | 1009.675 | 1010.247 | 1011.164 | 1009.580 | 1006.726 | 1004.356 | 1003.067 | 1000.742 | 999.911 | 1000.944 | 1000.185 | 999.488 |
| CUT/FILL (m) | -4.874 | -6.260 | -7.346 | -8.776 | -7.706 | -5.308 | -3.118 | -1.973 | 0.207 | 0.894 | -0.283 | 0.356 | 1.033 |

PIPE DETAILS: STEEL GRADE: E350BR, DIAMETER: 3.3m, THICKNESS: 12mm

CHAINAGE : 1+500 – 1+750

| IP No. | CO–ORDINATES(m) | |
|---|---|---|
| | EASTING | NORTHING |
| 26 | 476839.287 | 3289686.251 |
| 27 | 476759.209 | 3289651.437 |
| 28 | 476683.031 | 3289653.699 |
| 29 | 476628.774 | 3289629.157 |

LEGEND:

| SYMBOL | DESCRIPTION |
|---|---|
| | EXISTING GABION WALL |
| | EXISTING BUILDING |
| | PROPOSED PROTECTION STRUCTURE |
| | LANDSLIDE ZONE |

NOTE:
1. The design levels indicated represent the invert level of the pipe.
2. The pipe bend radius is 10 m.

SCALE– 1:1000

Darchula Power Limited

Madhya Chameliya Hydropower Project (28.304 MW)

HEADRACE PIPE
PLAN AND PROFILE

SHEET 7 OF 30

| Particular | Name | Initial | Date |
|---|---|---|---|
| Designed | | | |
| Drawn | | | |
| Checked | | | |
| Recomm. | | | |
| Approved | | | |

TENDER DRAWINGS | Drawing No. MCHPP–03–20C02 | REV. ––

Date: FEBRUARY,2025


CONSULTANT
PROFESSIONAL NETWORK FOR ENGINEERING SERVICES PVT. LTD.
KUPANDOLE, LALITPUR, NEPAL
PHONE NO.: +977–1–5524889
EMAIL: pnet.pvt.ltd@gmail.com
P.O.BOX : 9835, KATHMANDU, NEPAL




| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| DESIGN LEVEL(m) | 1020.500 | 1009.690 | 1009.480 | 1009.270 | 1008.972 | 1001.507 | 990.991 | 980.476 | 969.960 | 959.444 | 948.928 | 938.413 | 929.032 | 923.407 | 917.914 | 914.880 |
| EXISTING LEVEL(m) | 1040.556 | 1035.321 | 1028.494 | 1021.255 | 1014.233 | 1007.380 | 993.721 | 984.222 | 973.453 | 962.941 | 951.700 | 940.398 | 930.326 | 930.321 | 925.661 | 924.464 |
| CHAINAGE(Km) | 0+000 | 0+010 | 0+020 | 0+030 | 0+040 | 0+050 | 0+060 | 0+070 | 0+080 | 0+090 | 0+100 | 0+110 | 0+120 | 0+130 | 0+140 | 0+145.52 |
| CUT/FILL (m) | -20.056 | -25.630 | -19.014 | -11.985 | -5.260 | -5.873 | -2.729 | -3.746 | -3.493 | -3.497 | -2.772 | -1.986 | -1.294 | -6.914 | -7.747 | -9.584 |
| PIPE DETAILS | STEEL GRADE: E350BR, DIAMETER: 2.7m, THICKNESS: 16mm | | | | | | | | | | | | | | | |

CHAINAGE : 0+000 – 0+145.522

| IP No. | CO-ORDINATES(m) | | CHAINAGE |
|---|---|---|---|
| | EASTING | NORTHING | IP |
| 1 | 472184.958 | 3287655.981 | 0+000.000 |
| 2 | 472165.810 | 3287694.770 | 0+043.258 |
| 3 | 472151.560 | 3287727.606 | 0+079.052 |
| 4 | 472137.499 | 3287760.475 | 0+114.803 |

## LONGITUDINAL PROFILE OF RISER AND SURGE TANK

SCALE 1:1000




## SURGE TANK SECTION

SCALE 1:500

| | | | | |
|---|---|---|---|---|
| Darchula Power Limited | | | | |
| Madhya Chameliya Hydropower Project (28.304 MW) | | | | |
| RISER & SURGE TANK PROFILE AND SECTION | Particular | Name | Initial | Date |
| | Designed | | | |
| | Drawn | | | |
| | Checked | | | |
| SHEET 2 OF 2 | Recomm. | | | |
| | Approved | | | |
| TENDER DRAWINGS | Drawing No. | MCHPP-03-40C03 | REV. | -- |

CONSULTANT

Date: FEBRUARY,2025

PROFESSIONAL NETWORK FOR ENGINEERING SERVICES PVT. LTD.
KUPANDOLE, LALITPUR, NEPAL
PHONE NO.: +977-1-5524889
EMAIL: pnet.pvt.ltd@gmail.com
P.O.BOX : 9635, KATHMANDU, NEPAL




POWERHOUSE PLAN (EL.909.5)

SCALE 1:200

MADHYA CHAMELIYA HYDROPOWER PROJECT

Darchula District, Marma r-mun, Nepal

**Darchula Power Limited.**

Kathmandu Metropolitian, Trade Tower, Thapathali, Nepal

| Rev. | Date | Revision Description | Sign |
|---|---|---|---|

Checked by:

Approved By:

Sheet:

Date: 24-Apr-26

Title: Powerhouse Plan

Size: A3

Sheet. No:



24 Gauge Coloured CGI Sheet
924.05 Apex Level
921.9 Truss Beam Level
917.5 Crane Beam Level
Rolling Shutter
OGL
Side Drain
909.5
909.3 Side Drain Top Level
906 Footing Top Level
906 Footing Bottom Level
150mm THK. M15 PCC
300mm THK. Stuctural Backfill
899.7 Machine Centre Line
898.7 Machine Floor Level
897.3 Raft Bottom Level (Machine Floor)
894.2 Tail Pit Level
893.2 Raft Bottom Level
Compacted Backfill (98 % MDD)
Natural Earth
V1
W1
3
1
POWERHOUSE SECTION AT 3-3
SCALE 1:200
MADHYA CHAMELIYA HYDROPOWER PROJECT
Darchula District, Marma r-mun, Nepal
Darchula Power Limited.
Kathmandu Metropolitian, Trade Tower, Thapathali, Nepal
Rev.
Date
Revision Description
Sign
Checked by:
Approved By:
Sheet:
Date: 24-Apr-26
Title:
Powerhouse Section
Size: A3
Sheet. No:

THIS DOCUMENT IS THE PROPERTY OF CLEAN ENERGY CONSULTANTS (Pvt) LTD., COPYING, DUPLICATING, HAND OVER TO THIRD PARTIES EITHER IN FULL OR IN PART WITHOUT PERMISSION IS LIABLE TO CLAIMS.




HEADWORKS PLAN

SCALE- 1:500

| | | |
|---|---|---|
| MADHYA CHAMELIYA HYDROPOWER PROJECT(28.304MW)<br>Darchula District, Sudurpashchim Province, Nepal<br>**Darchula Power Limited**<br>Kathmandu, Nepal | Rev. / Date / Revision Description / Sign | Clean Energy Consultants (Pvt.) Ltd.<br>GPO Box 21363, Kathmandu, Nepal<br>Tel: +977-01-5917841<br>E-mail: cecpost@gmail.com<br>Website: www.cecnepal.com.np |
| Designed by: R.A./D.S | Drawn by: D.S./S.K.K. | Checked by: C.B.B. |
| Approved By: M.R.D. | Scale: 1:500 (-5 0 5 10 15 20m) | DRG No: |
| Sheet: 2of 10 | Date: Jun-26 | Title: HEADWORK PLAN |
| Size: A3 | Sheet. No: HW-02 | |

PLOT DATE: 11 June 2026




| MADHYA CHAMELIYA HYDROPOWER PROJECT | Rev. | Date | Revision Description | Sign |
|---|---|---|---|---|
| Darchula District, Marma r-mun, Nepal | | | | |

**Darchula Power Limited.**
Kathmandu Metropolitian, Trade Tower, Thapathali, Nepal

Checked by:
Approved By:

Sheet: 01 of 22 | Date:19-Apr-26 | Size:A3 | Sheet. No: 01

Title:
Project Cadastral Plan




| | | | |
|---|---|---|---|
| MADHYA CHAMELIYA HYDROPOWER PROJECT<br>Darchula District, Marma r-mun, Nepal | | | |
| Darchula Power Limited.<br>Kathmandu Metropolitan, Trade Tower, Thapathali, Nepal | | | |
| Rev. | Date | Revision Description | Sign |
| Checked by: | | | |
| Approved By: | | | |
| Sheet: 02 of 22 | Date:19-Apr-26 | | |
| Title: Project Cadastral Plan | | | |
| Size:A3 | Sheet. No: 02 | | |




MADHYA CHAMELIYA HYDROPOWER PROJECT

Darchula District, Marma r-mun, Nepal

**Darchula Power Limited.**

Kathmandu Metropolitan, Trade Tower, Thapathali, Nepal

| Rev. | Date | Revision Description | Sign |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

Checked by:

Approved By:

Sheet: ---- of 22 | Date:19-Apr-26

Title: Project Cadastral Plan

Size:A3 | Sheet. No: 03




MADHYA CHAMELIYA HYDROPOWER PROJECT

Darchula District, Marma r-mun, Nepal

**Darchula Power Limited.**

Kathmandu Metropolitan, Trade Tower, Thapathali, Nepal

| Rev. | Date | Revision Description | Sign |
|---|---|---|---|
| | | | |
| | | | |

Checked by:

Approved By:

Sheet: ---- of 22 Date:19-Apr-26

Title: Project Cadastral Plan

Size:A3 Sheet. No: 04




